वैदिक सिद्धान्त

र

मानव-समाज

पं० छविलाल पोखरेल

वैदिक सिद्धान्त
र
मानव-समाज

[नेपालका अनेक जात र संस्कारहरूको दोस्रो भाग]

लेखक :
पं० छविलाल पोखरेल
रुद्राक्षारण्य । धरान
सुनसरी । कोशी
नेपाल

ले मात्र गरिएको निरन्तर मार्गदर्शक अमूल्य कृति-सम्बन्धी प्रयास सफल हुने थियो, म आशावादी हूँ, कुनै कालमा त पुनः नेपाल आमाले उहाँ जस्ता समाज-चिन्तक विचारकलाई अवश्य नै जन्माउलिन् ।

यो सानू सम्मति-पत्रमा "जन्ममा जाति, र गुणकर्मभ्यां वा जातिः" अर्थात् जन्मले जाति हुन्छ अथवा अनुरूप गुणकर्मले भन्ने विकट द्विविध प्रश्नमा सृष्टिदेखि आजसम्म लाखौं वर्षतक तर्क-वितर्क र कुतर्क गर्दै आ-आफ्नू पक्षलाई प्रमाणित सिद्ध गर्न प्रखरबुद्धि अनेक लेखकहरूका पक्ष-विपक्षहरूको उल्लेख गर्दै म यहाँ शास्त्रार्थ गर्न चाहन्न त्यसो गर्दा संक्षिप्त यस सम्मतिले स्वतन्त्र ग्रन्थको रूप लिन सक्छ ।

हामीहरूले पनि प्राचीन तथा अर्वाचीन समस्त विद्याहरूको एकमात्र प्रमुख केन्द्र वाराणसी जस्तो महा नगरीमा नै निरन्तर पच्चीस वर्षसम्म अनेक शास्त्रहरूको अध्ययन, अध्यापन, मनन, चिन्तन र पर्यालोचन पनि प्रशस्त मात्रामा नगरेको छैन । शास्त्रमर्यादा विपरीत निर्णयलाई हामी कुनै स्थितिमा पनि मान्नेछैनौं, कसैले पनि द्विविधा विचारको सन्देहयुक्त दोलामा पर्नु पर्ने स्थिति छैन । हामीहरू मरेका छैनौं, यो युग हाम्रो हो ।

"उदयति दिशि यस्यां भानुमान् सैव पूर्वा
न हि तरणिरुदेति दिक्-पराधीन-वृत्तिः ।"

जस्ता आर्यसंस्कृति-माष्कर आचार्य उदयनको गर्वोक्ति हामीहरूले पनि बिर्सेका छैनौं ।

पूर्वापर पक्ष-विपक्षका विचार र गुण-दोष जान्न खोज्ने त्यसमा पनि जातिवादकै मात्र निरन्तर शङ्ख फुक्ने व्यक्तिले कान खोलेर सुने हुन्छ, पहिलो पक्ष जन्मबाट न जाति हुन्छ भन्ने अति उत्तम पक्ष हो, यो पक्ष नियम, उपनियम, आदर्श, दिनचर्या, विशुद्ध आचार विचार र व्यवहारमा निर्भर रहँदै तदनुरूप गुणकर्मले सबै युक्त भएमा मात्र सुस्थिर रहन सक्छ । तदनुसार चल्दा पछि समाजमा अनेक दोषहरू आए । अधिक के भन्ने पण्डित बाबुका निरक्षर-भट्टाचार्य, पटमूर्ख, वज्रस्वाँठ, लठुवा पनि पण्डित कहलाउन थाले । उनका --सुरापान, द्यूतक्रीडा,

बलात्कार, स्त्रैणता, अपहरण, भित्तिच्छेद, गुण्डई, लफङ्गापन, डकैती आदि विविध दुर्व्यसन र दुर्गुणहरू, पण्डितका छोरा हुनाले त्यत्तिकै लुक्न थाले। राष्ट्र-प्रमुख आधार तपस्वी विद्वान् पण्डितका छोरा नाती अथवा पनाती भएकाले पवित्रतम रक्तको प्रभावले गर्दा कुसङ्गतबाट बिग्रिए तापनि लण्ठ समाजमा उनको उत्तिकै धाक हुन थाल्यो। विद्वत्ताको क्षेत्रमा पनि हिङ नभए पनि हिङ बाँधेको टालो त हूँ, के मेरा बाबु-बराजूको नाम सुनेको छैनस्! भन्दै युवक समाजमा धाक जमाउन उसको लागि बायाँ हातको खेल हुन्छ। अरू अरू पनि जन्मना जाति मान्ने समाज र राष्ट्रका महत्त्वपूर्ण अङ्ग वीर क्षत्रियका कायर छोराहरू पनि नाममात्रले वीरबहादुर हुन थाले। समाजको महत्त्वपूर्ण यशस्वी-रीढ व्यापार-प्रवीण वैश्यहरूका गणितको 'ग' र व्यापारको आधा 'व्' सम्म पनि नजान्ने छोराहरू व्यापारी कहलाउन थाले। यसरी नै सेवा-परायण समाज-संघटक आदरार्थ भाइ शूद्रका जोइट्रिङ्गे समाज सेवा, राष्ट्रसेवा र उत्तम-गुणसम्पन्न-विशिष्ट व्यक्ति सेवा कार्यबाट पर भाग्ने पियक्कड़ छोराहरू पनि महाशूद्र नभई शूद्र नै हुन थाले। यसबाट समाज अव्यवस्थित हुन गयो। आ-आपनू काम सबै वर्ग-बाट सम्पन्न भएमा मात्र समाज र राष्ट्रहरू गतिशील हुन सक्तछन्। कुनै समयमा जन्मना जातिको त कुनै समयमा "गुणकर्मभ्यां जातिः" को प्राबल्य भएको छ। जन्मबाट जाति मान्ने पक्ष मान्दा दुर्व्यसन र दुर्गुणहरू छिप्न सक्नेहुँदा वेरैजसो कट्टरवादीहरूले यसै पक्षको गीत गाउँछन्। यस पक्षमा पनि जाति-अनुसार गुणकर्म नहुँदा जातिच्युत हुन्छ। क्रमशः तल तल झर्दै जान्छ भन्ने वस्तुस्थिति-तिर सबैले किन ध्यान नदिने? जातिच्युत गर्ने व्यवस्था त छ, तर आजको युगमा त्यो व्यवस्था अपनाएर कसले दण्ड दिने? धर्म व्यवस्था र दण्डार्ह व्यक्ति-लाई अपराध-अनुसार धिग्दण्ड, वाक्दण्ड, धनदण्ड र वधदण्ड शासकहरूद्वारा गरिने अधिकार पनि ब्राह्मणहरूकै हातमा थियो।

यस व्यवस्था-अनुसार विभिन्न राष्ट्रका शासकहरूले विद्वान्हरूको चयन गर्न छोड़े र पनि सामाजिक व्यवस्थामा अगणित त्रुटिहरू आइराखेका छन्। जन्मको जाति, जन्मको आधार मान्नु उचित हुन्न, अभियुक्तहरूको भनाइ पनि छ--

न विशेषोऽस्ति व्यक्तीनां कर्मभिर्वर्णतां गताः,

निष्कर्ष :—

हाम्रो विचार-अनुसार दुवै पक्षमा अनुरूप गुणकर्म नभै नहुनाले जातिवादमा जन्मको आधार लिनु उचित होइन। अनुरूप कर्म पनि गुणैका कोटिमा आउँदछन्।

"गुणाः पूजास्थानं गुणिषु न च लिङ्गं न च वयः"

विश्वकवि भवभूतिको यस यथार्थ भनाइ अनुसार पनि समाज हितको लागि नचलाई नहुने व्यवस्था देखी हाम्रा पूर्वज ऋषि महर्षिहरूले गुणकर्मभ्यां जातिः अर्थात् गुणकर्मद्वारा जातिको निर्माण हुन्छ भन्ने द्वितीय पक्षलाई पनि उत्तिकै मान्यता दिएका छन्। अस्तु, समाज र राष्ट्रलाई सुसंघटित बनाउँदै विश्वमानवलाई सुखी, समृद्धिशाली, निरोग, सुपुष्ट र कल्याणकारी परलोक साधन गर्न सक्षम बनाउनुको साथै परमपदको पराकाष्ठा आत्मसाक्षात्कार पर्यन्त प ॰ रतक लक्ष्य बनाउनेले जातपातको सानू परिधिमा विवाद गर्दैन। द्वितीय पक्ष-अनुसार विचार गर्दा ऋषि-महर्षिहरूको त्यो परम वैज्ञानिक वर्णव्यवस्थाले सम्पूर्ण विश्वमा नै आज कार्य गरिरहेको छ। चारै जाति नभए कुनै पनि समाज र राष्ट्र चल्न सक्तैन। प्रकृति देवीले पनि गुणकर्मानुसार नै जातिको निर्माण गर्दछिन् र समाजको हितमा उनीहरूलाई प्रेरणा दिन्छिन्। किं बहुना, अरू सबैग्रन्थ हरूलाई छोडी अन्त्यमा म श्रीमद्भगवद्गीताको सर्वविवादनाशक सर्वत्र सर्व मान्य श्लोकरत्न यहाँ—

"चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म-विभागशः।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम्॥"

यसरी दिएर यसै-अनुसार पाठकहरूलाई पनि स्वयं ठोस निर्णय गर्न अवसर दिनुका साथै संक्षिप्त सम्मतिलाई पूरा गर्दछु। इति शिवम्।

"विजयतां नेपालमाता"

सम्मति

परमात्माको सृष्टिमा मानव नै सर्वश्रेष्ठ सृष्टि हो भने उसको ज्ञान र ज्ञानतन्तु सर्वोच्च शक्ति हो। शुभ कर्म न इश्वर-पूजा हो। त्यो कर्म राष्ट्र-पूजा, समाज पूजा, साहित्य पूजा आदि भेदले अनेक प्रकारको हुन्छ तीमध्ये साहित्य, समाजको मुटु हो। मुटु नभए पछि मान्छे बाँचदैन। कुनै कारणले बाँचीहालेछ भने पनि छिट्टै सेलाउछ। ठीक यस्तै प्रकारले आपनो साहित्य. नभएको समाज पनि बाँच्न सक्दैन। त्यो समाज ज्यूँदै मरेको हुन्छ। ज्यूँदै कुहिएको हुन्छ। कुनै कारणले बाँचेको देखिएछ भने पनि चाँडै त्यसको अस्तित्व समाप्त हुन्छ। त्यसो हुँदा साहित्यको ठूलो महत्त्व छ।

तर त्यो साहित्यले व्यापक अर्थ ओगटेर हिंडेको हुन्छ। साहित्य भन्नाले काव्य र नाटक मात्र हैन। तर साहित्य भित्रतीं पनि गाभिन्छन्। संस्कृतमा साहित्य शब्दले समस्त वैदिकसाहित्य र लौकिक साहित्यलाई लिइन्छ। केवल लौकिक र वैदिक शब्द का भरमा मात्र तिनलाई छुट्याइन्छ।

न्याय, व्याकरण, ज्योतिष, तन्त्र, योग, काव्य, इतिहास, नाटक, छन्द आदि साहित्य भित्र परेका हुन्छन्। गद्यात्मक र पद्यात्मक निबन्ध दुइ प्रकारका मानिएका छन्। जस्तै लक्ष्मीनिबन्ध सङ्ग्रह आदि गद्यात्मक निबन्ध हो। शकुन्तला, सुलोचना, तरुणतपस्वी आदि पद्यात्मक निबन्ध हो। यी दुवै निबन्ध भित्र साहित्य छ। समस्त साहित्य भित्र यी दुवै अन्तर्भूत छ। गद्यात्मक पद्यात्मक र सूत्रात्मक निबन्धभित्र वर्णनात्मक, समीक्षात्मक आदि निबन्ध लेखिएको हुन्छ। गद्य पद्य र सूत्र केवल लेखने शैली मात्रै हो। यस प्रकारका निबन्ध हरूले सजिएकोलाई 'साहित्य' भनिन्छ। यसैलाई 'हितेन सहितं' आदि शब्दले व्युत्पत्ति

गर्छन्। यहाँ प्रसङ्गमा हाम्रा नेपालका प्रख्यात विद्वान् पं० छविलाल पोखरेल-जीले पनि गद्यात्मक र पद्यात्मक दुवै प्रकारका निबन्धहरूले नेपाली साहित्यलाई झकमक पारेर सिंगार्नु भएको छ पण्डित ज्यू ८० वर्षका अत्यन्त साहसी, समाज, र साहित्य सेवी हुनु हुन्छ। उदार वाद र गुणग्राहिता वहांको विशेष गुण हो। पण्डितजी का आलोचनात्मक निबन्धहरूमा 'आधुनिक दृष्टिमा वाल्मीकि रामायण अत्यन्त प्रसिद्ध छ। वेदको सोमसर, जांड रक्सीको इतिहास 'वेद देखिका धर्म मतहरू ··' 'अष्टाङ्ग योग, आदर्श व्यवहार, मुक्ताचयन, कौमुदीसार सांख्य कारिका, कुकुर ब्यायो आदि अनेक महत्वपूर्ण ग्रन्थ लेखेर पण्डितज्यूले नेपाली साहित्यको ठूलो उपकार गर्नुभएको छ। वैदिक सिद्धान्त र मानव-समाज पनि आफ्नो व्यक्तित्वलाई लिएर पाठकहरूका सामु उपस्थित हुँदै छ। मलाई अत्यन्त खुशी लागेको छ यसले समाजमा आदर पाउला भन्ने विश्वासमा कलम बिसाउछु।

डा० स्वामी प्रपन्नाचार्य
नेपाली विभाग
काशी हिन्दू विश्वविद्यालय
वाराणसी

पथिक कवि
लक्ष्मी आचार्य

मनन गरौं

वेदको आलोचना गर्ने लेखक धेरै भए, अंग्रेजीको अनुवाद, हिन्दी वा बङ्गला-को अनुवाद पढेर प्रेरित भएका लेखकहरूले संस्कृतका भाष्यहरूको अनुवाद पनि पढेका होलान्, तर संस्कृत भाषा र वेदको समयतिर श्रम नपुगेको हुनाले नै त अनुवादको शरण लिन्छन् ।

ब्राह्मणवाद, जातिवाद, मठमन्दिरका पुजारीहरूको पुजाऊवाद, छोईछिटो हाल्नुपर्ने चाल आदिले पीडित भएका र दासकरणको शिक्षा लिएर शिक्षित भएका ती लेखकले स्वत्वतिर विचारै नगरी वेदार्थलाई होच्याएका छन्, भन्नु सत्यताको विवरण हो ।

मङ्गोलिया र ग्रीकतिरबाट आएका हौं, भन्नेलाई राष्ट्रियताको के नाता ? स्वयं त भतुवा नै छ ? वेद विश्वसाहित्यमा सबैभन्दा पुराना हुन् र वैदिक सभ्यता पुरानू हो भने, के त त्यता पनि वेदपाठ गर्छन् ? यो भूमिमा भतुवाहरूले बोकेर ल्याएको वेदलाई कृष्णद्वैपायन व्यासज्यूले 'वेदाः' बनाए ?

यस्ता अन्धाको अन्धशिक्षाले प्रेरित अन्धकारलाई वयोवृद्ध विद्वान् पं० छविलाल पोखरेलज्यूले प्रष्टयाउने प्रण गरेर लेख्नुभएको यो पुस्तक सबैले पठनीय छ, पढ़ौं, हेरौं, बुझौं, मनन गरौं ।

●

लेखकको परिचय र

अन्य उपयोगी पुस्तकहरू

युवावस्था बाटै सामाजिक संघर्ष र शिक्षा एवं साहित्यमा प्रबल रुचि लिदै आज ८० वर्ष उँभोको आयुमा पनि नैतिक युवक जस्तै सामाजिक संघर्ष र शिक्षा-साहित्यमा पूर्वाञ्चलको गौरव बढाउने पं० छविलाल पोखरेलज्यूको जन्म वि० सं० १९६१ साल। धनकुटा, कचिडेमा भएको हो।

व्याकरणाचार्य र वेद एवं धर्मशास्त्रमा शास्त्री परीक्षा उत्तीर्ण भएपछि धनकुटा र धरानमा विभिन्न शिक्षण संस्थान, पुस्तकालय आदिको स्थापना-साथै साहित्य र समाजको सेवा गर्दै आउनुभएका पं० ज्यू तात्कालिक पिण्डेश्वर संस्कृत महा-विद्यालयका संस्थापक र प्रधान आचार्य पनि हुनुहुन्थ्यो, हालमा उही महा-विद्यालय जो पिण्डेश्वर सं० विद्यापीठमा परिणत भएको छ, उसैमा अवकाश पछि पनि विशिष्ट विद्वान्को रूपमा सेवारत हुनुहुन्छ। पत्र-पत्रिकामा सामाजिक तथा धार्मिक लेख कविता आदि अनवरत प्रकाशित भैरहेका छन् तापनि पं० ज्यूले लेखेर प्रकाशित गरेका पुस्तकहरू अति उपयोगी एवं पठनीय तथा संग्रहणीय छन्। डा० स्वा० प्रपन्नाचार्यज्यूको आफ्नू संमतिमा पं० ज्यूका पुस्तकहरूको उल्लेख भएको छ।

नेपाली नैतिक समाज पं० ज्यूको स्वास्थ्यप्रति 'भूयश्च शरदः शतात्' भन्ने वेद मन्त्र चरितार्थ होस् भन्दै वेदपुरुषसँग प्रार्थना गर्दछ।

लक्ष्मी आचार्य

समर्पण

प्रतिभा !

तिम्रो प्रकाशले प्रकाशित विश्वका अनन्त प्रकाशमान्
वस्तुहरूमा प्राचीनभन्दा पनि प्राचीनतम,
नवीनहरूमा पनि नवीनतम यो
प्रकाशन पनि तिम्रै प्रतिभाले
प्रकाशमान्मा नै
समर्पण छ ।

समर्पक
छविलाल पोखरेल

छविलाल पोखरेल
धरान—१२
२०४१।१।२५ वि०

भूमिका

प्रथम भागमा 'वेददेखिका धर्म र मतहरू' 'नेपालका अनेक जात र संस्कार-हरू' भन्ने नाम-अनुसार अति संक्षेपमा मात्र 'संस्कार' भन्ने प्रकरणमा र अन्त्यमा धर्मका बारेमा थोरै लेखिएथ्यो। 'नेपालका अनेक जात र संस्कार' भन्ने विषयमा चाहिं २०३९।११।२९ गते फागुनैमा कुनै किरात सज्जनले छोराहरूको व्रतबन्ध गरिमाँगनुभएकोले त्यसनिम्ति सो फागुन २९ गतेमित्र नै पुस्तक छपाई सबै प्रमाण देखाउनुपरेकोले हड़बड़ गर्दै पुस्तक छपाई व्रतबन्धका दिन पुस्तक देखाउन पाइएथ्यो।

धर्मका बारेमा आलोचना प्रत्यालोचना गर्दै आधुनिक युगमा, वैदिक युगमा र मध्यकालमा समेत कस्तो कस्तो व्याख्या गर्दै कस्तो कस्तो व्यवस्था गरेछन् भन्ने बारेमा वेदोपनिषद् समय लेखियो। वास्तवमा ता स्मृतिहरूको समेत श्रद्धा-पूर्वक आलोचना हुनुपर्ने हो, तर समयाभावले त्यो अंश पार्न सकिएन। वेदको पठन-पाठन पदक्रम घन-जटा आदि समेत पनि अहिलेसम्म ठाउँ-ठाउँमा चालू हुँदा मिसाउन बदल्न थप्न नसकिनेछ र उस बेलादेखि अहिलेसम्म जस्ताको तस्तै छ, तापनि वेदमन्त्रहरूको व्याख्याचाहिं आफ्नू खुशीले पूर्वाग्रहग्रस्त भएर नै धेरैजसोले गरेकोले सबै लेखेर साध्य नभए पनि उदाहरणका लागि एक दुइ मन्त्र देखाइयो। वास्तवमा ता उहाँहरूभन्दा यो लेखक धेरै जान्ने भएर होइन किन्तु एउटै व्याख्या हेरेर सन्तुष्ट नभै धेरैको धेरै थरी व्याख्या हेरी निरुक्त,व्या-

करण, कोश हेरी सत्य कुराको अन्वेषण चालू राखियोस् भनेर जगद्गुरु शङ्कराचार्यज्यूको र आधुनिक अति ठूला विद्वान् करपात्री स्वामीजीका व्याख्याको पनि आलोचना गरियो ।

त्यस्तै संप्रदाय-प्रेमीहरूले हनुमान्को मन्त्र वेदमा नभए पनि वैदिक देवता हुन् भन्ने गराउन मन्त्रको अर्थ हनुमानपरक गरेको छ । राम र कृष्ण शब्द वेदमा भए पनि अरू नै अर्थमा छन्, तर तत्तत् संप्रदायीहरूले भगवान् राम र कृष्णको स्तुति गरेको हो भन्ने अर्थ कैयौं मन्त्रको गरेको छ । उहाँहरूको विद्वत्तालाई धन्यवाद दिदै आलोचना गरिएको छ ।

अब तेस्रो भाग पनि आधासरो तयार भइसक्यो । बाँकी पनि स्वास्थ्य र आयुले साथ दिएछ भने प्रकाशमा ल्याइनेछ ।

धर्मको व्याख्या गर्दा हाम्रा साथमा सम्बन्धित सम्प्रदायहरूका साथैमा चिनारी हुनु अति आवश्यक छ । ती सम्प्रदायबाट हामीलाई लाभ-हानि कति हुन्छ त्यो बुझेर व्यवहार हुनुपर्दछ । अर्को कुरा, अहिले नयाँ नयाँ भगवान् भारतमा छन् र उनको पनि प्रभाव नेपालमा पर्दै छ । तिनले उल्टा बाटोमा लाउँछन् अथवा सुल्टा बाटोमा लगाई लाभ पुऱ्याउँदै छन् त्यो समेत तेस्रो भागमा देखाइनेछ । केही उद्बोधक वेद मन्त्रहरूको पाठ पनि गरून् भनेर अर्थसहित लेखियो । मैले लेखेकोलाई साफी गर्ने काम स्नातक परीक्षा-उत्तीर्ण छात्र, हाल शिक्षक श्रीनिवास कट्टेलले र पिण्डेश्वर विद्यापीठका सहायक प्राध्यापक तोयराज कोइरालाले गरेको हुँदा हार्दिक धन्यवाद छ ।

विषय-सूची

१. धर्मबारेका विचारहरू १
२. धर्म र अचेलका नामी विद्वान् ३
३. हिन्दू धर्म ७
४. धर्ममा विधि-निषेध ८
५. विधि र निषेधमा तर्क ९
६. भक्ष्याऽभक्ष्य १०
७. मद्य र सोमरस ११
८. सोमरस १३
९. लसुन आदि र मासु १४
१०. जीविका (पेशा) बारेको विधि-निषेध १५
११. खाने-बारेमा मिशन १६
१२. जनकल्याण नै धर्म हो १७
१३. मनुष्य-ऋण १९
१४. पञ्च-महायज्ञ १९
१५. पुराणहरूमा पनि जनसेवा धर्म २४
१६. बौद्ध-धर्म र सेवा २६
१७: पति पत्नीको मुख्य धर्म २८
१८. वेद, उपनिषद् र समय २९
१९. वेद-समयमा भ्रम निवारण ३२
२०. वेद-समय ३४
२१. अति परम्परावादी विद्वान् र सदालोचकहरू ३७
२२. अथर्व वेद ४३
२३. उपनिषद् र समय ५६
२४. कपिल : बुद्धभन्दा धेरै पुराना ५७
२५. वेदाऽधिकार ६१
२६. कर्मबाटै ब्राह्मणादि जात बने ५५
२७. वेदमन्त्रहरूका विभिन्न व्याख्यामा सावधान ६८
२८. वेदको अर्थबारे संक्षेप ६९
२९. रुद्ररूप र शिवरूप ७०

३०. विभिन्न पाश्चात्य विद्वान्‌बाट वेद-प्रशंसा
३१. जगन्मिथ्या-वाद ८५
३२. वेदबारेका फुटकर कुराहरू ८६
३३. आलोचना लेखकहरू ८७
३४. अनुरोध ८९
३५. रूढि-बूढी अन्धविश्वास ९१
३६. रूढि-बूढी ९३
३७. वर्णाश्रम के हो ? ९४
३८. आश्रमहरू ९५
३९. ब्रह्मचर्य ९६
४०. गृहस्थाश्रम ९६
४१. वानप्रस्थाश्रम ९७
४२. तपबारेमा समीक्षा ९८
४३. उग्र तप ता राजनीति हो कि ? १००
४४. केही प्रेरणादायक मन्त्रहरूको संग्रह १०३
४५. आर्यहरू बाहिरबाट आएका हुन् भन्ने बारेमा र आर्य शब्दको अर्थ १०४
४६. ईश्वर बताइन्छ १०६
४७. वेदको गायत्री मन्त्र १०८
४८. नैतिक कर्तव्य ११४
४९. भाग्य ११५
५०. भाग्य-विषयको उत्तर ११७
५१. भिक्षा ११७
५२. वेद र जनसंख्या १२२
५३. पाश्चात्यको अणुबम शिश्नदेवाः १२३
५४. वेदको विभिन्न व्याख्या-बारेमा १२७
५५. मानव-समाज १२८
५६. अनेकतामा एकता १३०

१. धर्मबारेका विचारहरू

धर्म शब्दको अर्थ प्राचीन कालदेखि अनेक प्रकारको गरे, अझै गर्दै छन्। वेदमा धर्म शब्द र धर्मन् शब्द छन्। धृ=धारणे धातुबाट बनेको हुँदा खानु; लाउनु र हत्यारा आदिबाट रक्षित हुँदै पालना हुनु धर्म हो इत्यादि अर्थ लेखियो। भागवत (१।१८।५४) मा र वाराणसेय विश्वनाथ-मन्दिरको ढोकाको र दुर्गा-मन्दिरको ढोकाको शिलापत्रमा आर्य[1] धर्म लेखिएको छ। आर्य शब्दको सभ्य, सज्जन, श्रेष्ठ इत्यादि अर्थ हुनाले सभ्य मानिसहरूको धर्म अथवा श्रेष्ठ धर्म भन्ने अर्थ भयो। अर्थात् हिंसा आदि नगरिने आफ्नू जीविकाको र जनकल्याणका साथै जीव-जन्तु रूख-वृक्ष आदिको समेत यथायोग्य संरक्षण संबर्धन गर्नु समेत अर्थ हुन्छ। आर्य र अनार्यको अर्थ, भाग १मा लेखिएको छ।

अर्को राजसिक धर्म पनि सरकारी तहमा चलेको थियो, अझै छ। जसलाई राजधर्म पनि भनिन्थ्यो। आफ्ना प्रजाको रक्षाका निम्ति समेत चोर, डाका, हत्यारा र शत्रुबाट रक्षा गर्न युद्ध गर्नुपर्ने हुँदा पशु-हिंसा गरिने यज्ञहरू गरिन्थे, त्यसलाई राजधर्म भनिन्थ्यो। राजसूय र अश्वमेध यज्ञ राजाले मात्र गर्न हुन्थ्यो।

त्यो बाहेक आफ्ना कामना पूरा गर्न भाकल गर्दै रक्सी, बोका, सुँगुर, कुखुरा, हाँस, परेवा, राँगा आदि पशुहरूलाई काट्नु, अझ काठमाडौंमा ता जिउँदो राँगो चौखु-याई घाँटीको नसा काटी रगतको सिर्को देवमूर्तिको मुखमा पर्ने गरी बलि दिने काम निर्दयतापूर्वक गरेको देखिन्थ्यो। पुरानो समयमा बृटेनका मान्छे धार्मिक काम गर्दा छाला ओढेर देवतालाई खुशी

---

१. आर्यधर्मेतराणां प्रवेशो निषिद्धः। (विश्वनाथ मन्दिरका ढोकाको शिलापत्र। आर्यधर्मी-बाहेकले पस्नु हुँदैन।

गराउन जिउँदो मान्छे आगामा हालिदिन्थे । ('हिन्दुओं का जीवन दर्शन' ले
भारतका राष्ट्रपति राधाकृष्णन् ।)

५ हजार वर्ष-अघि हाम्रा कैयौं क्षत्रिय राजाहरू स्वेच्छाचारी पनि थि
जस्तै जरासन्ध राजाले युद्धमा जितेका २० हजार मानिसहरूलाई रुद्रयाग
मार्ने निश्चय गरेको खबर पाएर भगवान् कृष्णजी गएर 'मनुष्यबलि कुनै शास्त्र
मा पनि नबताएकोले ती बीसै हजारलाई छोडिदेऊ, नभए तिमीलाई माथि
भन्दा जरासन्धले देवताका निम्ति तयार पारेका यिनलाई छोड्दिनें । युद्ध
जितेर ल्याएका मानिसलाई आफ्ना खुशीले जे गर्ने पनि पाइन्छ भन्यो र भीमसे
द्वारा मारियो । इस्लामका आक्रामक तैमूर लङ्ग र शासक फिरोज तुगल
औरंगजेब आदिले जितेपछि लूटपाटका साथै कत्लेआमको उर्दी दिन्थे र निर
राध मनुष्य-समूह मारिन्थे । मन्दिर, पाठशाला, पुस्तकालय समाप्त गर्
ईसाई संप्रदायमा पनि सन् १६ सयसम्म कैथलिक र प्रोटेस्टेण्टमा नै काटाक
चल्थ्यो भने अरूलाई किन छोड्थे । वास्तवमा ती पशुबलि र धर्मका नाम
गरिएका मनुष्य-हत्या अधर्म हुन् । अज्ञानले बुद्धि बिग्रिएर वा अपठित धर्म
अधर्मलाई धर्म भनेका हुन्[२] । आर्यधर्म वा हिन्दू धर्ममा अहिंसाको मुख्य स्थ
छ । तर ती क्रूर शासकहरू निरपराध व्यक्तिलाई बोक्सी वा बोक्सो भ
दुःख दिन्थे ।

---

२. अधर्मं धर्ममिति या मन्यन्ते तमसावृताः । सर्वार्थान्विपरीतांश्च बुद्धिः
पार्थ तामसी ॥ (गीता अ० १८, श्लो० ३२) तमोगुणले बुद्धिलाई ढाकि
हुँदा अधर्मलाई नै धर्म मान्ने, सबै कुरालाई उल्टा देख्ने बुद्धि
तमोगुणी हो ।

२. धर्म र अचेलका नामी विद्वान्

जवाहरलाल नेहरूजीले 'हिन्दुस्तान की कहानी (युगों का दौर)' मा हिन्दुस्तानमा धर्म हठवादी मतको छैन, त्यसैले मानवहरूको व्यवहार उन्नत बनाउने चालू सिद्धान्त प्रकट गर्दछ। जसबाट मानसिक शक्ति बढेर सबका साथै उन्नति हुँदै जाओस्। महात्मा गान्धीले 'अहिंसात्मक उपायबाट सत्यको खोज गर्नु नै धर्म हो'। भन्नुभयो हिन्दुस्तान में पुराना व्यापक शब्द आर्यधर्म था। धर्म शब्द का अर्थ मजहब रिलिजन से ज्यादा विस्तृत है। कम्युनिष्ट नेता श्रीपाद अमृत डांगेले 'धर्म क्या है ? उसकी रहन सहन का ढंग उसकी सत्ता का नियम है। (धृ=धारयति इति धर्म) भने। हाम्रो धर्मलाई हिन्दूधर्म पनि भनिन्छ।

प्रसिद्ध विद्वान् राहुलज्यूले 'मानव समाज' भन्ने पुस्तकमा "धारणाद्धर्मम्" मात्र लेखी धारणको थाम्नु (रोक्नु) अर्थ गरेर 'प्रगतिशील मानव समाज को रोकना, प्रगति होने नहीं देना, भन्ने अर्थ गरेको अति असत्य हो। वास्तवमा त्ता, 'धारणाद्धर्मम्' मा चार श्लोकबाट महाभारतमा 'यः प्रभवसंयुक्तः स धर्मः' बताएकोले प्रभव-उन्नति प्रगति हुनु नै धर्म हो, प्रगति नहुनु ता अधर्म नै भैगयो।

वैदिक धर्मका दुई पक्ष—सद्व्यवहार र उपासना भाग १ मा लेखियो। संपूर्ण पृथिवीभरका मनुष्यहरूका साथ मैत्री[1]-भावनाले सद्व्यवहार गर्नु र अरू संपूर्ण जीवहरूका साथमा समेत मैत्री भावना-सहित सर्वात्म[2]-भावना

---

१. दृते दृह मा मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम्। मित्रक्षाहं चक्षुषा सर्वाणि भूतानि समीक्षे मित्रस्य चक्षुषा समीक्षामहे। (यजु० ३८। ८ ....) सबैमा मैत्री भावना राख्नू।

२. ईशावास्यमिदं सर्वं यत्किंच जगत्यां जगत् (यजु० ४०।१) यस्तु सर्वाणि भूतनि ह्यात्मन्येवानुपश्यति। सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते (४०।६) सबै प्राणीमा ईश्वर व्याप्त छन् र सर्वात्मभावना राख्नू।

राखी अहिंसाद्वारा यथायोग्य सद्व्यवहार गर्नु यो पहिलो मुख्य पक्ष हो यसैमा दुर्गुण,[3] दुष्कर्म त्यागी सत्कर्मद्वारा[4] जीविका गर्दै सय वर्ष बाँ इच्छा गर्नू भन्दछ ।

यसैमा शंका--मनुष्य नै पनि सद्व्यवहार गर्ने सज्जन-उपर पनि चोरी डकैती, हत्या गर्ने हुन्छन्, त्यस्तालाई उचित दण्ड गर्नेपर्ने हुँदा उचित दण्ड चालू नै छन् भने अरू जीवजन्तुहरू ता स्वभावैले शत्रु पक्षमा गनिने, मनुष्य पाल्तू पशुसमेतलाई दुःख दिने, मास्ने उडुस, उपियाँ, लामखुट्टे, जुका, नाम्ले किर्ना, कुकुर-झींगा, र पुस्तक-पात्रा, बाली-बिरुवा, अन्न-बीउ मास्ने, कीरा धमिरा, मूसा, चरा आदिलाई नहटाई नघटाई नमासी मनुष्य-समाज नै बच्न सक्तैन, के गर्ने ?

यसको उत्तर—उक्त मनुष्य-लगायत जीव जन्तुका साथ सर्वात्मभावना मैत्री भावना राखी सद्व्यवहार गर्नू भन्ने वैदिक मुख्य धर्म भएर नै होला, जैनी मुनिहरू सूक्ष्म हिंसा पनि मानेर सो रोक्न मुखमा पट्टी समेत बाँधेर अणुव्रत गर्दछन् तर त्यस्तो सूक्ष्म हिंसा रोक्ने आदर्श काम गर्ने मुनिहरू भारत र नेपालमा ह सात सयसम्म हुनन् । उनबाट नैतिक व्यवहार गर्न जनतालाई बल मिल्न संभ छ । तर वेद-मन्त्रले उक्त सद्व्यवहार बताए पनि मनुष्य समाजलाई उन्न बलियो अवस्थामा राख्नलाई वेद-मन्त्रले नै पृथिवीभरका मनुष्यलगायत जीवजन्तु हरू शत्रु मित्र र उदासीन समेत तीन थरी हुन्छन्, चिनेर यथायोग्य व्यवहार गर्न भन्दछ । त्यसैले अति हानिकारक मनुष्यलाई मैत्री भावना राखी दया गरे पनि उदासीन, साधारण र सज्जन मनुष्यहरूको, पशुपक्षीहरूको, रूख वृक्षहरू समेत संरक्षण, संवर्धनका लागि यथायोग्य दण्ड सजाय थुन-छेक गर्न आवश्य

---

३. अक्षैर्मादीव्य कृषिमित्कृषस्व (ऋक्० १०।३४।१४) जूवा, पासा आदि खेल, खेती गर, यो ईश्वरको आदेश हो ।

४. कुर्वन्नेवेह कर्माणि जिजीविषे शतं समाः (यजु० ४०।२) सत्कर्म गर्दै गर्दै सय वर्ष बाँच्न इच्छा गर ।

कै छ । तर उचित खान लाउन नदिनु र अङ्गभङ्ग गर्नु आदि अमानुषिक क्रूर दण्डचाहिं क्रूर शासकहरूले गरे । हिटलर[५] स्तालिन[६] र इदी अमीनको[७]

५. हिटलर ब्राह्ममुहूर्तमा उठ्ने, मद्य मांस नखाने, ब्रह्मचारी हुँदा निजको व्यक्तिगत चरित्र उत्तम थियो अरे, तर पृथिवी नै कब्जा गर्न खोज्नु विजितका साथ नराम्रो व्यवहार गर्नु र विशेष गरी यहूदी जातेलाई मास्ने, कष्ट दिने; गैस चेम्बरमा हाली मार्ने, अनेक अमानवीय अत्याचार गरे । दिनको १३ हजारका दरले १३ महीनासम्म मारिए । ती मानिसलाई नुहाउन साबुन र तौलिया दिन्थे । स्त्री पुरुष दुवैको कपाल खौरेर चेम्बरको ढोकासम्म पुगेपछि साबुन र तौलिया खोसेर कडा आदेश दिई भित्र पसाउँथे । फलामे ढोका बन्द गर्नाका साथै गैस छोडिदिन्थे । पहिले कैयौं घण्टा लाग्दथ्यो, पछि कड़ा गैस छोड्न लागेपछि पांच मिनेटमै छटपट गरी मर्न थाले ।

६. रूसको अधिनायक स्तालिनले १० वर्ष र त्योभन्दा बेसी थुन्नुपर्नेलाई साइबेरियाको गुलाग भन्ने ठाउँमा थुन्दथ्यो । अति थोरै खान दिन्थ्यो । त्यहाँ थुनिएका १ । २ मात्र फिर्दथे । धेरैजसो बहुलाउँथे वा मर्दथे । त्यसै जेलबाट फिरेका सोल्जे, नित्सिन र स्तालिनकै छोरी स्वेतलाना आदिले रूसबाट बाहिर आएपछि लेखे र अरूलाई थाहा भयो । भारत र नेपालका कम्युनिष्टले चाहिं त्यस वेला पनि रूसलाई किसान र मजदूरको स्वर्ग भन्दथे । वैदिक सिद्धान्त उत्तम भए पनि शासन गर्ने मान्छे अधम हुँदाहुँदि अति अन्याय गर्ने भएको कंस, जरासन्ध आदि असंख्य राजाको कथाबाट स्पष्ट छ ।

७. इदी अमीनले ९ वर्ष शासन गर्दा विरोधीहरूलाई वा उसले इच्छा गरेकालाई जथाभावी थुन्ने, खान समेत नदिने गर्थ्यो । तान्जानियाका शासक नेरेरेले अमीनको अत्याचार सहन नसकी सेना बढाएर राजधानीमा पस्ता अमीन भाग्यो । जेलमा हेंर्दा १८ जनामध्ये १५ जना सड्दै थिए । ३ जना सास फेर्दै थिए र खान मिल्दैन भने ।

पनि सुनियो । इस्लामिक[८] दण्ड पनि अझैं त्यस्तै सुनिदैं छ । वैदिक सिद्धान्तको मैत्री र सर्वात्ममावनाबाट चाहिं त्यस्ता चोर, हत्यारालाई चिनेर[९] दोष प्रमाणित भएर पनि दण्ड गर्दा भरसक सुध्रेर सज्जन बनोस् भन्ने उद्देश्यले दण्ड गरिन्छ । हानिकारक जीवजन्तुहरूले गरेको हानि नोक्सानी सहेर वस्तु आलस्य वा अज्ञान हो ।

जीविकाका निम्ति काम गर्दै शत्रु-पक्षका मनुष्य जीव-जन्तुका साथ लड्दै भिड्दै उदासीन र मित्र-पक्षका मनुष्य र जीवजन्तुका साथ सर्वात्म-भावना र मैत्री भावना राखी यथायोग्य सद्व्यवहार गर्नु प्रथम श्रेणीको वैदिक धर्म हो । जीविकाका निम्ति काम गर्नु र सद्व्यवहार गर्नु नै धर्म हो । उपासनापक्षचाहिं अलग-अलग हुन सक्तछन् ।

यस धर्मका साथ कुनै संप्रदायको र धर्मलाई अफीम भन्ने अनीश्वरवादी मार्क्सवादीहरूको समेत विरोध छैन । यो धर्म पृथिवीभरकै मनुष्यहरूले मान्नैपर्दछ । आर्य धर्म वा हिन्दू धर्म भनेको पनि यही हो । कसैले जप-पाठ, पूजा-व्रत गर्छ, तर असत् व्यवहार गर्छ भने ढोंगी ठहर्छ । जीविका गर्ने कुनै उपायै छैन भने त्यस्ताले सबै समय पेट-पूजामै लाउनुपर्छ । देवपूजा, तीर्थ-व्रत गर्ने समयै पाउँदैन, त्यसै हुँदा वेदले भन्छ कि जूवा, पासा आदि खेलबाड नगर, खेती नै गर (यहाँ खेती भने पनि जीविकाका निम्ति गर्ने कुनै काम गर, भनेको हो) त्यसो गर्दा गाईगोठ, स्त्री-समेत मिल्ने र पालिनेछन् । यही

---

८. ऐले इस्लामिक शासन भएको सूडानमा चोरका दुवै हात काटे (नयाँ सन्देश २०४० माघ ६ गते शुकवार पृ० ८) । सउदी अरबियामा रमजान महीनामा दिनमा नखाई व्रत बस्नुपर्नेमा खाने २सय मानिसलाई ४०।४० कोर्रा हाने (नयाँ सन्देश ०४०।३।३१ पृ० ८, लहर ४)

९. विजानी ह्यर्यान् ये च दस्यवो बर्हिष्मते शासदव्रतान् (ऋक्० १।५१।८) (आर्य) सज्जन उत्तम मान्छे को हो ? अनियमित काम गर्ने दस्यु लुटाहा हत्यारा डाकाहरूलाई चिनेर मात्र दण्ड गर्नू ।

परमेश्वरको आज्ञा हो । (ऋक्० १०।३४।१४) त्यसैले मनु[१०] (११।२३५) मा आ-आफ्नू कामबाट जीविका गर्नु नै तपस्या हो भनेको छ ।

●

३. हिन्दू धर्म

त्यसै हुँदा ईसाई र मुसल्मानबाहेक भारत र नेपालका सबै मनुष्य हिन्दू हुन् । मन्दिर, तीर्थ, जपपाठ गरून् अथवा नगरून् कैयौं समूह बर-पीपल, तुलसी, खोला, कुलो, इनार आदिमा पूजा गर्दछन्, किनकि ईश्वर सबैतिर छन् । उडीसामा एक खाँबामा पूजा गर्थे । ब्राह्मणहरूले पनि स्तम्भेश्वरी देवी नाम-बाट पूजे । नेपाल धनकुटा नगर पश्चिम छिन्ताङ गाउँको नगीचमा सानू जंगलभित्र पानी उम्रिएको छ । त्यहाँ राई पूजारीले सधैं पूजा गर्छ । ब्राह्मण, क्षत्रिय, नेवार आदिले दुर्गा सप्तशती पाठ गर्छन् । छिन्ताङ देवी भन्दछन् । त्यसै हुँदा हाम्रो धर्म यसै गर्नू भनी हठ गर्दैन, जति गरे पनि फुर्सद छ ।

तर इस्लामी राज्य सउदी अरबियामा रमजानमा दिनमा नखाई व्रत बसेर रातमा मात्र खानुपर्नेमा दिनैमा खाएको फेला पारेका २०० मानिसलाई ४०।४० कोर्राले हिर्काए (नयाँ सन्देश, २०४०।३।३१, पृष्ठ ८, लहर-४)

माथि सबैका साथ सद्व्यवहार गर्दै जीविका चलाउनु नै वेद र मनुले समेत भनेको लेखियो । अचेल पाँच कक्षासम्म अनिवार्य शिक्षा मिलेर सर्वत्र शिक्षा प्रचार भएका समयमा सबैलाई धर्मको बारेमा जानकारी दिनु आवश्यक देखिन्छ ।

●

१.० ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम् । वैश्यस्य तु तपो वार्ता, तपः शूद्रस्य सेवनम् ॥ मनु० ११।२३५ ।)

४. धर्ममा विधि-निषेध

लाभका निम्ति गर्नुपर्ने आवश्यक कामहरू विधिमा पर्दछन्। जस्तै—सबै काम भ्याउने र स्वास्थ्य निम्ति पनि रोग नभएमा भरसक सूर्योदय भन्दा पहिले नै उठ्नु, दाँत माझ्नु, शौच-स्नान-सन्ध्या-जप-पाठ आदिदेखि लिएर जीविकाका निम्ति गरिने गोठ, खेती को काम, ज्ञानप्राप्त गर्न पठन-पाठन, सत्-शास्त्र पढ्नु—पढाउनु, सुन्नु-सुनाउनु; असल पत्र-पत्रिका पढ्नु, रेडियो बाट समाचार मात्र सुन्नु आदि काम; शरीर स्वास्थ्यका निम्ति खेलिने कबड्डी भकुण्डो आदि शारीरिक श्रम हुने खेल र घास काट्नु, खनजोत र जीविकाका निम्ति गरिने पशुपालन आदि काम र अनेक योगासन प्राणायाम आदि समाज र अरू पशु-पक्षी रूख वृक्ष आदिको हित र रक्षाको निम्ति गरिने कामहरू विधिमा पर्दछन्। जङ्याहा, चोर, डाका, हत्यारा, व्यभिचारी-बाट रक्षा गर्न, लड्न भिड्न अगि सर्नु पनि विधिमा पर्दछन्। स्वास्थ्यमा, परिवारमा, समाजमा, पशु-पक्षी, रूख-वृक्ष आदिमा हानि गर्ने सबै काम र समयलाई, धनलाई हानि गर्ने, बसेर खेलिने तास जूवा मद्यपान आदि कामहरू समेत निषेधमा गनिन्छन् र ती काम गर्दा पाप लाग्छ; जस्तै—सडेको गलेको गनाइसकेको खानपानले स्वास्थ्य बिगार्छन्। मद्यपानले कैयौं घण्टा समय नष्ट गर्छ, बुद्धि धन स्वास्थ्यलाई बिगार्छ। त्यति मात्रै होइन, कूट-पीट हत्या बस मोटर रेलदुर्घटना र त्यस्ता प्रशासकको आदेशबाट अनेक अनर्थ स्पष्टै छन्। तास-पच्चीस-कौड़ा क्यारमबोट आदि बसेर खेलिने खेल पैसा राखेर खेल्दा जूवा हो र धन समय बिगार्छ। पैसा नराखी खेल्दा समय बिगार्छ। समयले नै सबै काम गरिने हुँदा समय नष्ट हुनु नै ज्यादै ठूलो हानि हो। ती खेलत काम गर्नै नसक्ने बूढ़ा र पल्थ्ये रोगीका निम्ति समय काट्नेमा काम दिन्छन्। शारीरिक श्रम गराउने कबड्डी भकुण्डो कुश्ती आदि अनेक खेल-बाट स्वास्थ्य र कार्यशक्ति बढ्दछ। त्यस्ता खेल अतिआवश्यक छन्। ती विधि र निषेध-बारेमा संप्रदाय प्रकरणमा विस्तारले बताइन्छ।

५. विधि र निषेधमा तर्क

लाभ हुने काम गर्नका निम्ति विधि र हानि गर्ने व्यवहार त्याग्न निषेध गरिएका छन् भनियो । तर कैयौं कुरा लाभ-हानि प्रत्यक्ष्य थाहा नपाइने विधि निषेध पनि छन् । त्यस्ता विधि-निषेध पनि हामीले कुनै लाभ वा हानि अवश्य नै होला भनेर मान्दै रहनुपर्दछ । कुनैमा सूक्ष्मदृष्टि भएकाले मात्र थाहा पाइने लाभ-हानि हुन सक्तछन् । त्यसो हुँदा टुपी राख्नु, जनै लाउनु, विधि-सहित सन्ध्या गर्नु आदि काम छोड्नु हुँदैन । समय कम भएमा, रेल-मोटरमा यात्रा गर्दा पनि कममा पनि दशपल्ट मन्त्र जप गर्नैपर्दछ । त्यो-बाहेक व्रतबन्ध गर्दा मृगछाला, क्षौर गर्दा दुंसीको काँडा, अन्त्येष्टिमा वृषोत्सर्ग इत्यादिको विधि शास्त्रले बताए पनि अचेल मृग अत्यन्तै कम भएको र सरकारबाट वन्यजन्तु संरक्षणको अभियान चलाएको अवस्थामा मृग मार्नु पाप लाग्ने हुँदा मृगछाला नचलाई ऊनको वा सूतको पहेंलो कपड़ा वटुलाई ओढाइदिनुपर्दछ । छाला छोड्नु समयले उचित छ । दुंसीको काँडाको बदलामा केश फर्काउने वस्तु लगाउनुपर्दछ । वृषोत्सर्गको ठूलो महिमा बताए पनि त्यस्ता साँढेबाट गाई गाभिन गर्ने काम हुने हुँदा जनताले पनि संरक्षण गर्ने संभव छ, तर लुते बाछा साँढे छोड़ेर बिजोक गराउनु उचित देखिदैन । अदृष्टका निम्ति वृषोत्सर्ग बताए पनि त्यसको सदुपयोग दुरुपयोगतर्फ पनि ध्यान दिएर काम गर्नुपर्दछ । देवताको पूजामा चमर हम्कन बताएको छ, तर ज्यादा माँग बढ़ेर जिउँदै गाईको पुच्छर पनि काटेर ल्याउन संभव हुनाले निर्दयता देखिने हुँदा अरू नै सामग्री जति जुट्तछ त्यतिबाटै काम चलाउनुपर्दछ । त्यस्तै पितृ-कार्यमा खगौतो पनि गैंड़ाको खाग वा छाला चलाउने गरेकोले त्यसलाई मार्नु हाल निषिद्ध मानेको हुँदा त्यसको खोजी गरिरहनु उचित देखिदैन ।

●

६. भक्ष्याऽभक्ष्य

कसले छोएको खाने ? कसले छोएको नखाने ? भन्ने एक र के खानु ? नखानु ? भन्ने दुइ प्रकारबाट बताएकोमा उस वेला सामाजिक व्यवस्था तोड़ी काम गर्नेलाई अछूत मानेकोले त्यसले छोएको वस्तु अभक्ष्य छेंदै थियो, त सामाजिक व्यवस्था तोड़ेको बाहेकका पनि धेरै मनुष्य-समूह नै अस्पृश्य मानेर कुरा भारतको जनगणनाबाट[1] थाहा भएको हुँदा अचेल यातायातको सुविस्ता बाट ती मानिसका साथ सम्पर्क हुँदा जुनसुकै जात पनि सत्संगत, संस्कार पठन-पाठनबाट सज्जन र डाक्टर, इन्जीनियर, वेदपाठी-समेत हुन सक देखिएको र वेदले कुनै मनुष्य जातलाई पनि अस्पृश्य नबताएकोले समे नेपालमा ऐनबाट र हिन्दू संमेलनबाट समेत अस्पृश्यता हटाइयो। शूद्रक हातको भोजन गर्नु हुँदैन भन्ने कुरा वेदमा र जन्मबाटै जात मान्ने मनुम पनि देखिदैन। अझ मनुस्मृति व्यावहारिक[2] हुनाले भनेको छ कि "अघि खेत जोत्ने कुलपरंपराको मित्र, गोठालो, दास, आफ्ना शरणमा आउने र नास समेतको भोजन चल्दछ।" अझ पुरानू समयमा ता ब्राह्मण आदिको भोज पकाउने भान्सेको काम पनि शूद्रले नै गर्दो रहेछ भन्ने कुरा कलिवर्ज्य निर्णयसिन्धु आदिले 'कलियुगमा शूद्रलाई ब्राह्मणादिले भान्से नराख्नू' भनेकाले बुझिन्छ। मनुस्मृतिलाई बालचन्द्रज्यूले ई० पू० ६ सय समय मानेको छ वास्तवमा ता ५ हजार वर्ष-अधिका युधिष्ठिर र रामभन्दा पुरानो हो। त बाल-विवाह र वेदमा नभएको कुरो शूद्रलाई दासै गराउनुपर्दछ इत्यादिवा समेत पछि-पछि परिष्कार गर्दा कैयौं कुरा थपिएका पनि छन्। तर धर्मसिन्धु

१- भारतमा ३३ करोड़ जनसंख्या हुँदा अछूत जात ९ करोड़ थिए। बहि ष्कृत मात्र अछूत बनेका भए थोरै हुन्थे।

२. धार्मिकः कुलमित्रं च गोपालो दास-नापितौ। एते शूद्रेषु भोज्यान्न यश्चात्मानं निवेदयेत् (मनु० ५।२५३) ब्राह्मणादिषु शूद्रस्य पचनादि क्रियाऽपि च। (निर्णयसिन्धु–कलिवर्ज्यप्रकरण)

कलिवर्ज्यमा 'द्विजानां गोप-शूद्रादौ भोज्यान्नत्वं कलौ नहि' ले कलियुगमा तीन छः प्रकारका शूद्रका साथ भोजन गर्न द्विजहरूले हुँदैन भन्यो। त्यसो हुँदा मध्यकालमा नै अचेलकालाई हानि गर्ने कुरा पनि थपिएछन् भन्ने बुझिन्छ।

शरीरमा हानि गर्ने वस्तु नखानू, लाभ गर्ने वस्तु खानू अथवा कति वेला कति खानु[3] इत्यादि कुरा आयुर्वेदले विस्तारपूर्वक बताउँछ। धर्मशास्त्रले चाहिं मनमा नराम्रो असर पारेर काम क्रोध लोभको आवेग बढाउने खालको भोजन नगर्नू भन्दछ।

●

७. मद्य र सोमरस

नेपालमा मद्यपान अनियन्त्रित र असीमित रूपले बढ्दै छ। मेची क्याम्पका प्राध्यापकले कीर्तिपुरमा पढ्दा एक वरिष्ठ प्राध्यापकले रक्सीको बोतल साथैमा लिई आउने र पिरियडमै पिउने गर्थे। हामीले हामी यस्तासँग पढ्दैनौं भनी सुनाई उनका साथ पढ्न छाड्यौं भन्नुभयो।

शास्त्र के भन्छ? मादक पदार्थचाहिं वेददेखि अहिलेसम्मका कुनै धर्मशास्त्रले पनि खानू पिउनू भन्दैन। वेददेखि[1] पछिसम्मका धर्मशास्त्रहरूले निषेध गरेको छ। मनुस्मृतिले[2] ब्राह्मणहत्या वा मनुष्य-हत्या गर्नु आदि पाँच कुकर्ममा

---

३. अनात्मवन्तः पशुवद् भुञ्जन्ते येऽप्रमाणतः। रोगानीकस्य ते मूलमजीर्णम् प्राप्नुवन्ति हि। (अष्टांगहृदयः आचाराध्यायः) जो जन मन रोक्न नसकी पशु झैं धेरै खान्छन् तिनलाई अनेक रोग हुन्छन्।

१.२. २०३६ साल फागुन २७ गते श्री ५को सर्कारद्वारा प्रकाशित राजपत्र, भाग ३, खण्ड २९, संख्या ४६ शिक्षामन्त्रालयको सूचना—संख्या १८।४७ क० नोकरीबाट बर्खास्त गर्ने। देहायका अवस्थामा कुनै शिक्षक वा कर्मचारीलाई नोकरीबाट बर्खास्त गर्ने आदेश दिन सक्नेछ।

एक मद्यपानलाई पनि गनेको छ। किनकि मद्यपानबाट कैयौं घण्टासम्म क्रोध-लोभको आवेग बढाउने, छाद्ने-छेर्ने, बेहोश भै लड्ने, मर्ने, ड्राइवर भने रेल मोटर दुर्घटना गराउने, परस्त्री, नातागोता-समेतमा व्यभि गराउने, कूटपीट र धन खोस्ने, आफ्ना साथमा भएको धन बेहोशीमै सो दिने, जिब्रो लट्पटिने, गोड़ा लर्बरिने आदि अनेक अनर्थ मद्यपानबाट भए, छन्। नेपालमा चाहिं आगोलाई बतासले बढ़ाएजस्तै गरी फैलदै छ। शिक्ष हरूमा बहुसंख्यक मद्यपान गर्ने हुँदा छात्र-छात्रामा त्यो रोग सर्दै छ। सरका स्तरमा माथिसम्म नै धेरैजसो मद्यपान गर्ने पुगेका हुँदा घटाउने होइन, बढ़ाउ नै देखिन्छन्। त्यसको नमूना २०३६ सालको राजपत्र (गजेट) हेर्दा स्पष्ट हुन्छ त्यसमा भनेको छ कि विद्यालयको समयमा वारंवार मद्यपान गरेको बुझिए वर्खास्त गर्ने कुरा लेखियो। त्यस राजपत्रले ता राति मात्र पिउनेले पं विद्यालयको समयमा समेत वारंवार भएन १।२ पल्ट पिउन हुने भयो।

यस वर्ष श्री ५ को जन्मोत्सव, पूसको १३।१४।१५ गतेसम्म प्राध्याप संघतर्फबाट धरान, विराटनगर र इलाम, धनकुटा समेतका प्राध्यापक जम भई मनाए। त्यसमा वरिष्ठ विद्वान् प्राध्यापकज्यूले पूस १३ गतेका दिनमा महे क्याम्पस धरानमा बहुसंख्यक छात्रहरूको जमघटमा प्रवचन गर्दा मद्यपान-बारेमा भन्नुभयो। प्रवचनको सिलसिलामा मद्यपानबारेको भाषणमा भन्नुभ कि पुरान समयमा 'सोमरस' नामबाट मद्यपान गर्थे,अ चेल पनि सबै डाक्ट औषधीमा शरीरभर सर्वत्र पुऱ्याउन रक्सी थोरै थोरै हाल्नैपर्छ इत्यादि बोल भयो। उहाँको विचार मद्यपानको प्रचार गर्ने थिएन होला, तर भाषण त्यस सुनियो। वास्तवमा ता वैदिक समयमा सोमरस केलाई भन्दथे? रक्सी (सुरा मदिरा) केलाई भन्दथे? यो कुरा धेरै चल्तीमा आएको हुँदा हाम्रा शास्त्र अनुसारै जान्नुपर्नेमा सो नहुँदा असत्य भ्रामक कुरा परेकोले शास्त्रानुसा सत्य कुरा देखाइन्छ।

●

८. सोमरस

यजुर्वेदको चौथो अध्यायदेखि सोमलता किनेर कुटेर छानेर, दूध चीनी र सातु अथवा दहीसमेत मिलाई त्यसबाट गरिने सोमयाग आदिमा देवतालाई चढ़ाउने आदि गरी पिउने समेत १० औं अध्यायसम्म पूरा गरिन्छ, तर राहुलज्यूले र मोदनाथज्यू आदिले सोमरस भाङको घोट्टा भनेको असत्य हो भन्ने कुरो अन्तै कहिएको छ ।

रक्षी (सुरा वा मदिरा) चाहिं यजुर्वेदको १९ सौं अध्यायदेखि ३ अध्यायले सौत्राभरणि यज्ञ गर्न उमारेको जौ, धान र सालका बोक्रा, हर्दी, चुत्रो, जीरा, त्रिफला, सूठो पुनर्नवा आदि ३०।३२ औषधि एकट्ठा गर्दा 'नग्नहु' नाम हुन्छ । चामल जौ पकाई मिलाई तीन दिनसम्म खाड़लमा हाली अनेक प्रकारबाट सुरा तयार गरिन्छ । यसमा दूध-मिसाउनु हुँदैन भनी स्पष्ट वेदमन्त्र (यजु० १९।७) ले भनेको हुँदा रक्षी र सोमरस अत्यन्त फरक पदार्थ हुन् । तर वेदमा बताएको सुरा सालको बोक्रा त्रिफला आदि हालेर बनाएको एक प्रकारको औषधि हो । आयुर्वेद चरक, सुश्रुत[1] आदिले सोमरस विधिपूर्वक पिएमा १० हजार वर्ष जवान रहेर बाँच्न सक्तछ भनेको छ । तर मदिरालाई चाहिं शरीरलाई हानि गर्ने जति दुर्गुण विषमा पाइन्छन् ती दुर्गुण मद्यमा[2] पनि छन्, तर कुनै विषले तुरुन्त शरीरलाई हानि गर्दछ, कुनै विषले चाहिं रोग,

---

१. औषधीनां पतिं सोममुपयुज्य विचक्षणः । दशवर्षसहस्राणि नवां धारयते तनुम् ।। (सुश्रुत अ० २९) सोमः स्थान-नामाकृति-विशेषैर्विंशतिधा । सोमलता ठाउँ नाम र आकार समेतले फरक हुँदा २० प्रकारको छ ।

२. विषस्य ये गुणा दृष्टाः सन्निपातप्रकोपकाः । त एव मद्ये दृश्यन्ते विषे तु बलवत्तराः । हन्त्याशु हि विषं किञ्चित् किञ्चित् रोगाय कल्पते । यथा विषं तथैवान्त्यो ज्ञेयो मद्यकृतो विषः ।। (चरक संहिता, चिकित्सास्थान, श्लोकाः ९६।९७)

बढ़ाएर हानि गर्दछ भनेको छ, त्यसैले मद्यपान गर्ने मान्छेलाई मनुले हत्याको पाप लाग्छ भनेको छ। [3]वाल्मीकिरामायणले पनि "मद्यपानबाट धर्म र सामाजिक स्थिति पनि बिग्रन्छ" भनेको छ। सरकारले समाज सुधार ऐनको प्रचार गरेको बुझियो। त्यसमा मद्यपान हटाउने घटाउने समेत को नहुँदा आश्चर्य छ। गोर्खापत्र (वि०सं० २०३८।६।६) मा लागू पदार्थको गिन्तीमा भाङ गाँजा चरस अफिम कोकिन हिरोइन र मर्फिया सात गनिए, तर रक्सी गनिएन। आश्चर्य छ।

हाललाई नेपालको सामाजिक, आर्थिक र नैतिक जनजीवन सुधार्नु आवश्यक छ। त्यसका निम्ति मद्यपान नयाँ पीढीमा नसरोस् भन्नेमा समाज सुधारक वर्ग र सरकार-समेत सतर्क भै कार्यक्रम तयार गरी लागू गर्नु आवश्यक छ।

●

९. लशुन आदि र मासु

मद्यपानबाहेक मनु आदि स्मृतिले लशुन प्याज च्याउ आदि पदार्थ जानी खाएमा द्विजहरू पतित हुन्छन् भनेको छ। तर खसी आदिको खाँदा पतित हुन्छ भन्ने उल्लेख पाइँदैन। हिंसा गरेको हुँदा पाप लाग्ने भनेको छ।

तर अचेल धेरै ब्राह्मणहरूले अनेक औषधि गर्दा निको नभएको दीर्घ रोग कागती आदिका साथ लशुन खाने गर्दा निको भएको छ भन्दै छन्। उक्त खाद्य वस्तुले मानसिक स्थितिमा के असर गर्दछ? इत्यादिको अनुसन्धान हुनुपर्दछ। च्याउमध्ये कुन च्याउ विषैला पनि हुनाले निषेध गरेको हुनुपर्दछ। अरू नै दूध आदि असंख्य स्वास्थ्य बढाउने पौष्टिक पदार्थतर्फ नलागी हा

---

३. पानादर्थश्च कामश्च धर्मश्च परिहीयते। (वाल्मीकिरामायण)

जस्ता नाक कान आँखा मुख आदि भएका तर नबोल्ने पशुको मासु खाँदै धर्म गर्छु भन्नु उचित देखिदैन। नेपालमा गाईलाई राष्ट्रिय पशु मानी अवध्य घोषित गरिएको छ। जोत्नलाई राङ्गो र अति पौष्टिक दूध-समेत दिने भैंसी जात पनि अवध्य मानिनुपर्ने हो। हाम्रा शास्त्र-ले अहिंसायुक्त नै धर्म हो भन्ने कहियो। मनुले ता झन् पशुहिंसा मात्र त्याग्नु भन्दैन, वृक्षमा पनि जीव हुनाले अति आवश्यक काममा मात्र वृक्ष काट्ट्, दाउराका निम्ति काँचा रूख काट्नु पाप हो भन्ने कुरा "इन्धनार्थमशुष्काणां द्रुमाणामवपातनम्।" ले भनेको छ। (मनु ११।६४) अझ मनु[1] ले काँचा रूख काटी जंगल मास्ने र पशु मारी गरत बगाउने गरेर स्वर्ग जान्छु भन्ने संझन्छन् भने नरक जाने को त? भन्ने प्रश्न समेत गरेको छ। अचेल वैज्ञा-निकहरूचाहिं यस्तै गरी जंगल मास्ने हो भने नेपाल मरुभूमि बन्नेछ भन्दै छन्। त्यसै हुँदा रूख-बिरुवा बगैंचा लाउनु पनि ठूलो धर्म बताएको छ। बर पीपल ता प्रत्येक मनुष्यले लगाउने मुख्य धर्म मानेको छ र लगाउँदै छन्।

प्रत्येक मनुष्यले प्रतिवर्ष एक एक रूख लगाई हुर्काउने हो भने नेपालका धेरै अभाव हराउनेछन्। हाल सर्कारले पनि प्रतिवर्ष वृक्षारोपण अभियान चलाउँदै छ।

●

१०. जीविका (पेशा)-बारेको विधि-निषेध

उस वेला समाजलाई व्यवस्थित गराउन सबैलाई जीविकाका बाटा बताएको थियो। बाबुको सीप छोरामा प्रशिक्षण नभैकन पनि जान्न सक्ने हुँदा उत्तम पनि थियो। ब्राह्मणको पेशा पढ़ाउने, दान लिने र याजन (यज्ञ) गर्ने

---

१. वृक्षांश्छित्वा पशून् हत्वा कृत्वा रुधिरकर्दमम्।
यद्येवं गम्यते स्वर्गं नरकं केन गम्यते॥

थियो । त्यो-बाहेक अर्कोको लिंदा पेशा संकर (छ्यासमिसे) हुन्
उदाहरण हेरौं–

मासु लाहा नून बेच्ता ब्राह्मण तुरुन्तै पतित हुन्छ । दूध बेचे ब्रा
तीनै दिनमा शूद्र हुन्छ । (मनु०[२] ९०।९२) त्यो व्यवस्था राम्रो थियो । न
नयाँ पेशा आउँदा र पुराना धनुवाण बनाउने आदि पेशा हराउँदा पे
नयाँ व्यवस्था गराउनुपर्दथ्यो । त्यो नभै अहिले दूध बेच्ने बाहुनलाई तैं
भइस् भन्नु अनुचित हो । त्यसो हुँदा समय-अनुसारको विधि-निषेधतर्फ
दिनुपर्छ । यस्ता अनेक अहिले नमिल्ने कुरा हेरेर पुरानो शास्त्रलाई
दिनु आपनै खुट्टोमा बञ्चरो हान्नु जस्तो हो । ती स्मृतिहरू ऐतिहासिक सा
हुन् ! तिनमा पूरा श्रद्धा राखी हेरें चाहिने सदुपदेश असंख्य छन्,
लिनुपर्छ ।

●

११. खाने-बारेमा मिशन

ईशाई मिशनले अवैज्ञानिक अन्धविश्वास बढाउने काम नेपालभर च
उँदै छ । जस्तै—पोहोर साल धरानमा सचित्र सानू पुस्तक बाँडिय्यो
जसमा दुईवटा तस्वीर थिए । पहिलो ता यौटा केटो दुर्घटनाग्रस्त भई हि
नसक्ने थियो । अस्पतालमा औषधिले निको नहुने ठहरियो । पादरीले 'ईशु
शरण परेमा निको हुन्छस्' भनेकोले ईशुको शरण परेपछि निको भएर दौ
थाल्यो । दोस्रो चित्र स्त्री रोगीको थियो । डाक्टर र वैद्यबाट नि
नभएकी स्त्री ईशुको शरण पर्दा निको भई । यस वर्ष पनि पुस्त
बाँडे । उज्यालो जीवन आदि तीन पुस्तक बाँडिए । उज्यालो जीवन
१५ औं पृष्ठमा 'खान-पान जे पनि गर्न हुन्छ । मुखबाट पस्ने कुराले मानिसल

---

१. सद्यः पतति मांसेन लाक्षया च रसेन च ।
त्र्यहेण शूद्रो भवति ब्राह्मणः क्षीरविक्रयात् ॥ (मनु० ९०।९२

अशुद्ध पादँन । ती त मनमा पस्तैनन् । आन्द्रा भुँड़ीबाट भएर बाहिर गइहाल्छन् ।' 'यसो भनेर ईशुले सबै किसिमका खानेकुरा खाए पनि' भनी बताउनुभयो (मकुस ७।१८।१९) तर यो कुरा अवैज्ञानिक असत्य अनुभवविरुद्ध पनि हो । किनभने दिनभरि खान नपाउँदा मन अर्कै हुन्छ । रसिलो देख्तै मन खुशी हुने मिठाई भोक लागेका बखतमा पाएछ भने खाँदा खुशी हुन्छ । नमीठो पनि पेट भर्न कुनै दिन फेला पर्छ । अर्काको करमा परेर खानुपर्छ । त्यस बेला मनमा नराम्रो असर पर्दछ । बेसी खाएमा अजीर्ण हुन्छ, भूँड़ी दुख्ता मनमा ठूलो पीर पर्छ । त्यसै पुस्तकको मतवालीपन भन्ने प्रकरणमा जाँड रक्सी धेरै पिएमा हानि हुने कुरा पनि लेखेको छ । बिना कारण रिस उठ्ने, मनमा काम क्रोध लोभ बढ़ाउने कुरा प्रत्यक्ष छँदा छँदै, खाएको कुरा मनमा पस्तैन भन्नु असत्य हो । त्यसै हुँदा मनमा तमोगुण बढ़ाउनेमा बासी, रस हराएको, दुर्गन्ध र अरूको जूठो र अशुद्ध वस्तु गीताले पनि नखान्तू भनी बताएको छ । त्यसैमा मिशनले जहाँ-तहाँ मूर्तिपूजाको निन्दा गरेको छ । यो कुरा हिन्दू धर्मको विरुद्ध हो । उनीहरू चर्च मस्जिदमा बिहाबरी आदि काम गर्छन् । तर हामीचाहिं ईश्वर सर्वत्र व्याप्त हुनाले आँगनमा आगो बालेर ईश्वर साक्षी राखी बिहाबरी गर्दछौं । हामीले परमेश्वरको पूजा मूर्ति आदिनू गरेको हो । मूर्तिको पूजा गरेको होइन । यो प्रतीकोपासना हो । यस प्रकारले अपठितमा हाम्रा संस्कृतिमा अविश्वास बढाउने प्रचारमा मिशनको हात खुला छ ।

१. जनकल्याण नै धर्म हो

[१—जनकल्याण नै धर्म हो, २—मनुष्य चार थरी ऋण लिई जन्मन्छ, ३—पञ्चमहायज्ञ, ४—पुराणमा जनसेवाधर्म; ५—बौद्ध धर्म र सेवा, ६—पति-पत्नीको मुख्य धर्म ।]

मानवतावादी सद् व्यवहार नै 'धर्म' भन्ने बताइयो । त्यसैमा जनकल्या
वा जनसेवा गर्नु नै धर्म भन्ने मुख्य पक्ष छ । जो वेदमन्त्रहरूले र ब्राह्मणभा
देखि महाभारत, पुराण र स्मृतिग्रन्थहरूले पनि स्पष्ट बताएको छ । वेदम
(ऋक्०[1] १०।११७।५) ले धनी छ भने साँच्चिनपछि नलागी कामका निमि
दिइहाल्नुपर्छ, किनकि धन स्थिर रहन सक्तैनन् । अर्को ऋक्० मन्त्र (१०
११७।६) ले गरीब नै भए पनि अरूका निम्ति केही पर नमारी खाएमा प
भोग्दछ भनेको छ । त्यसै-अनुसार गीता (३।१३) ले पनि अरूको निम्ति
नसारी खाने पापी हो, अरूको निम्ति पर सारी खानु अमृत हो (४।३१
भनेको छ । यजुर्वेदको चालीसौं अध्यायको पहिलो मन्त्रले नै 'त्यक्तेन भुञ्जीथा
(अरूका निम्ति भाग त्याग गरेर भोग गर) भनेको छ ।

वेदको शतपथब्राह्मणले[2] ता 'मनुष्य जन्मदेखि नै चार थरीको ऋण लिए
जन्मिऐको हुन्छ । ती चार थरी हुन्—ऋषि, पितृ, देवता र मनुष्य । सानैदेखि
नै ती ऋण तिर्दै गर्नुपर्दछ । सानैदेखि अक्षर ज्ञान, अक्षर ज्ञानदेखि वेद आ
अनेक यथाशक्ति पढ्दै पृथिवीभरकै मोटामोटी जानकारी पाएछ भने ऋषि
ऋण तिरियो । विवाह गरेर सन्तान भएपछि पितृको ऋण तिरियो । देवता
ऋणचाहिं व्रतबन्ध-पछि परमेश्वर परमपिताको उद्देश्यले जप-पाठ-पूजा-य
ध्यान-स्मरण आदि सबै वा यथाशक्ति प्रतिदिन स्वस्थ रहँदा रहनुपर्दछ
तिरिदै रहन्छ ।

---

१. यी मन्त्रहरू वेदमन्त्रसंग्रहमा छन् ।

२. ऋणं ह जायते योऽस्ति । स जायमान एव ऋषिभ्यो देवेभ्यो पितृभ्य
मनुष्येभ्यः । अथ यदेवानुब्रुवति तेन ऋषिभ्य ऋणं जायते । ऋषीणां
निधि गोप ।इति ह्यनूचानमाहुः । यथ यदेव यजते तेन देवेभ्य ऋ
जायते । यदेव प्रजामिच्छेद तेत पितृभ्य ऋणं जायते । अथ यदेव वासय
यदेभ्योऽशनं ददाति, तेन मनुष्येभ्य ऋणं जायते ।
(शतपथब्राह्मणकाण्ड १, अनुवाक् ब्राह्मण २, कं० १।२।३।४।५

२. मनुष्य-ऋण

दीन दुःखी, हीनाङ्ग, अनेक प्रकारका आगलागी बाढ़ी आदिबाट दुःख पाएका, मनुष्यहरूलाई खान लाउन बस्न आदि कामलाई अन्न वस्त्र घर जग्गा आदि दिदै रहनुपर्छ । अथवा केही धन पर सारी जनकल्याण गर्ने संस्थालाई दिनु इत्यादि कामबाट मनुष्य ऋण तिरिन्छ ।

उक्त चार थरीबाहेक मनुष्य जीवनका निम्ति अति आवश्यक अंग पशु-पक्षी, झार-जंगल-रूख-वृक्ष आदि छन् । तिनको संरक्षण संवर्धन गर्नु पनि ठूलो धर्म बताएको छ । उक्त ऋषि-पितृ-देव-मनुष्य चार र पशु-पक्षी-वृक्षहरू समेत पाँचको प्रतिदिन संरक्षण, संवर्धनका निम्ति प्रयत्न गर्नु पनि अति आवश्यक छ भन्ने कुरा जनाउन प्रतिदिन पञ्चमहायज्ञ गर्नु भन्ने उपदेश उक्त शतपथ ब्राह्मणमा र अन्त पनि जहाँ-तहाँ बताएको छ ।

३. पञ्चमहायज्ञ

देवयज्ञ--देवतालाई संझेर आगामा केही चढाउनू, वा अन्तै पनि पर सार्नू, पितृयज्ञ--पितृलाई संझेर जल-तर्पण आदि गर्नु पितृयज्ञ हो ।

भूतयज्ञ—मनुष्य-बाहेक कुकुर-सहित पशुपक्षी रूख-वृक्ष आदिको संरक्षण संवर्धन गर्नु हो वा केही धन पर सार्नु ।

मनुष्ययज्ञ—मनुष्यहितका निम्ति एकलै अथवा अरूका साथ मिलेर जनकल्याणकारी काम गर्नु हो । यी पञ्चमहायज्ञ प्रतिदिनै गर्नुपर्दछ भनेको

छ । यो नित्यकर्ममा गनिएर अझै गरिदै छ । उक्त पञ्चयज्ञमध्ये चारवटा कहिए, पाँचौं यज्ञ ऋषियज्ञ हो । ऋषियज्ञ ऋषिऋण माथि कहियो । यसै स्वाध्याय यज्ञ पनि भनिन्छ । प्रतिदिन ईशादि उपनिषद् वा गायत्री मन्त्र यथाशक्ति अर्थसहित जप गर्नु अथवा गीता आदिको यथाशक्ति पाठ जसबाट मानिसलाई सत्मार्गमा लाग्न प्रेरणा मिलोस् । पहिले व्रतबन्ध गरि पछि वेदमन्त्र सुनाउने भनेर केही दिनपछि यजुर्वेदको उपसंहार चार अध्यायका अन्तिम चार मन्त्र सुनाउने गर्दथे । ती चारमध्ये पहिलो भौतिक विद्या र आध्यात्मिक विद्या समेत दुवै विद्या जान्न अति आवश्यक छन् । भौतिक विद्याले जीविका चली स्वस्थ भै कार्यशक्ति बढाउँछ । अल्पमृत्यु वा रोग आदि जित्तछ । अध्यात्म विद्याले मानसिक शक्ति मुक्तिसमेत पाइन्छ भन्छ । अन्तिम तीन मन्त्रले ईश्वर प्रार्थना गरिन्छ (संग्रहमा कहिन्छ) यिनै पञ्चमहायज्ञमध्ये मनुष्ययज्ञ र भूतयज्ञलाई मनुष्य र भूतबलि पनि भनेको छ । मनुष्यबलि वा भूतबलिलाई देवमन्दिरमा दिनु (मार्नु) अर्थ पनि वाममार्गी गर्छन् र दशैंमा बोका राङ्गा च्याङ्ग्रा कुखुरा पाँच जन्तु मार्दा पञ्चबलि दिएको पनि भन्दछन् । तर यहाँ वा अर्थ त्यो छैन । मनुष्यहरूनिम्ति र पशु (भूत) हरूनिम्ति दिनु वा केही पर सार्नु अर्थबलि हो । उक्त पञ्चयज्ञ गृहस्थका निम्ति अनिवार्य नित्यकर्म भनेर पारस्कर गृह्यसूत्रमा समावर्तनपछि 'अथातः पञ्चमहायज्ञाः' बताएको छ । हुनता त्यहाँ त्यो अन्न ब्राह्मणलाई दिनू भनेको छ, तर समयमा ब्राह्मणहरू विद्वान् भै सम्पूर्ण मनुष्यहरूको जीविका गर्न अनेक उद्योगका बाटा सिकाउने पढ़ाउने आदि काम गर्दथे । खेती, पशुपालन गर्दैनथे । यो कुरा मनु[1] (१०।२) ले स्पष्ट भनेको छ । तर अचेल

---

१. सर्वेषां ब्राह्मणो विद्यात् वृत्युपायान् यथाविधि ।
प्रब्रूयादितरेभ्यश्च स्वयं चैव तथा भवेत् ।। मनु० १०।२

खुशीले सबै जातका मानिसले जुनसकै उद्योग पनि गर्नुपर्ने भएकोले त्यहाँ ब्राह्मणयज्ञ वा बलि नभनेर मनुष्ययज्ञ वा बलि भनेको र त्यहीं 'भिक्षुकानतिथींश्च संभजेरन्' भिक्षु (संन्यासी, ब्रह्मचारी)-हरूलाई र अतिथिहरूलाई पनि दिनु भनेको छ। वास्तवमा ता दानसूक्त ऋग्वेद (१०।११७) मा र शतपथ ब्राह्मणको जन्मदैदेखि मानिसले चार थरीको ऋण बाकेकोले तिर्दै रहनुपर्दछ भनेकोमा समेत ब्राह्मण शब्द छैन, मनुष्य शब्द मात्र लेखिएको हुनाले संपूर्ण मनुष्यका निम्ति लेखिएको हुँदा समेत मनुष्यहरूले आफ्नू आफ्नू कमाइबाट जीविका गरून्, आगलागी-भूकम्प-रोग-महामारी-बाढ़ी-पैरो आदिबाट र जीविका गर्ने काम नपाएबाट वा नसकेबाट समेत अभर परेका मानिसहरूको सहयोग गर्नु वा त्यस्तो काम गर्न अघि बढ़ेका संस्थाका निम्ति धन पर सानु दिनु नै मनुष्ययज्ञ हो वा मनुष्य ऋण तिर्नु हो। गृह्यसूत्र, धर्मसूत्र र श्रौतसूत्र समेत वेदको मन्त्रभाग र ब्राह्मणभागभन्दा पनि धेरै पछि बनेका हुन् भन्ने कुरा पनि मनुष्ययज्ञको अन्न ब्राह्मणलाई दिन् भनेकाले पनि सिद्ध हुन्छ। पढ़ाउने सिकाउने आदि काम ब्राह्मणले नै गर्ने हुँदा समेत ब्राह्मणलाई दिनू भनेको हुन सक्तछ। देवयज्ञ-बारेमा बलिवैश्वदेव, नित्यकर्म विधि[२] मा ब्रह्मणे स्वाहा आदि भन्दै सात मन्त्रले आगामा, घिउ समेत भएको अन्नले (भात वा चामल आदिले) घिउ नभए त्यत्तिकै पनि, हवन गर्नू भन्ने विधि बताएको छ। यो देवयज्ञको विधि बताएको हो। आगो नभएमा पानीमा हालेर गाई आदिलाई दिनू पनि कतै भनेको छ। किरातीहरूमा तीनवटा ढुंगा चूल्हामा हुन्छन्, तिनैमा चढाउने चलन भएको सुनिन्छ। त्यसपछि भैंमा अथवा पातमा विधि-अनुसार १८ ठाउँमा १८ नाममा 'नमः' शब्द भन्दै चामल चढ़ाएर अपसव्य

---

२. ॐ ब्राह्मणे स्वाहा, प्रजापतये स्वाहा, गृह्याभ्यः स्वाहा, कश्यपाय स्वाहा, अनुमतये स्वाहा। अरू अरू यसमा 'विश्वेभ्यो देवेभ्यः स्वाहा, अग्नये स्विष्टकृते स्वाहा, पनि थप्छन्।'

भै दक्षिणतिर फर्केर पितृलाई 'पितृभ्यः स्वधा नमः' भन्दै बाउँ घुँडा मारेर थोरै अन्न पर सार्नू र बटुको पखाल्दै 'यक्ष्मणेन मः' भन्दै चढ़ाउ त्यसपछि गाईलाई[३], कागलाई[४], कुकुरलाई[५] एक-एक बलि दिन्। त्यस चामल हातमा लिएर टिप्पणीको यौटा श्लोक[४] भन्नू र चढ़ाउन्। त्य अर्थ हो—'देवता-मनुष्य-पशु-पक्षी-सिद्ध-यक्ष-सर्प-दैत्यहरू, प्रेतहरू, पि चहरू, रूख-वृक्षहरू सबैलाई म अन्न चढ़ाउँछु' भन्दै चामल पर सा त्यसपछि चामल लिएर अर्को श्लोक' भन्नू र चढ़ाउनू। त्यसको अर्थ हो 'कमिला, कीरा, उड्ने पतङ्ग आदि कुनै जन्तु (जीव) हरू भोकै नर अघाएर खुशी भएर बसून् भन्ने उद्देश्यले यो अन्न पर सार्दछु' भन्दै चा पर सार्नू।

उक्त विधिबाट देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ समेत गरिए। अब मनु यज्ञनिम्ति 'हन्त ते मनुष्येभ्यो नमः' भन्दै अतिथिलाई खुवाउनू वा सिधा सार्नू। मनुष्ययज्ञ वा यो मनुष्यबलि भयो। ऋषियज्ञचाहिं मनुष्यलाई ब मार्गबाट फिराई सत् मार्गमा लगाउने खालको सत् व्यवहार बताउने वी मन्त्र, गीता र कोमलगीता सरहका पुस्तकहरू अर्थसहित पढ्नू। पञ्चयज्ञ

---

३. ॐ गोभ्यो नमः। ४. ॐ वायसेभ्यो नमः। ५. ॐ श्वभ्यो नमः।

६. देवा मनुष्याः पशवो वयांसि
सिद्धाश्च – यक्षोरग – दैत्यसंघाः।
प्रेताः पिशाचास्तरवः समस्ता
ये चान्नमिच्छन्ति मया प्रदत्तम् ॥ ॐ देवादिभ्यो न मम ॥

७. पिपीलिका-कीट-पतङ्गकाद्या
बुभुक्षिताः कर्म-निबद्धबद्धाः।
तृप्त्यर्थमन्नं हि मया प्रदत्तं
तेषामिदं ते सुखिनो भवन्तु ॥
इदं पिपीलिकादिभ्यो न मम ॥

विधान प्रत्येक गृहस्थका निम्ति गरिएको छ। प्रतिदिन गरिने उक्त पाँच यज्ञहरूबाहेक नित्यतर्पण पनि बताइएको छ। त्यस कर्मको मुख्य आशय आफ्ना नगीचैका नाताका मरेका पितृहरूका निम्ति केही गर्न नसके पनि नाम गोत्र संझेर पानीसम्म पनि अर्पण गर्नु, साथै पृथिवीभरका मनुष्यहरूमा पशु-पक्षी, रूख-वृक्षहरूमा समेत सर्वात्मभावना राखी कल्याण चिताउँदै शुभकामना गर्दै जल चढ़ाउनू भनेको छ। जस्तै—ब्रह्मादेखि तृणसम्मका[८] देवता-ऋषि-पितृ-मनुष्य-असुर-नाग-गन्धर्व-राक्षस-पिशाच-गुह्यक-सिद्ध-कुष्माण्ड-रूख-वृक्ष-पानीमा रहने, जमीनमा रहने, वायु नै आहार भएका समेत जन्तु पृथिवीभरका सातै द्वीपका जीवहरू जो भोक र तीर्खाले दुःख पाएका छन् ती सबैको तृप्तिको निम्ति मैले पानी दिएको छु, यसले सबै तृप्त बनून् भन्दै तिल-सहित पानी दिनू भन्ने विधि तर्पण दिने विधिमा छ।

माथिका चार थरीका ऋण जनमभर तिर्दै रहनुपर्दछ। जानी नजानी गरेका अनेक हिंसा आदि दोष हटाउन पाँच महायज्ञ र तर्पण समेत प्रत्येक मनुष्यलाई नित्यकर्म वैदिक सिद्धान्तले बतायो। वेदका मन्त्रहरू र ब्राह्मण-ग्रन्थहरूले संपूर्ण मनुष्यको उल्लेख गरेर बताएको छ। तर सूत्रग्रन्थ, स्मृति-

---

८. आब्रह्म-स्तम्बपर्यन्तं देवर्षिपितृमानवाः।
तृप्यन्तु पितरः सर्वे मातृ-मातामहादयः॥
देवासुरास्तथा यक्षा नागा गन्धर्व-राक्षसाः।
पिशाचा गुह्यकाः सिद्धाः कुष्माण्डास्तरवः खगाः॥
जलेचरा भूमिचरा वाय्वाहाराश्च जन्तवः।
ते तृप्तिमखिला यान्तु मद्दत्तेनाऽम्बुनाऽखिलाः॥
नरकेषु समस्तेषु यातनासु च ये स्थिताः।
तेषामाप्यायनायैतद् दीयते सलिलं मया॥
यत्र क्वचन संस्थानां क्षुत्तृष्णोपहतात्मनाम्।
इदमक्षय्यमेवास्तु मया दत्तं तिलोदकम्॥

ग्रन्थमा कतै-कतै मात्र शूद्रले पनि 'ॐकार, स्वाहा, स्वधा' र वेदमन्त्रबाट 'नमः' शब्दद्वारा सबै नित्य कर्म गर्नू भनेको छ। कुनैले चाहिं अधिकारै छैन पनि भने। जन्मबाट होइन, कर्मबाट जात मान्ने वेदबाट र महाभारत, गीता आदिबाट टीका भाष्यहरूमा उद्धृत खराब काम नगर्ने शूद्रको व्रतबन्ध गर्न भन्ने आपस्तम्बको वाक्यबाट समेत उक्त लोक-कल्याणकारी भावना जगाई नित्यकर्म पृथिवीभरका मनुष्यका निम्ति हो भन्ने कुरा वेदाधिकार शीर्षक प्रकरणमा स्पष्ट लेखिन्छ। अनेक जातका आधारमा बनेका विधि-निषेधहरू चाहिं मध्यकालमा बनेका समाजव्यवस्था हुन्। अहिले हामी सार्वजनिक व्यवस्था चालू गर्न अघि बढ्दै छौं।

जन्मबाटै जात मान्ने मनु[९] (४।३२) ले पनि अभावग्रस्त मनुष्यहरूका निम्ति गृहस्थीले अवश्य दिनैपर्दछ, तर आफ्ना परिवारको जीविकामा बाधा नपारी सम्पूर्ण प्राणीहरूका निम्ति केही भाग पर सार्नैपर्दछ भनेको छ।

●

४. पुराणहरूमा पनि जनसेवा धर्म

धेरैजसो साधु मानिसहरू जनताको दुःख देखेर ताप[१] मान्छन्। किनकि जनताको दुःख हर्नु नै सर्वात्मस्वरूप परमात्माको आराधना हो। परमेश्वरले

---

९. शक्तितोऽपचमानेभ्यो दातव्यं गृहमेधिना।
संविभागश्च भूतेभ्यः कर्तव्योऽनुपरोधतः॥ (मनु० ४।३२)

१. तप्यन्ते लोकतापेन साधवः प्रायशो जनाः।
परमाराधनं तद्धि पुरुषस्याऽखिलात्मनः॥
(भागवत स्कन्ध ८, अं० ७, श्लोक ४४)

भन्नुहुन्छ कि 'सम्पूर्ण प्राणीमा म भूतात्मारूपले रहेको छु। त्यसो हुँदा सबैलाई दिनू, संमान गर्नू, मैत्री दृष्टि र अभेद दृष्टिले सेवा गर्नू।' (भागवत[२] स्कन्ध ३, अ० २९, श्लोक २७) सबै प्राणीहरूको शरीरमा चेतन अंश ईश्वर हो। सबैको शरीरचाहिं ईश्वरकै मन्दिर हुन् भन्ने संझेर व्यवहार गर्दछ भने ईश्वरको भजन गरेको त्यही हो।

भागवतमा ईश्वरले उपदेश गनु हुन्छ कि--पृथिवीभरमा चर (मनुष्य पशु-पक्षी आदि) र अचर (वृक्ष-झार-जंगल) आदि धति प्राणी छन् ती सब नै मेरा मन्दिर हुन् अभर परेका अवस्थामा उनको सेवा गर्नु पर्दछ, मेरो पूजा त्यही हो। पञ्चम स्कन्ध[३] भागवत (१०।२२।३५) मा श्रीकृष्ण[४] भन्नुहुन्छ कि--'मन-वचन-कर्म र प्राणसम्मले पनि अरूलाई अभर परेका अवस्थामा सहयोग गरेछ भने त्यसको जन्म सफल भयो। शिवपुराणमा[५] पनि डराएकालाई अभय दान गर्नु, सबैको उपकार गर्नु नै शिवको पूजा हो। जस्तै--छोरा नातिलाई प्रेम गर्दा बाबु

---

२. अथ मां सर्वभूतेषु भूतात्मानं कृतालयम्।
अर्हयेद् दान-मानाभ्यां मैत्र्याऽभिन्नेन चक्षुषा॥ (भागवत ३।१९।२७)

३. सर्वाणि मद्विष्णवया भवद्भि--
श्चराणि भूतानि सुता ध्रुवाणि।
संभावितव्यानि पदे पदे वो
विविक्तदृग्भिस्तु दुहार्हणं मे॥

४. एतावत् जन्मसाफल्यं देहिनामिह देहिषु।
प्राणैरर्थैर्धिया वाचा श्रेय एवाचरेत् सदा॥
(भागवत स्कन्ध १०।२२।३५)

५. सर्वाभयप्रदानं च सर्वानुग्रहणं तथा।
सर्वोपकारकरणं शिवस्याराधनं विदुः॥
(शिवपुराण वायवीय संहिता, उत्तर खण्ड अ० ३)
(यस्ता वाक्य देवीभागवतमा पनि छन्।)

खुशी हुन्छन्, त्यस्तै सबै प्राणीका साथ प्रेम गर्दा शिव (ईश्वर) खुशी हुन्छ। यस्तै प्रकारले देवीभागवत र योगवाषिष्ठ आदिमा पनि बताएको छ त्यस्तै गीतामा जहाँ-तहाँ योगी र भक्तहरू सबै प्राणीहरूको हितमा लागि हुन्छन् भनेको छ। सबैभन्दा ठूलो योगी को हो ? भने जो आफूलाई जा अरूलाई पनि सुख दुःख हुन्छ भन्ने संझेर सद्व्यवहार गर्छ भने त्यही योगी हो। (गीता ६।३२)

●

५. बौद्ध धर्म र सेवा

बौद्ध सिद्धान्त ता झन् जाति-पाती, छुवाछूत नमान्ने र मानवतावा मात्र होइन सर्वात्मवादी समेत हो। बौद्ध जातकहरूमा आफूले ठूलो का सहेर अरूको उपकार गरेका उदाहरण असंख्य छन्। जातक हेर्दा था हुनेछ। वास्तवमा ता आर्य (हिन्दू) क्षत्रिय शुद्धोदनका छोरा बुद्धले त्यस वे वेदका नामबाट अनेक हिंसात्मक कर्मकाण्ड र जन्मबाटै ठूलो सानू मान्ने च उग्र रूपले बढ़ेका बखतमा बुद्धले सुधार गरेका हुन्। जस्तै--प्रज्ञापारमि बोधिचर्यावतारपञ्जिका, बोधिसत्त्वपरिग्रह तृतीय परिच्छेदमा बताएको कि जति मैले अहिलेसम्म धर्म-कर्म गरेको छु, त्यसका प्रभावले सम्पूर्ण प्राणी हरूको दुःखलाई शान्ति गर्न सक्ने बनौं, रोगीको औषधि र पथपरहेज सम्म सेवा गरेर रोग फेरि नबल्झने गराउन सकौं, सबैको भोक तीर्खाको दुःख छुट उन सकौं, अनिकाल परेका समयमा खानपान दिन सकौं, दरिद्रका निम्ति ठूलो खानी भै खान दिन सकौं। सबै प्राणीहरूको उपकारको निम्ति शरीरको अर्पण गरें, मबाट कसैको पनि हानि नहोस्, मेरो निन्दा गर्ने र मला

हानि गराउने जति छन् ती सबै ज्ञानी बनून्। अनाथको नाथ बन्न सकौं, परदेश जानेको साथी बन सकौं, अँध्यारोमा उज्यालो बन्न सकौं अर्थात् जस-जसलाई जे जे चाहिन्छ, त्यो त्यो पूरा गर्न सकौं, अर्थात् जबसम्म सबै सुखी हुँदैनन्, तबसम्म सबैलाई सुख गराउन अघि बढ्दै रहौं[1]।

यस्तै प्रकारले वेद--ब्राह्मणस्मृति--वाल्मीकिरामायण र पुराणहरूमा तथा बौद्ध साहित्य आदिमा समेत धार्मिक स्तरको उपदेश मानवतावादी मात्र होइन, सर्वात्मवादी पनि छन्।

यस प्रकारले अशक्त गरीबहरूको शिक्षा औ धन इत्यादिबाट सेवा गर्नु र अनैतिक दुष्टलाई सत् मार्गमा ल्याउनु इत्यादि उपासना-समेत धर्म स्पष्ट बताएको छ। तर अचेल पाश्चात्य चश्माले हेर्ने विद्वान्मध्ये रामकुमार पाण्डेयज्यूले लेख्नुभएको 'नेपाल परिचय' पृष्ठ ३४१ मा 'ईसाई धर्मले गरीब अशक्तको सेवा नै ईश्वरको सेवा हो भन्दछ' भन्ने लेख देख्ता आश्चर्य छ। गोर्खापत्रमा नै भएको "....मा कश्चिद् दुःखभाक् भवेत्" को समेत हेक्का राख्नुभएनछ जस्तो लाग्यो।

---

१. एवं सर्वमिदं कृत्वा यन्मयाऽसादितं शुभम्।
तेन स्यां सर्वसत्त्वानां सर्वदुःखप्रशान्तिकृत् ॥१॥
ग्लानानामस्मि भैषज्यं भवेयं वैद्य एव च।
तदुपस्थापकश्चैव यावद् रोगा पुनर्भवः ॥२॥
क्षुत्पिपासाव्यथां हन्यामन्नपानमवर्षणैः।
दुर्भिक्षान्तरकल्पेषु भवेयं पानभोजनम् ॥३॥
दरिद्राणां च सत्त्वानां निधिः स्यामहमक्षयः।
निरपेक्षश्चराम्येष सर्वसत्त्वार्थसिद्धये ॥४॥
दासार्थिनामहं दासो भवेयं सर्वदेहिनाम्।
भवेयमुपजीव्योऽहं यावत्सर्वे न निर्वृताः ॥५॥
(प्रजापरिमिता)

आफ्नो शास्त्रको मुख्य सार के हो ? भन्ने कुरामा ध्यान नदिने, त
पाश्चात्य शासक वा लेखकहरूलेक तिपल्ट मुते सुते इत्यादि कुरातर्फ ध्या
दिने बानी बसेको छ ।

पाश्चात्यहरूको बाइबलवाट पशुहिंसा हिंसा नै मानिदैन । मिशनवाहेक
पाश्चात्यहरू धरानको बृटिश भर्ती केन्द्र आदिले पैसा नभएर सरकारी अस
तालले फिर्ता गरेका गरीब, अङ्गभङ्ग भएका मानिसलाई विना-पैसा नै तया
पारी पठाउँछन्, तर ईसाई मिशनले चाहिं ईसाई गराउने उद्देश्यले सेव
गर्दछ । राजधानीको आनन्द भवन भन्ने ठाउँमा १२५ जना कुष्ट रोगीह
राम्रो सेवा गर्दै छन्, तर त्यहाँ येशुले निको पार्नु हुन्छ भन्ने कुरा कोठैपिच्छे
लेखेको छ ।

निःस्वार्थ सेवा गर्नै हुन् भने ता "ईश्वरले निको पार्नु हुन्छ" भनिन्थ्यो
"तिमीहरू आफ्नै धर्ममा रहनू" भन्नुपर्दथ्यो । अर्को कुरा—सम्पूर्ण प्राणीका सा
शत्रु मित्र उदासीन रूपमा हाम्रो संबन्ध हुनाले शत्रुपक्षबाट बच्ने र उदासी
र मित्र पक्षको, जन्तु रूख-वृक्षलगायतको संरक्षण संबर्धनको उद्देश्यले समेत
वास्तवमा पशु-पक्षी वृक्षमा पनि जीवात्मा छ भन्ने निश्चय हुनाले सर्वात्म
भावना मैत्री भावना राख्न उपदेश गर्दछ र सबै जन्तुको हित मनुष्यहरूले
सोच्नै रहन उपदेश गर्दछ । त्यसै हुँदा धारा-पाटी-पुल-बर-पीपल आदि लगाई
विश्राम स्थान बनाइन्छ ।

६. पति पत्नीको मुख्य धर्म

गृहस्थको काम सत् मार्गबाट कमाउनु खानु, गरीब अशक्तका निम्ति पर
सानु र यथाशक्ति उपासना गर्नु बताइयो । तर त्यो गृहस्थाश्रम कस्तो व्यवहार

गर्दा परस्पर विश्वास भै उत्तरोत्तर विशुद्धरूपले उन्नत हुँदै जान सक्तछ ? भन्ने बारेमा मनुले दुइ श्लोकबाट सबैले मनन गर्नुपर्ने उत्तम उपदेश गरेको छ, हेरौं—विवाह भएपछि पतिले परस्त्रीतर्फ व्यभिचार गर्न, स्त्रीले परपुरुषतर्फ लहसिन हुँदैन, जसबाट परस्पर विश्वास बढ्दै रहोस्, यही नै पति-पत्नीको सर्वश्रेष्ठ धर्म हो। त्यस-निम्ति मनु भन्दछन् कि--विवाहित पति-पत्नीले धेरै दिन वियोगी भएर नबस्ने गर्नुपर्दछ, किनकि धेरै समयसम्म वियोगी हुँदा कामको कामनाको आवेशले दुःख दिन संभव होला* ।

●

वेद, उपनिषद् र समय

वेद शब्द विद् धातुबाट बनेको हो। त्यस धातुको ज्ञान, विचार, लाभ र सत्ता चार[1] अर्थ हुन्छन्। उक्त चारै अर्थ वेदमा लागू हुन सक्तछन्। ज्ञान हाम्रो मात्र होइन, सम्पूर्ण पृथिवीभरका मनुष्यहरूका आजसम्मका मानवतावादी मात्र होइन, सर्वात्मवादी विचारका बीजहरू वेदमा पाइने हुँदा ज्ञान (मनुष्यसमाजमा चाहिने उच्च जानकारी) वेदमा पाइन्छ। सो-अनुसार

---

*. अन्योऽन्यस्याव्यभिचारो भवेदामरणान्तिकः ।
एष धर्मः समासेन ज्ञेयः स्त्रीपुंसयोः परः ॥
तथा नित्यं यतेयातां दम्पती तु कृतक्रियौ ।
यथा न व्यभिचरेतां तौ वियुक्तौवितरेताम् ॥
(मनुः ९।१०१-१०२)

१. विद=ज्ञाने, विद=विचारणे, विद्लृ=लाभे, विद=सत्तायाम् ।

विचार (चिन्तन-मनन) हुँदा लाभै छ, सो अनुसारको आचरणबाट सर्व सत्ता (सह-अस्तित्व) रहन सक्तछ।

वेद—ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद समेत चार छन्। वैदिक वाङ्मय भन्नाले मन्त्रभाग, ब्राह्मणभाग, उपनिषद् र आरण्यक समेत चार भाग छन्। यी चारै भागलाई धेरैजसोले वेदै[२] मानिआएका छन्। तर श्री स्वामी दयानन्द सरस्वतीज्यूले मन्त्र (संहिता) भाग मात्र वेद हुन्, ब्राह्मणभाग ब्रह्म (वेद) को व्याख्या मात्र हुन्, वेद होइनन्। ब्राह्मणको अर्थ 'ब्रह्मणो व्याख्यानं ब्राह्मणम्' हो। त्यसै हुँदा मन्त्रभागको उपनिषद् 'ईशावास्योपनिषद्' आदिलाई वेद मान्ने कुरा स्वतः आउने भयो। उहाँले त्यसका निम्ति व्याकरण महाभाष्यको[३] प्रमाण पनि दिनुभएको छ। जहाँ चार वेद भनेर चारै वेदका पहिला पहिला मन्त्र चारवटा देखाइएको छ। शतपथ ब्राह्मणको पहिला भाग 'व्रतमुपैष्यन्' इत्यादि देखाएका छैनन् तापनि ब्राह्मणभागमा[४] वेदको व्याख्या मात्र छैन, पुराना अनेक कथाहरूका साथै विधि-निषेध, अर्थवाद आदि अनेक विषय तिनमा पाइन्छन्। एक-दुई उदाहरण दिइन्छ—मानिस जन्मँदादेखि चार थरी देवता, ऋषि, पितृ र मनुष्य समेतको ऋण[५] लिएर जन्मने हुँदा सा

---

२. मन्त्र ब्राह्मणयोर्वेदनामधेयम्। (कात्यायन परिशिष्टम्)।

३. अग्निमीड़े पुरोहितम्। इषेत्वोर्जेत्वा। अग्न आयाहि वीतये। शन्नोदेवीरभिष्टय ॥ (व्याकरण महाभाष्य प्रथमाह्निक।)

४. अग्निहोत्रदर्शपौर्णमासयज्ञ आदि श्रौत यज्ञ र पञ्च महायज्ञ आदि स्मार्त यज्ञको विधि र अनेक हानिकारक व्यवहारको निषेध पनि ब्राह्मण भागमा प्रभावकारी ढंगले बताइएको छ।

५. ऋणं ह जायते यो ऽस्ति स जायमान एव देवेभ्य ऋषिभ्यः पितृभ्यो मनुष्येभ्यः। स यदेव यजते। तेन देवेभ्यः ऋणं जायते ॥१॥ अथ यदेवानुब्रूवीत तेनर्षिभ्य ऋणं जायते, ऋषीणां निधिगोप इति ह्यनूचानमाहुः। (शतपथ १।५।५।१) अथ यदेव वासयते तेन मनुष्येभ्य ऋणं जायते

देखि ती ऋण जन्मभर तिर्दै रहनुपर्दछ। देवताको ऋण देवतालाई केही चढाएर वा यज्ञ गरेर तिरिन्छ। ऋषिको ऋण पढ्ने-पढाउने र प्रतिदिन पाठ गर्नै गरेर तिरिन्छ। पितृ-ऋण, पितृ-निम्ति सेवा सत्कार गर्दा र केही चढाउनु आदिबाट तिरिन्छ। मनुष्यऋण मनुष्यलाई आवश्यकताका अनुसारले केही खान दिने खेत घर आदि दिएर बसाउने आदिबाट तिरिन्छ। यो मानवतावादी विचार हो। मनुष्यको कल्याणका लागि सामूहिक रूपले वा व्यक्तिगत रूपले केही खर्च गर्नू…। अरूका निम्ति पर नसारी आफू मात्र भोग गर्छ भने त्यो मान्छे पापी[६] हो। यसैमा अरू प्राणीहरूको कल्याणका निम्ति पनि केही पर सार्दा पञ्चमहायज्ञ ठहरिन्छ भनेको छ। तर ब्राह्मणभागमा सत्य कुराका साथै सत्य कुरा संझाउन कल्पित कथाहरू पनि असंख्य छन्। त्यस्ता कथाहरूलाई विधि र निषेधको पुष्टिका निम्ति बताएको अर्थवाद हो, सत्य होइनन् भन्ने कुरा सायणको ऋग्वेद भाष्य भूमिकामा र मीमांसामा पनि देखिएका छन्। 'द्रव्यसंस्कार कर्म सुफल श्रुतिरर्थवादः' (मीमांसा सूत्र।) एक उदाहरण दिऊँ-नगीचै रहेका विदेह राजालाई पुरोहितले यज्ञ-निम्ति घेरैपल्ट बोलाउँदा बोलेनन्। जब घृत[७] शब्द समेत भएको मन्त्र पढेर बोलाए, तब बोले। पहिले किन नबोलेको? भनी पुरोहितले सोधे, मेरा मुखमा आगो बसेकोले मुख बाउँदा भान्ने डर भएर नबोलेको हुँ, अहिले कसरी बोल्नुभो त? भन्दा विदेहले घृत शब्द तपाईंले भन्नाका साथै मेरा मुखबाट आगो निस्किएर गए-

---

यद्ध्येभ्य एतकरोति यदेनः वासयते, यदेभ्योशनं ददाति। स य एतानि सर्वाणि करोति स कृतकर्मा।

६. मोघमन्नं विन्दते अप्रचेता सत्यं ब्रवीमि वध इत्सतस्य। नार्यमणं पुष्य ति नो सखायं केवलाघो भवति केवलादी (ऋक् १०।११७।५) गीता ३।१३ मा पनि 'भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात्' आफू मात्र खानेले पाप पाउँछ। यज्ञशिष्टाशनभुजो यान्ति ब्रह्मसनातनम्॥ (गीता)

७. 'तं त्वा घृतस्नवीमह' भन्ने घृतसहितको मन्त्र हो (शतपथब्राह्मण-१)

कोले बोलें भने । घृत शब्दको महत्त्वलाई पुष्ट गर्न यो असंभव कथा देखा
छ, यो अर्थवाद हो । मन्त्रभागमा पनि असंख्य कथा छन्, तर यस्ता
कथा मन्त्रभागमा छैनन् । स्वाभाविक कथा छन् तापनि पुरातत्त्वको
गर्न, मन्त्रहरूको कठिन अर्थ र भाव बुझ्न तथा अरू असंख्य समाजो
व्यवहार जान्नसमेत ब्राह्मणग्रन्थहरू अति मननीय छन् । आधुनिक पा
विद्वान्हरूले 'पृथिवीभरमा सबैभन्दा पुरानू ग्रन्थ वेदै हो' भन्ने कुरा
पनि ऐतिहासिक दृष्टिले पैंतीस सय वर्षयता वेदको आरम्भ बताए ।
वेदकै आधारमा आर्यहरू पश्चिमबाट आई यहाँका द्रविड़ आदिवासी
लाई जिती तल्लो तहमा राखी शासन गर्न लागे । ५।६ हजार वर्ष अ
सिन्धु घाटीको सभ्यता आर्यको वा वैदिक होइन, यहींका द्रविड़को
त्यसलाई आर्यहरूले ध्वस्त पारे इत्यादि फूटका बीजलाई सत्य भान
गरी अंग्रेज शासक पक्षका विद्वान्हरूद्वारा १।२ वेद मन्त्र पनि राख्तै इति
तयार गरी गराई शिक्षा विभाग उनैको हुँदा पढ़ाइयो । युद्ध अचेल
उस वेला पनि कौरव-पाण्डवको जस्तो वा इरान-इराकको मुस्लिमको
आफन्तमा र पराईका साथ पनि हुन्थ्यो, तर जातीय रङ दिनु
बुद्धिमत्ता हो ।

●

वेद-समयमा भ्रम निवारण

मन्त्रभागको प्राचीनता वा अर्वाचीनता-बारेमा केही चर्चा गरेर
विषयमा कलम चलाइनेछ । किनभने ? वेद कतिसम्म पुरानू हो ?
वा अनादि नै हो ? भन्ने बारेमा विचार नगरी वेद-विषय लेख्नु अति

जस्तो देखिन्छ। किनकि ? पुरानू वैदिक तर्क-प्रधान पढ़ाइको परम्परा छुटेर अकँ प्रकारको पढाइ चालू भएको सयौं वर्ष बिते। अचेल सबै छात्रहरू प्रकार प्रधान विषय पढ्दछन्। आलोचना-प्रत्यालोचना हुँदै रहन्छन्। पाठ्य पुस्तक-हरूमा र नेपाली तथा भारतीय पत्र-पत्रिकाहरूमा पनि वेद-समय-बारेमा एक-दुइ उत्खननसमेत देखाउँदै अनेक विचार प्रकट गरिए र गरिँदै छन् पनि। हामी संस्कृतका विद्वान्‌चाहिं २।३ सय वर्ष अघिसम्म भनेको वेद-समय र मन्त्रार्थ जस्तो थियो त्यही मात्र मानेर लेख्ने बोल्ने गर्दै छौं। भारतमा अंग्रेज आई चहल-पहल र शासन समेत गर्दै बढेका मतमतान्तर विचारहरूको खण्डन-मण्डन नगर्ने हो भने संस्कृत छात्रहरूका साथै अरू छात्रहरूले र पाठक-हरूले पनि हामीहरूलाई नयाँ सत्यको उपेक्षा गर्ने, तर्कको उत्तर दिन नसक्ने, डराउने, पूर्वाग्रहग्रस्त सत्य र असत्य छुट्याउन नसक्ने ठहराउनेछन् र नवी-नता वादलाई सत्य नभए पनि सत्य ठहऱ्याउनेछन् र भ्रममा पार्नेछन्। किनकि ? जबतक कुनै नयाँ रोचक विचारलाई युक्ति र प्रमाणद्वारा खण्डन गरिदैन, तबतक त्यो विचारलाई धेरैजसोले असत्य भए पनि सत्य ठहराउनु स्वाभाविक हो। 'सत्यमेव[1] जयते नानृतम्' भनेकै छ। तर कुन सत्य हो, त्यो पत्ता लगाउनु कठिन भए पनि अति असत्यलाई[2] खण्डन गरी सत्य खोजी प्रकट गर्नु, सो नसके सत्यको नगीच पुग्न प्रयत्न गर्नु नै विद्वान्‌हरूको कर्तव्य हो।

हुनता यो लेखक, अनेक दृष्टिकोणले लेखिएको हुँदा, पैले लेखेका वेद समय-बारेमा वेदलाई अनादि (देश कालातीत) मानेकोमा पनि, असहमत छैन, सहमतै छ, तापनि असत्य अति अर्वाचीनता वादको खण्डन ऐतिहासिक दृष्टिबाट नै गर्न आवश्यक मान्दछ र ऐतिहासिक दृष्टिबाटै भ्रम हटाइन्छ।

---

१. उपनिषद् मुण्डक

२. तं सन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः (रघुवंश काव्य, कालिदास कृत, सर्ग १।१३। अर्थ—सत् र असत् छुट्याउन सक्ने सज्जनहरूले यो रघुवंश हेरून् र सत् असत् छुट्याउन्।

साथै वेदमन्त्रहरूको व्याख्या वा अर्थ पनि तात्कालिक परिस्थिति र व्यक्ति अनुसारै फुर्ने हुँदा अब पनि मन्त्र-ब्राह्मण श्रौत-सूत्र, निरुक्त र पुरानू हरूको र व्याकरणको समेत सहयोगबाट फुरे-अनुसार व्याख्या गर्नु मात्र होइन आवश्यक देखिन्छ। त्यसै हुँदा स्वामी दयानन्द सरस्वतीले उहाँका शिष्यले समेत पृथिवीभरको त्यस समयको परिस्थिति र यहाँ धार्मिक जनताको भावनातर्फ पनि दृष्टि दिएर हिंसा-परक र अश्लील परक पुरानू व्याख्याको व्याकरणको र निरुक्तको समेत सहयोगबाट सबै गरी चारै वेदको व्याख्या गर्नु भयो। उहाँका अनुयायी विद्वान्हरूले पनि माने। अर्का थरीले कतिपय मन्त्रको व्याख्या बेठीक पनि माने। तर यो सुधार कार्य गर्न भित्री र बहिरी अनेक वर्गका साथ लड्दै-भिड्दै अनेक लेख्तै वेद व्याख्या गर्नु अति ठूलो काम हो। त्यसमा केही त्रुटि स्वाभाविकै हो। हिंसापरक व्याख्याको खण्डनले वेदमा धेरैको आस्था जाग्न को छ। मन्त्रहरूको विभिन्न व्याख्या प्रकरणमा केही आलोचना गरिन्छ।

●

वेद-समय

अंग्रेजी शासनभन्दा पहिलेसम्म वेदसमय-बारेमा वेदानुयायीहरूको प्रकारको मत देखिन्छ। यौटा मत मीमांसा दर्शन आदिको छ। जसमा अनादि अपौरुषेय ज्ञानराशि हो, कसैले बनाएको होइन, परम्पराबाट सुनि आएको छ। त्यसैले श्रुति[1] पनि भनिन्छ। अर्को मत—सृष्टिको आरम्भ

---

१. श्रुतिः स्त्री वेद आम्नायस्त्रयी···। अमरकोश शब्दादिवर्ग।
श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः (मनु० २।१०)

परमेश्वरले सम्पूर्ण मनुष्यका निम्ति उपदेश गरेको वा ऋषिमुनिका हृदया ध्यानावस्थामा प्रकट गरेको ज्ञानराशि वेद हो। न्याय[1] र योगदर्शन[2] आदिले दलाई ईश्वरबाट प्राप्त मान्दछन्। आर्यसमाज संस्थापक दयानन्द सरस्वतीले ही मत मानेको हुँदा वेदको समय वा सृष्टिको १९६०८५३०७९ वर्ष धिको हो भन्ने कुरा आर्य समाज मान्दछन्। वेदमा देखिएका पुरूरवा उर्वशी ादि नामहरू ऐतिहासिक मानिसका होइनन्। पछि जन्मेका मानिसलाई ी नाम राखिएका मात्र हुन्। इत्यादि विचार उक्त मतमा देखिन्छन्। परमेश्वलाई वेद[3] गीता[4] योगशास्त्र[5] समेतले पुरुष पुरुषोत्तम भनेको हुँदा वेदलाई श्वरबाट पाएको भन्ने प्राचीनतावादीले पनि पौरुषेय मान्न वाधा देखिंदैन। हामी सबैका पुराना गुरु (उपदेशक, अन्तःकरणमा सत् प्रेरक) ईश्वर न्" पनि (पा०यो०सू० १।२४) मा भनेको छ। मन्त्र-द्रष्टा ऋषिहरू याख्याता मात्र हुन्, निर्माता होइनन् पनि भन्दछन्।

यी कुरामा आश्चर्य मान्ने काम पनि देखिंदैन। जुनसुकै अति नवीन प्रदायले पनि आफ्नू संप्रदायको संबन्ध ईश्वरका साथ जोरेकै देखिन्छ। साईहरू ईश्वरका पुत्र ईशु हुन्। उनले बताएको उपदेश बाइबल हो भन्छन्। स्लाम संप्रदायले अल्लाह (ईश्वर) ले पैगम्बर वा रसुल (दूत) द्वारा नुष्यलाई पठाएको पैगाम (संदेश, समाचार) नै कुरान हो भन्दछन्। मैक्समूर र शोपेनहार आदि कतिपय पाश्चात्य विद्वान्हरू निष्पक्ष हुन्। मैक्स-

---

1. वाक्यं द्विविधं वैदिकं लौकिकं च। वैदिकमीश्वरोक्तत्वात् सर्वमेव प्रमाणम्। लौकिकं तु आप्तोक्तं प्रमाणम्। तर्कसंग्रहः शब्दखण्डम्।
2. स पूर्वेषामपि गुरुः कालेनानच्छेदात् (पा० यो० सू० १।२६)
3. योऽसावादित्यो पुरुषः सोऽसावहम् (यजुर्वेद ४०।१८। पुरुष एवेदं सर्वम् (पुरुषसूक्त)
4. उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः। गीता १५।१७।
5. क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः। पा०यो०सू० १।२४

मूलरले 'भारतले हामीलाई के सिकाउँछ ?' भन्ने पुस्तक लेखे। 'मेरी
खुशी की घडियाँ वेदान्त[1] की किताबों को पढ़ने में बीतती हैं। मेरे लिए
सबेरे की रोशनी जैसी, पहाड़ों की साफ हवा जैसी है, भने। शोपेनह
पनि 'उपनिषद्का हरएक शब्दबाट गहिरा मौलिक उच्च विचार
हुन्छन्। संपूर्ण संसारमा त्यस्तो रचना छैन, जो उपनिषद् जस्तो उप
होस्। यो सबैभन्दा उच्च ज्ञानको उपज हो। उपनिषद् पढ्नाले
जिन्दगीलाई शान्ति मिलेको छ' भने। तर उक्त मैक्समूलरले पनि
ई० पू० १३ सय वर्ष मात्र वेदको रचनाकाल भने। यस्तै गरी
कतिपय पाश्चात्य विद्वान् ता अंग्रेज शासनको पूर्ण पक्षधर थिए। भा
अंग्रेजको शासन हुन लागेपछि हतियारबाट र भेदनीति आदिबाट
जितिएको भारतलाई मानसिक, सांस्कृतिक स्तरबाट समेत जितियोस्
उद्देश्य राखी नयाँ प्रकारले इतिहास लेखिए र नयाँ खुलेका स्कूल
पढाउन थालियो। हाम्रा सम्पूर्ण समाजले र शास्त्रले पनि वेदलाई
(उत्पन्न नभएको) ज्ञानराशि मानेको थियो। हाम्रा रामायण, महा
स्मृतिहरू र पुराणहरूले पनि वेदलाई सर्वोपरि ठूलो अकाट्य प्रमाण मा
त्यसै वेदको र अरू रचनाकारको पनि रचनाकाल तोक्तै पश्चिमोत्तर
आर्यहरू ४ हजार वर्ष यता आएर पंजाबमा र काश्मीर (सप्तसि
का पुराना बासिन्दालाई जिती त्यहीं बसोबास गरी वेदको
गर्न थाले। आर्य-अनार्य, मंगोल द्रविड आदिवासी, नवागन्तुक आदि
भाग लगाइदिए। यसरी हाम्रा शास्त्रहरूको गम्भीर अध्ययन गरी रचन

---

१. हिन्दुस्तान की कहानी, हिन्दुस्तान की खोज। लेखक-पं० जवाह
नेहरू, संक्षिप्त पृष्ठ ५०।५...

२. हिन्दुस्तान की कहानी राहुल सांकृत्यायन, ऋग्वैदिक आर्य आदि
पुस्तक ई० सन् पूर्व १५ सय वर्ष-पूर्व आर्यहरू पश्चिमबाट
यहाँकालाई जिती बसेर वेद बनाए।

समेत तोक्ने सर्वप्रथम खुलेको काशी संस्कृत कालेजका प्रिंसिपल ग्रिफीथ, सरकीथ मैकडोनल, मैक्समूलर आदि अनेक विद्वान्हरूले अन्वेषण, अनुसन्धान गरेर धेरै लेख (निबन्ध) पुस्तकहरू लेखी प्रकाशित गराएर भ्रम गराए। झन् ठूला अन्वेषक अनुसन्धातामा गनिएका वेवरज्यूले ता महाभारतभन्दा रामायण धेरै पछि बनेको हो भन्ने लेखे[1]। तिनै निबन्ध र पुस्तकहरूका आधारमा त्यसै शैलीबाट अध्ययन गर्ने उक्त शासकवर्गबाट धन-समेत पाएका र नपाएका तदनुयायी भारतीय विद्वान् र नेपाली विद्वान्हरूले पनि नयाँ विचारलाई सत्य ब्रह्मवाक्य र पुरानू ऋषि-मुनिको विचारलाई अयथार्थ गफ मानेझैं गरी अनेक नयाँ विचारहरू नयाँ पत्र-पत्रिकाद्वारा र पुस्तकहरू-द्वारा प्रकट गर्न थाले। नेपाल परिचय आदिमा र २०२८ सालदेखि २०३७ सालसम्मको ८ कक्षाको पाठ्य सामाजिक शिक्षामा पनि सो रटाए। यी नयाँ नेपाली र भारतीय विद्वान्हरू त्योभन्दा पर दृष्टि पुऱ्याउन नसक्ने अवस्थामा पुगे।

●

अति परम्परावादी विद्वान् र सदालोचकहरू

हुनता ऋषिवाक्य अति मान्नेमा पनि समय-अनुसार चिन्तन गर्ने शक्ति हराउँदै गएको थियो। त्यसैले संस्कृतका विद्वान्चाहिं आफ्नू परम्परावादी तर्क-वाहेक अरू तर्क गर्नु पनि पाप संझन्थे। आपनै घरका स्वास्नी, छोरी र

---

१. पन्द्रौं शताब्दीदेखि थाले। भारतमा शासन गर्न थालेपछि ता शिक्षा विभाग उनकै हातमा हुँदा माथिका विद्वान्हरूको र मिस्टर मूर हेमर टन आदिहरूको एकै ऐतिहासिक धारा बग्न थाल्यो।

बुहारी समेतले सुन्छन् पढ्छन् कि भन्ने जगजगी मान्दथे । तथा अरू जात
पढाउन-सुनाउन नहुने भन्ने र वेदको अर्थमा ध्यान नदिने थिए तापनि
रक्षा गरेछन् । त्यसो भए तापनि अंग्रेजी हाइस्कूलमा पढ्ने छात्रहरूला
आफूले पढेका इतिहासहरूबारेमा शंका हुन थाल्यो । उस वेला हाइस्कूलहरू
संस्कृत विषय पनि रामरी नै पढाइन्थ्यो । त्यसै हुँदा उनले गहिरिएर
गरी वेदाध्ययन र ज्योतिषको, भूगोल-खगोल समेतको राम्रो अध्ययन
भारतका पहिला शासक अंग्रेजहरूले पाश्चात्य विद्वान्हरूका साथ
गुप्त लेखापढीका कागत-पत्रहरूसमेत बुझी सत्यका नगीच पुग्ने र
इतिहास-समेत पत्ता लगाएर पत्र-पत्रिकामा पुस्तकहरूमा प्रकट गर्ने
'भारत में अंग्रेजी राज्य' भन्ने र अरू हिन्दू पंच विशेषाङ्कले मैकाले शिक्षा
पर्दा खोले, तर ती जप्त भए । त्यस्ता ती विद्वान्मध्ये लोकमान्य बालगङ्गा
धर तिलकज्यूले चित्त बुझ्ने गरी अनेक प्रमाणबाट वेदसमय आठ हजार
भन्दा पुरानू बताउनुभयो । ठूला विद्वान् अनुसन्धाता अविनाश चन्द्र
'ऋग्वैदिक इण्डिया 'मा र विद्वान् डा० संपूर्णानन्दज्यूले 'आर्यों[1] के आदि
मा समेत पच्चीस हजार वर्ष पूर्व वेदसमय बताउनुभयो । साथै आर्यहरू
ध्रुवबाट आएका हुन् भन्ने तिलकज्यूको मत पुष्ट गर्न जति मन्त्र प्रमाण दि
थिए, ती मन्त्रहरूको त्यो अर्थ आउँदैन भन्ने कुरा स्पष्ट त्यसैमा लेख्नु
तथा आर्यहरू यहींकै बासिन्दा हुन्, बाहिरबाट आएका हुन् भन्ने बा
कुनै वेदका कुनै मन्त्रबाट पनि संकेत मिल्दैन । असुरपूजक आर्य पंजाब
पश्चिमतर्फ गएको कुरा 'जिन्दावेस्ता' मा स्पष्ट छ । तर आर्यहरू बाहिर

---

१. आर्यों के आदिदेश— ले० डा० संपूर्णानन्द, पृष्ठ २३६ मा 'इन सा
बातों से यह निष्कर्ष निकलता है कि आज से २५ हजार वर्ष से भी
आर्यलोग सप्तसिंधव में बसे हुए थे, तथा ऋग्वेद में उस समय की स्मृ
और झलक है।·····ऋग्वेदकाल तभी से आरम्भ हुआ। ऋग्वेदी
आर्य संस्कृतिका विकास सप्तसिंधव में तब से ही शुरू हुआ।'

आएका भन्ने कुरा अंग्रेज शासनबाट निस्केर नेपाली र भारतीय चेलामा घुस्यो ।

इरानका आर्यहरूले अवेस्तालाई[1] वेद सरह मान्दथे । त्यस ग्रन्थमा १६ ठाउँमा बसाइँ सरेको उल्लेख छ । पन्द्रौं स्थान हप्त हिन्दू लेखिएकोले पंजाब काश्मीरमा पनि आएको उल्लेख छ । ती आर्य असुर (अहुरमज्दा) पूजक; हामी देवपूजक हुँदा र अरू पनि मतभेद बढ्यो होला र संघर्ष भयो होला । त्यसैलाई देवासुर[2] संग्राम भनेको हुन सक्तछ । तर अवेस्ताको त्यस प्रकरणमा भीषण गर्मी र स्त्रीहरूको असाधारण प्रसव समेत हुने कारणले छोड़ेको लेखेको छ । त्यहाँ छोडेपछि पश्चिम इरानतर्फ लागे । पछि संप्रदायान्ध मुस्लिम आक्रमणबाट आफ्नू धर्मग्रन्थ र संस्कृति बचाउन भारत आएर बसे । अझै पारसी नामले प्रसिद्ध छन् । आवेस्ता साथै छ । अहुरमज्दा भन्दछन् । अग्निपूजक हुन् । शतपथ[3] ब्राह्मणमा र अरू प्राचीन ग्रन्थहरूमा पनि यौटै पुरूरवा, का सन्तान देव र असुरहरूको संग्रामलाई देवासुर संग्राम बताएको हुँदा

---

१. अवेस्ताको पहिलो वेन्दिदादको प्रथम फर्गर्द (अध्याय) आर्यों के आदि देश, पृष्ठ ५८।५९ । अवेस्तामा इन्द्रबाहेक ऋग्वेदका अग्नि, मित्र, वायु, यम, सूर्य आदि देवताको उल्लेख छ ।

२. आर्यों के आदि देश—ले० सम्पूर्णानन्द पृ० ६३।७१ सम्म । शी० देवासुर संग्राम ।

३. देवाश्च ह वै असुराश्च उभये प्राजापत्याः पस्पर्धिरे (शतपथ ब्रा० १।२।३) 'स' लाई 'ह' भन्ने हुँदा सप्ताहलाई हप्ता भनेजस्तै असुरको अहुर भएको हो । अति बलियो अर्थ पनि हुन्छ । अस्तु, प्रशस्तं बलमस्यातीति असुरः ।

मदन[1] मणि दीक्षितज्यूले द्रविड़ र आर्यको युद्धलाई ऋग्वेदको देव संग्राम र आर्य बाहिरबाट आएका हुन् भनेकोमा पाश्चात्यको भनाइ अरू प्रमाण देखिदैनन् । त्यस्तै राहुलजीले पनि बोल्गा से गङ्गा, ऋग्वे आर्य, दर्शन दिग्दर्शन, आदिमा आर्य अन्तबाट ई. पू. १५ सय वर्ष पूर्वमा आ कुरामा वेद मन्त्र र अरू कुनै पनि प्रमाण दिन सकेका छैनन् । त्यसैले ती असत्य हुन् ।

वेद-समय–बारेमा नेपाली प्रसिद्ध विद्वान् बालकृष्ण समजीले ले भएको छ कि ऋग्वेदलाई सबभन्दा पुरानू ग्रन्थ मान्दछन् । ३५ सय वर्ष पुरानू होइन भन्दछन् । सर कीथले भने-अनुसार ताम्रयुग चार हजार वर्ष–अघि हो, ऋग्वेद ताम्रयुगमा बनेको हो । तर अनेक प्रमाण हेर्दा ऋग्वेद छः ह वर्ष पूर्वको अनु[2]मान हुन्छ । राहुल[3] सांकृत्यायनले ई० सन् पूर्व १५ सय देखि ऋग्वेदको आरम्भ भनेर पाश्चात्यकै अनुसरण गरेको देखियो । जो असत्य हो ।

यसमा शंका हुन्छ कि राहुलजीको अध्ययन कम थिएन । किन पा सरह मात्र लेख्नुभयो ? यसको उत्तर के भने रामायण, महाभारत, पुरा घेरै नै ऐतिहासिक सामग्री पाइन्थ्यो । तर यिनमा सत्य कुरा संझाउने

---

१. २०३४ चैत्र, संख्या २०३ रूपरेखा । हिन्दू जीवन र सभ्यताको तथा विकास सामान्य चिन्तन । शीर्षक । यसको विस्तृत आलोचना गरिएको छ । उहाँले अर्को अंक रूपरेखाको शीर्षक युगगाथाको गति यस्तै छ । ऋग्वेदमा देवता इन्द्र आदिलाई नै असुर भनिन्छ । अर छन्; देवासुर युद्ध छैन ।

२. नियमित आकस्मिकता । साझा प्रकाशन सं० २०३२, पृ० ८३, पृ मा समेत ।

३. दर्शन दिग्दर्शन, पृ० ३८० मा र ऋग्वैदिक आर्य, मानव इत्यादिमा ।

नै काल्पनिक कथा हुनाले उहाँले उपेक्षा गर्नु भयो। यो कुरा ऋग्वैदिक आर्य भन्ने पुस्तकको भूमिका पृष्ठ १० मानै 'ऋग्वैदिक काल की ऐतिहासिक सामग्री गड़बड़ करनेकी जो प्रवृत्ति महाभारत, रामायण और पुराणों में मिलती है, उसका प्रारम्भ उसी समय (ई० पू०७ सय) हो चुका था।"

वास्तवमा ता जतिसुकै काल्पनिक कथा भए पनि ती ग्रन्थमा असंख्य सत्य इतिहास पाइन्थ्यो। ती ग्रन्थहरूको उपेक्षा गरेको हुनाले निजको वेदको र अरू ग्रन्थ आदिको समय सत्यबाट धेरै टाढा पुग्यो।

राहुल[1]जीले ऋग्वैदिक आर्य (पृ० १० देखि पृ० २५ सम्म) संक्षेपमा १२ हजार वर्ष अघिसम्मको भारतका शासकहरूको नाम लेख्नुभएको छ। तर दशरथ, राम, धृतराष्ट्र, युधिष्ठिर, जनमेजय आदि प्रसिद्ध राजाको नामै छैन।

---

१. वास्तवमा राहुलजीका उक्त पुस्तकहरू र 'मानव समाज', 'बोल्गा से गंगा', मेरी जीवनयात्रा', 'बाईसवीं सदी', 'तपस्वी जीवन' आदि पुस्तक हेर्दा अध्यात्मवादबाट फिरेर पूर्ण भौतिकवादमा लागेर भारत उन्नत अवस्थामा पुगोस् भन्ने आशय भएजस्तो बुझिन्छ। थोरै बौद्ध ग्रन्थको र आर्य समाजको प्रभाव परेको छ। मार्क्सवादको धेरै प्रभाव परेको छ। त्यसैले रामायण, महाभारत, पुराणको उपेक्षबाट उहाँको ऐतिहासिक विवेचन सत्यताबाट धेरै टाढा गएको छ। हाम्रो संस्कृति, नैतिकता भर्सेलामा परोस् चिन्ता छैन। त्यसैले बौद्ध रामायण (दशरथ जातक)-मा लेखकको भूलबाट वा अरू नै कारणबाट लेखिएको अनुचित कुराको पनि निजले समर्थन गरेको कुरा रामायण प्रकरणमा बताइनेछ। राहुलजी अति जानकारी भएका प्रतिभाशाली भैकनपनि पूर्वाग्रही देखिन्छन्। धेरैजसो विद्वान् पूर्वाग्रही हुन्छन् र तदनुयायीहरूको विचार पनि त्यस्तै भएको बुझिन्छ। धेरैजसो लेखकको उद्देश्य आफ्नू लेखद्वारा जनताको उन्नति प्रगति होस् भन्ने नै हुन्छ। कैयौं लेखक मात्र [illegible] भन्ने उद्देश्यले अन्यायीको पक्ष बलियो पार्न जे पनि लेख्छन्।

डा. दिल्ली [illegible]
जनाधी रेग्मी सा[illegible]
पुस्तकालय
2097

वास्तवमा कौरव-पाण्डव युद्ध ई० पू० ३१३७ मा भएको हो । युधिष्ठिर का
५ हजार वर्ष अधिको हो । सो मिति आर्यभट्ट, भास्कर, एहोलको शिलाले
र वराहमिहिरको वृद्ध गङ्गाको उद्धरण आदिबाट पुरातत्त्वको खोज गरे
पत्ता लागेको हो ।[1] कलियुग[2] लागेको अचेलको पात्रो-अनुसार ५०८४ व
भयो । कुरु-पाण्डव युद्धपछि युधिष्ठिरले राज्य शासन ३६ वर्षसम्म गरे
विक्रम[3] संवत्-अघि युधिष्ठिर संवत् थियो । रामशाहको जीवनीमा युधिष्ठि
संवत् स्पष्ट छ । दशरथ, रामचन्द्रको राज्यकाल त्रेतायुग लेखेको हुनाले यदि
हजार वर्ष पहिले हो भन्न नसके पनि कृष्ण, युधिष्ठिरभन्दा धेरै पहिले हो
भन्न सकिन्छ । आफ्ना समयमा सर्वत्र प्रसिद्ध भएका कृष्ण र युधिष्ठि
आदिको वर्णन वाल्मीकि रामायणमा छैन । अरू अनेक कारण तल दिइने
र रामायणलाई पुरानू मान्नैपर्‍यो । राम, रावण, हनुमान आदिको नाम
कृष्ण, युधिष्ठिर अर्जुन आदिको वर्णन थोरै पनि चारै वेदको मन्त्र भागम
नहुनाले वेद अति पुराना मानिन्छन् । मोहनजोदड़ो आदिको खनाइबाट फे
परेको ७ हजार वर्ष-अधिको सभ्यता पाश्चात्य र कतिपय नेपाली
भारतीयहरूले पनि द्रविड सभ्यता हो, आर्य सभ्यता होइन भने । २०२८ सा
देखि २०३७ सालसम्मको नेपालको ८ कक्षाको पाठ्य पुस्तक 'सामाजि
शिक्षा' मा पनि सिन्धु सभ्यताका निर्माता द्रविड र विध्वंसक आर्य भन्नु पर्
मैकाले शिक्षाको परिणाम हो । प्रविड़ पनि आर्य नै हुन्, त्यहाँ युद्ध कल्पि

---

१. नई दिल्ली, मार्ग १९७५ ई० सन् १५ दिसम्बर, साप्ताहिक हिन्दुस्तान
कलकत्ता १३ दिसम्बरको पुरातात्त्विक निर्णय ।

२. हिन्दू विश्वविद्यालय काशीको शिलान्यास सन् १९१६ माघ शुक्ल प्रति
पदा शुक्रवारमा मदनमोहन मालवीयका निम्तामा वाय सराय हर्डिञ्जले
गरे । साथै राखेको ताम्रपत्रमा कलियुग लागेको ५ हजार वर्षपछि विश्व
विद्यालय थालियो भन्ने छ ।

३. 'नेपाली गद्य साहित्यको ऐतिहासिक सँगालो' ले० बालकृष्ण पोखरेल
(पृष्ठ ६७ मा रामशाहको जीवनी)

हो । त्यहीं आर्यहरूको लेखन कला थिएन भन्नु ठीक होइन, वैदैमा लेख्ने कला छ । बालकृष्ण समज्यूले द्रविड सभ्यता जस्तो छ मात्र भन्नुभयो ।

जवाहरलाल नेहरूजीले[1] लेखेको छ कि 'त्यो छः सात हजार वर्ष पुरानू समयदेखि जब सिन्धु घाटीको सभ्यता आरम्भ भएको थियो होला । सिन्धु घाटीको सभ्यता कसको थियो ? यसै देशको संस्कृति थियो । यदि भारतमा बाहिरी मानिस आएथे भने पनि हजारौं वर्ष पहिले नै आएहुनन् । व्यवहारमा उनलाई भारतको निवासी मान्न सकिन्छ । वेदको समय निर्णयका बारेमा ठूलो मदभेद छ । यूरोपीय[2] विद्वान् यता तान्न खोज्दछन्, भारतीय विद्वान् पुरानू प्रमाणित गर्न चाहन्छन् । तर मोहनजोदड़ोको खनाइपछि यी धर्म-ग्रन्थलाई[3] अझ पुराना प्रमाणित गर्नेतर्फ लागेका छन् । "यह संभावित है कि यूनान इसराइलके इतिहास से पुराना है । पहला[4] वेद ऋग्वेद शायद मनुष्य मात्रकी पहली पुस्तक हैं ।' सिन्धु[5]घाटी की सभ्यता विशुद्ध वैदिक सभ्यता है। (आज पत्रिका, सन् १९६६, दिसम्बर ९) त्यसमा मुख्य प्रमाण एक रूखमा

---

१. अजैषं त्वा संलिखितमजै समनु संरुधम् । (अथर्ववेद (७।५०।५)

२. हिन्दुस्तान की कहानी (संक्षिप्त) सन् १९५७ मा प्रकाशित, हिन्दुस्तान की खोज (पृ० ३२)

३. पृष्ठ—३६ 'हिन्दुस्तान की कहानी' मा

४. पृष्ठ—३७ 'हिन्दुस्तानी की कहामी' मा

५. हिन्दुस्तान की कहानी पृ० ३९ मा पृ० २८।२९ मा "पंजाब और सिन्ध में अगर हम हिन्दुस्तान के और दूसरे हिस्सों में भी न मानें, एक बहुत उन्नत और अम्दुत रूप से आपस में मिलती-जुलती सभ्यता का प्रचार था, जो उसी काल की मोसोपोटामिया और मिस्र की सभ्यताओं से पृथक् होते हुए भी कुछ बातों में उससे ज्यादा उन्नत थी ।

हुई चरा छन्, एउटा फल खाँदै छ अर्को खाँदैन, यो कुरा वेद[1] मन्त्रमा
(मुण्डकोपनिषद् ३।१।१)

शिवमूर्ति, देवीमूर्ति आदि समेत हुँदा र वेदैमा शिव रुद्र स्तुति
वैदिक सभ्यता हो ।

वंशावली लेख्ता कैयौं नाम छुट्न पनि सक्तछन् । पुराना लेख्ने सा
ताड़पत्र आदि र अचेलका सामग्री कागत आदि नष्ट हुन्छन् । शिलापत्र
पनि खनेर भित्र कालान्तरमा भेट्न संभव हुन्छ । सम्राट् अशोकका समय
धेरै कुरा असंख्य शिलापत्र पाइएकाले बाईस सय वर्ष पुरानू कुरा पनि
पाइएको छ । शिलापत्र नै पनि कालान्तरमा अत्यन्त परिश्रम र खर्च
मात्र पाउन सकिन्छ । जस्तै--भगवान बुद्धको जन्मस्थल पनि २५ सय
अधिको भैकन पनि अनेक इतिहास, पुराण र बौद्ध ग्रन्थ हेरे पनि पत्ता पा
सकिने थिएन । खालि एक अशोक स्तम्भ धेरै खोज गर्दा ज० खड्गशम
राणा र पुरातात्त्विक डा०ए०ए० फुररले समेत संवत् १९५२ (सन् १८९
मा फेला परेकोले मात्र जान्न पाइयो । हाल रूपन्देही जिल्लामा नेपा
पर्दछ । त्यस स्तम्भमा "यहाँ बुद्धको जन्म भएको थियो' भन्ने लेखिएको[2]
'स्वतन्त्र विश्व पत्रिका (वर्ष १५, संख्या ६, द्वैमासिक, १९७९ सन्, पृष्ठ
त्यस अशोक स्तम्भको लेख—'देवान पियेन पिय दशिन लाजिन विसतिवस
तेन आतन आगाच महीयते हित बुधे जति स मुनीति सिलाविगडभी

---

१. वेदमन्त्रमा एक वृक्षमा २ चरा छन् । एक चरो फल खान्छ, अर्को
खाँदैन, भनेको छ । त्यहाँ चित्रमा रूख र फल खाने र नखाने २
पनि हुँदा विशुद्ध वैदिक सभ्यता भनेको हो । ऋक् १।१६४।२०)
द्वासुपर्णा सयुजा सखाया समाने वृक्षे परिसस्वजाते ।
एकस्तयोः पिप्पलं स्वाद्वत्ति अनश्ननन्यो अभिचाकसीति । ऋ०
१६४।२०)

२. 'भारतका बौद्ध तीर्थ' पृष्ठ ११, भारत दूतावास, नेपालबाट प्रकाशि

कालापित सि थमे चउ णयिते हिद भगवं जातेति लुंमिनी गामे उवलिके कटे अठ भागि……।

संक्षिप्त अर्थ—'अशोकको शासनको २० वर्षपछि यहाँ आफै आई पूजा गरे, भगवान् बुद्ध यहीं जन्मेका हुन् भन्ने कुरा चिनाउन यो खम्बा यहाँ ठड्याएको हो। लुम्बिनी गाउँमा बस्नेले ८ भागको १ भाग मात्र तिरे हुन्छ। अरू सबै रकम दिनुपर्दैन'। जस्तोसुकै सुरक्षा गरे पनि मोहमद गोरी, तैमूर्लङ्ग, औरङ्गजेब आदि संप्रदायान्ध आक्रामक वा शासकहरूले सब नष्ट-भ्रष्ट गर्ने मात्र होइन, सो अभियान चालू नै राख्ने समेत हुँदा इतिहासको शृङ्खला बीच-बीचमा टुट्न पनि संभवै[1] छ। वेदलाई त्यस समयको समाज-अनुसार अनादि, अपौरुषेय वा ईश्वर वाक्य भनेको हुन सक्तछ, अथवा ज्ञानको खानि ईश्वर मानेकोले विशुद्ध सत्य ज्ञानलाई ईश्वरीय ज्ञान मानेको हुन सक्तछ, इत्यादि अनेक दृष्टिकोण हुन सक्ने हुँदा ती कुरा गलत मान्न सकिदैन, तापनि रामायण[1], महाभारत, स्मृति र पुराणहरूका ऐतिहासिक राम, कृष्ण, हनुमान, अर्जुन आदि ऐतिहासिक कुरा वेदमा पटक्कै नहुँदा र मानवतावादी सद्भावना, सर्वात्मभावना जाति संप्रदायबाट उपर उठेका विचारहरू केही दुर्लभ ऐति-हासिक, सांस्कृतिक, आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक सामग्रीका

---

१. हुनता ती ग्रन्थहरूमा नीलकण्ठाचार्यको टीका टिप्पणी देखिएकोले र उहाँले लेखेको मन्त्र रामायणमा रामको उल्लेख र मन्त्र भागवतमा कृष्णको उल्लेख वेदमा छ भन्ने कुरा लेखेको छ, भनेर ती मन्त्र कैयौंले देखाएका छन्। राम र कृष्ण नाम भएका मन्त्र देखिन्छन्। ती मन्त्र-हरूको भगवान् राम, कृष्ण परक अर्थ उहाँलाई फुरेकोमा धन्यवाद छ। सायण, महीधर आदिले र दयानन्द सरस्वतीजीले समेत त्यो अर्थ गरेनन् हामीलाई पनि त्यो अर्थ फुर्दैन। वेदमा हनुमान्को स्तुति छ भन्दै रुद्रको स्तुति भएका वेद मन्त्रको हनुमान्को स्तुति हो भन्ने समेत लेखे, तर हामीलाई त्यो अर्थ कतैबाट पनि फुर्दैन। हनुमान् शब्द वेदमा छैन।

बीज वेदमा हुँदा त्यति पुराना त्यस्ता कुरा अन्यत्र कहीं पनि नपाइने हुँदा समेत ६ हजार वर्ष उता २५ हजार वर्षसम्म वेद समय बताउने विद्वान् लेखकहरूलाई पनि अति प्राचीन सत्य कुरा प्रकट गर्नें, पृथिवीभरमा सबै भन्दा पुरानू ग्रन्थ वेद हो भन्नेसम्म कुरा मानेकोमा धन्यवाद दिंदै उहाँहरू प्रति आभार प्रकट गरिन्छ। साथै उहाँहरूको अर्वाचीनतावाद, आर्य शब्द को जात अर्थ गर्नु, बाहिरबाट आएका हुन् भन्ने आदि कैयौं कुराको माथि विद्वान्हरूको लेखबाट र वेद - मन्त्रहरू र अरू पनि पत्यार लाग्ने प्रमाण दिन नसकेबाट समेत असत्य हुँदा खण्डन गरियो र गरिंदै छ।

अब कतिपय लेखकहरूले चार वेदमध्येका वेदको र उपनिषद्, रामायण, महाभारत, स्मृति, पुराणहरूको समय आदि बारेमा अनेक लेख परस्पर विरोधी लेखको बारेमा समेत नम्रतापूर्वक केही आलोचना गरिनेछ।

अथर्व वेद

राहुलजीले अथर्ववेद सबैभन्दा पछि, बुद्धभन्दा पनि पछिको हो बुद्धको समयसम्म पनि तीन वेदको मात्र उल्लेख छ भनेको छ। त्यसै अनुसार शान्तिसुरभजीले[२] पनि अथर्ववेद बुद्धभन्दा पछिको हो भनेको छ, तर पहिले ऋग्वेद, धेरैजसो गद्य भएको यजुर्वेद, गाना सामवेद हुन्। अथर्ववेद पनि

---

१. दर्शन दिग्दर्शन, पृष्ठ ३८९, अ० १४ 'अथर्व वेद सबसे पीछेका वेद है बुद्ध के वक्त (५६३।४८३ ई० पू०) तीन ही वेद माने जाते थे।'

२. 'हाम्रो संस्कृति-एक सिंहावलोकन' साझाबाट प्रकाशित, पृष्ठ ४४।४८ मा अथर्ववेद बुद्धभन्दा पछिको हो। यो कुरा राहुलजीकै दोहोऱ्याएको जस्तो छ।

पश्चात्मकै छ । सामवेदका सबै मन्त्र ऋग्वेदकै छन्, ७५ मन्त्र मात्र नयाँ छन्, भन्ने कुरा वेदानुसन्धन गर्ने सबै विद्वान्हरूले गरेका छन् । ती तीन वेदको मात्र जुनसुकै यज्ञमा पनि उपयोग गरिन्थ्यो । त्यसै कारणले नै पुरुषसूक्त,[1] शिव-संकल्प[2], मनुस्मृति[3] आदिमा र अन्यत्र पनि तीन वेद लेखेको देखिन्छ । अथर्ववेद बुद्धभन्दा पछिको, अथवा अथर्ववेदको केही अंश बुद्धभन्दा पछि भपिएको भए ता उसै वेला धेरै क्षेत्रमा प्रसिद्ध भैसकेका बुद्धको नाम अथर्व-वेदमा हुनुपर्दथ्यो, उहाँका बारेमा ठीक-वेठीक केही ता प्रकट गर्नुपर्दथ्यो । जस्तै पुराणहरूमा बुद्धलाई विष्णुको नवौं अवतार मानेर श्रद्धा गरेको छ, र उहाँका दार्शनिक आदि कुराको मात्र कैयौं स्थानमा विरोध गरेको छ, तर रामायण, महाभारतमा समेत बुद्धको नाम छैन भने बुद्धको नाम अथर्व वेदमा कसरी हुन्थ्यो ? वाल्मीकि रामायणमा अयोध्याकाण्ड सर्ग १०८ र १०९ मा बुद्धको नाम एक स्थानमा छ ती दुवै नै सर्ग थपेको हो । बौद्ध साहित्यमा तीन वेद लेखेको हुँदा अथर्ववेद बुद्धभन्दा पछिको हो भन्ने कुरामा अरू कुनै प्रमाण दिन सकेको छैन । त्यो अति असत्य हो । तीन वेद भन्ने उल्लेख ता मनुस्मृति[3], गीता[4],

---

१. तस्माद्यज्ञात्सर्वहुतऽऋचः सामानि जज्ञिरे, छन्दांसि जज्ञिरे तस्माद्यजुस्त-स्मादजायत ।

२. यस्मिन्नृचः साम यजूंषि यस्मिन्प्रतिष्ठिता रथनाभाविवाराः ।

३. षट्त्रिंशदाब्दिकं चर्यं गुरौ त्रैवेदिकं वसेत् । छत्तीस वर्षको उमेरसम्म तीन वेद पढ्ने व्रत गर्नू (मनु० ३।१)

४. त्रैविद्या मां सोमपाः पूतपापाः ।
एवं त्रयी धर्म मनुप्रपन्ना ।
गतागतं कामकामा लभन्ते ।
तीन वेदको कर्मकाण्डमा लाग्नेले मुक्ति पाउँदैन (गीता ९।२१)

सप्तशती[1], महिम्नस्तोत्र[2] अमरकोश[3] आदिमा पनि छ। ती दुईको तर्क-अनुसार ता प्रथम-द्वितीय शताब्दीदेखि धेरै पछिका समयमा लेखेका पुस्तकमा पनि तीन वेदको उल्लेख हुँदा सोभन्दा पछिको अथर्ववेद हो भनेजस्तै नै उक्त दुई विद्वान्ले बुद्धभन्दा पछिको अर्थववेद हो भन्नु अति असत्य ठहर्छ। बुद्धभन्दा मात्र होइन कृष्ण, युधिष्ठिर, राम, रावण भन्दा पनि अथर्ववेद धेरै पुरानू हो। अर्को कुरो, राहुलजीले नै ऋग्वैदिक आर्य[4] भन्ने पुस्तक अ० २. पृष्ठ २४ मा ऋक्भन्दा पछि ई० पूर्व ७।८ सय वर्षमा अथर्ववेद बनेको हो भन्ने लेखको छ। उक्त ऋग्वैदिक आर्यको भूमिका[5] पृष्ठ १० समेतमा प्रायः ईशा पूर्व १००० से ई० पू० ७०० तक यजुर्वेद र अथर्ववेद रचेको हो भनेको छ। दर्शन[6] दिग्दर्शनमा नै पृ० ३८९ मा बुद्धभन्दा पछि लेख्नुभयो। पृ० ३९५ मा 'छान्दोग्योपनिषद्' लाई ई०पू० ७०० वर्ष लेखेको छ। तर बुद्धभन्दा अघिको मानेको छान्दोग्यमा[7] 'ए भगवन्।

---

१. विशुद्ध-ज्ञान-देहाय त्रिवेदी दिव्यचक्षुषे। (सप्तशतीको कीलक प्रथम श्लोक)

२. त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति। (शिवमहिम्नस्तोत्र)

३. श्रुतिः स्त्री वेद आम्नायस्त्रयो० (अमरकोश)

४. 'अथर्व', ऋग्वेद से पीछे प्रायीं ई० पू० 'सातवीं आठवीं शती की कृति है' ऋग्वैदिक आर्य अ० २, पृष्ठ २४।

५. ऋग्वैदिक आर्य भूमिका, पृ० १० मा 'प्रायः ईशा से पूर्व १००० से ई० पू० ७०० तक यजुर्वेद, अथर्ववेद और ब्राह्मणों की रचना का समय है।'

६. दर्शन पृ० ३८९ अ० १४ मा 'अथर्ववेद सबसे पीछेका वेद है, बुद्ध के वक्त (५६३। ४८३) वक्त तक तीन ही वेद माने जाते थे।

७. 'दर्शन दिग्दर्शन' ले० राहुलजी, पृष्ठ ३९५ मा छान्दोग्योपनिषद् ई० पू० ७०० वर्ष।

'ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमथर्वाणं चतुर्थम्' छान्दोग्योपनिषद्, ७।१४।२६।

ऋग्वेद, यजुर्वेद, सामवेद र चौथो अथर्ववेद पनि पढ्दछु" (छा० ७।१४।२।६) चौथो अथर्ववेदको उल्लेख स्पष्ट भएकोले बुद्धभन्दा पुरानू छान्दोग्य र त्यसमा अथर्ववेदको उल्लेख हुँदा राहुलजीको आफ्नै ग्रन्थमा परस्पर विरोध देखिनाले अथर्ववेद बुद्धभन्दा पछिको हो भन्ने कुरामा सत्यको अंश अलिकति पनि छैन। उपनिषद, रामायण, महाभारत, गीता आदिको समय नवीनतावादी उहाँले र अरूले पनि सच्चा दृष्टि नलिई पाश्चात्य समेतको प्रभाववाट लेखेको बुझिन्छ। यो कुरो प्रसङ्गवश लेखिनेछ।

श्री जगदीश चन्द्र रेग्मीज्यूले शिलापत्र आदिको पुष्ट प्रमाण दिएर प्राचीन समयदेखि अहिलेसम्म नेपालमा धर्मसमन्वयात्मक व्यवहार चलिरहेकै छ भन्ने कुरा 'नेपालको धार्मिक इतिहास' मा प्रकट गर्नुभएछ, जो अतिमननीय लाग्यो तापनि त्यसको पृ० २ मा यदुवंशीको मत छ कि "ऋग्वेद र अथर्ववेदका सूक्तहरूको रचनापछि यजुर्वेदको रचनाकाल हो' भन्ने उल्लेख छ, तर अरू विद्वान्हरूले यजुर्वेदलाई अथर्ववेदभन्दा पछिको लेखेको देखिदैन। यी यज्ञयागादिमा ऋग्यजुसामवेद चलाइने र ऋग्वेद पद्यमय, यजुर्वेद गद्य घेरैजसो र सामवेदचाहिं ऋग्वेदकै मन्त्रमा गाइन्छ, थोरै मन्त्र मात्र सामवेदका छन्। अतः बुद्धभन्दा पछिको हो भन्नुचाहिं

आग्रह

यसै ४९ औं पृष्ठमुनि 'उपनिषद्को समय' शीर्षक दिएर उपनिषद्को समयबारेमा लेखकले लेख्नुभएको थियो तर त्यो पृष्ठ ५६ देखि ५७ सम्ममा पनि छापिएकोले त्यहाँ दोहोरिन गएछ र त्यो दोहोरिएको विषय यहाँबाट निकाल्दा ३ पृष्ठ घटेकोले ती तीन पृष्ठ निकाली ४९ औं पृष्ठलाई नै ४९-५०-५१-५२ पृष्ठसंख्या दिएर पृष्ठ ५३ को हारमा कुरो मिलाइदिएको छु। प्रार्थी

प्रूफ रीडर।

उनको विद्वत्ता हो। वास्तवमा पृथिवीभर नै शासक पक्षले सांस्कृतिक स्तरबाट शासन बलियो पार्न विजेताले त्यस्तो काम गर्दछन्, उनलाई दोष छैन। तर भारतीय र नेपालीले पनि आँखा चिम्लेर त्यसैलाई ब्रह्मवाक्य मानेर अनुसरण गर्नु दोष हो। जस्तै एक उदाहरण दिऊँ ०२८ सालदेखि ०३६।०३७ सम्मको पाठ्य-पुस्तक कक्षा ८ को 'सामाजिक शिक्षा, इतिहास खण्ड २' मा सिन्धु घाटीको सभ्यता भन्ने र आर्य सभ्यता भन्ने दुई प्रकरण आँखा चिम्लेर लेखेछन् र निःसंकोच पढाइथ्यो। ती कुरा सत्यका आधारमा थिए कि त ? भनौं भने पं० जवाहरलाल नेहरूले (संक्षिप्त) 'हिन्दुस्तान की कहानीमा (पृ० २८-२९) सिन्धु सभ्यता भारतीय सभ्यता हो। वेद समय ६।७ हजार वर्ष अघिको हो भनेको छ। बालकृष्णसमको नियमित आकस्मिकता पृ० ३७ र ८३ मा वेद समय ६ हजार वर्ष अघिको हो। बालगङ्गाधर तिलज्यूले ८ हजार वर्ष अघिको हो। प्रसिद्ध दैनिक आज पत्रिकाले (सन् १९६६ दिसम्बर ९) "सिन्धुघाटीकी सभ्यता विशुद्ध वैदिक सभ्यता है, जो आज से ५ हजारवर्ष पूर्व महाभारत कालतक विद्यमान थी भनेको छ। त्यस सभ्यताको द्रविड़ निर्माता र आर्य ध्वंस कर्ता भन्नु र लेख्न जान्दैनथे भन्नु, जाडो देशमा वस्ता अग्निपूजा गर्थे, गर्मी ठाउँमा आई खेती गर्न पानी चाहिंदा जलदेव इन्द्रको पूजा गरे भन्नु पनि सो ८ कक्षाको पुस्तकको सत्य देखिदैन, अति असत्य हो। त्यहीं शिवोपासना देवी मूर्ति लेखिएको हुँदा र त्यहाँ एक रूखमा २टा चरा फल खाने र नखाने चित्र देखिनाले ऋक् (१।१६४।२०) मन्त्र र यजुर्वेद १६ अध्यायका शिवमन्त्रहरूले समेत वैदिक सभ्यता हो भन्ने कुरालाई पुष्ट गरेको छ। लेखन-कला पनि अथर्व वेदको मन्त्र (७[1]।५०।५) ले

१' अजै त्वा संलिखितमजैषमनुसंरुधम् (अथर्व ७।५०।५)।

वैदिक समयमा थियो भन्ने कुरा स्पष्ट पारेको छ। वैदिक विषय आफै नकेलाई, नहेरी पाश्चात्य वा तदनुसारीको अनुसरण गरी त्यस विषयका पाठ्य पुस्तक तयार गर्नु भारत र नेपालको उचित होइन। नजानेरै विषैला भ्रम फिजाइँदै छ। देवासुर संग्राम ब्राह्मण भागमा देखिन्छ, तर त्यो रूपरेखा २०३ अंकमा ३०० वर्षसम्म आर्यहरूले सिन्धुघाटीका द्रविड़का साथको युद्ध ऋग्वेदको हो, समेत भन्नु श्रीमदनमणि दीक्षितज्यूको असत्य कथन हो। वेदका असुर को हुन् ? भन्ने कुरा जेन्दावेस्ताले स्पष्ट गरेको कुरा संपूर्णानन्दज्यूले 'आर्यों के आदिदेश' (पृ० ६३-७१) मा लेख्नुभएको छ। वास्तवमा शतपथब्राह्मण (१।२।३) मा "देवाश्चह वै असुराश्च उभये प्राजापत्याः पस्पर्धिरे" प्रजापतिका सन्तान देव र असुर लड्न लागे भनेको र पारसीहरू अहुरमज्दा माने र उनको ग्रंथमा सप्तसिन्धवमा निवासको उल्लेख हुँदा समेत त्यस वेलाका असुर ती पारसी नै हुन्। ऋग्वेदका मन्त्रहरूमा इंद्रलाई समेत असुर भनेको र "महद्देवानामसुरत्वमेकम्" (ऋक्० ३।५१।२२) इत्यादिबाट समेत् देव र असुर शब्दको अर्थमा धेरै फरक थिएन। तर यजुर्वेद अ० २ मन्त्र २९।३० मा असुर र रक्षस् विरोधी छन्, अन्यत्र अलग देखिन्छ। रामायण, महाभारत आदिमा चाहिं राक्षस, असुर, दैत्य, दानव एक थरी र सुर देव अर्का थरी बताइन्छन्। वाल्मीकि रामायणमा शत्रु मान्छेको मासु खाने रावण आदिलाई राक्षस भनेको छ। विभीषण त्यस्ता छैनन् अरे ! सुर शब्द ऋक्. यजु. मा देखिंदैन। वास्तवमा ता महाभारतमा चाहिं वृक हिडम्ब आदि जङ्गलमा बस्ने जात अपरिष्कृत वा शत्रुको मासु खान्थे। गीतामा आसुरी वा राक्षसी विचार भएका र दैवी विचार भएका समेत मानिस नै दुई थरी हुन्छन् भनेको छ। सुर शब्द जहाँ तहाँ भर्मार देखिन्छ। गीता (१६।६) मा भिन्नै जाति छैनन्। महा

भारतमा उनै क्षत्रिय कंस, जरासन्ध, वाण, भौम, शिशुपाल आदि नाता-गोताका मानिस असुर र युधिष्ठिर आदि क्षत्रिय छन्, असुर मानिन्नन्। द्रविड आदि जातलाई उस वेलाका असुर भन्नु मान्नु असत्य हो र मैकाले शिक्षा पद्धतिको पछि लाग्नु मात्र हो। त्यही सिन्धु सभ्यता आर्यको भए पनि सभ्य जात द्रविडको पनि हो। आर्यको अर्थ सभ्य हो, जात होइन भन्ने कुरा हाम्रा साहित्य, व्याकरण, कोशले र बौद्ध ग्रन्थले समेत भन्दै छ। आर्य सत्यको अर्थ श्रेष्ठ सत्य गरेको छ। 'महाकुलकुलीनार्य-सभ्य-सज्जन-साधवः (अमरकोश, ब्रह्मवर्ग, श्लोक ३)।

आर्य जात बाहिरबाट आएका हुन् भन्ने कुरा पनि हाम्रा वेद आदि कुनै शास्त्रले भनेको छैन। तिलकज्यूले उत्तर ध्रुवबाट आएका हुन् भन्ने कुरामा १।२ ऋग्वेद मन्त्रबाट भने पनि सबै विद्वान्ले त्यो अर्थ ती मन्त्रको होइन भन्न सक्तछन् र 'आर्यों के आदिदेश' पृ० २३६ मा विद्वान् डा० संपूर्णानन्दले स्पष्ट गर्नुभएको छ।

●

'उपनिषद्' र समय

वेदको समयका प्रसङ्गमा उपनिषद्बारे पनि लेख्नु आवश्यक छ। उपनिषद्लाई वेदान्त पनि भन्दछन्। वेदको अन्त भागको र ब्राह्मणको समेत अन्त भागबाट पनि उपनिषद् अलग गरिएका छन्। दवेको अन्त्यबाट निकालिएको हुनाले नै त्यसलाई वेदान्त भनेको हो। (कसै-कसैले वेदान्तको अर्थ वेदको सिद्धान्त हो भने) यजुर्वेदको अन्तिम भाग उपसंहार (विचार पक्ष) चालीसौं अध्याय[1]लाई उपनिषद्मा प्रथम स्थान मिलेको छ, जसलाई 'ईशावास्योपनिषद्' भन्दछन्। यो समेत जम्मा ११ वा अरू २ थपेर १३ उपनिषद् प्राचीन मानिन्छन्। ईशावास्योपनिषद्मा कर्मयोग, ज्ञानयोग, भक्तियोग पनि संक्षिप्त रूपमा पाइन्छन्। यसमा जम्मा १८ मन्त्र छन्। यिनैको व्याख्या नै गीता हो भन्न सकिन्छ। अथवा वेदका कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड पनि संक्षेपमा छन्। यिनले पृथ्वीभरका मनुष्यलाई मानवतावादी बनाउँदै सर्वात्म-भावना जगाउन सक्दछन्। यसको समय अरूले जे भने तापनि यस लेखकका मतमा मन्त्रभाग वेदको समयबाट नै गतार्थ भएकोले अलग लेख्नुपरेन। वेदमा तीनै काण्ड छन्। उपनिषद्मा उपासनाकाण्ड र ज्ञानकाण्ड छन्। वास्तवमा उपनिद्मा यज्ञयागादि कर्मकाण्ड बताइँदैनन्। वास्तवमा कर्मयोगी भै सत्कर्म गर्दै सय वर्ष बाँच्न इच्छा गर्नू भन्दछ। ती बाहेक पठन-पाठन, ब्रह्मचर्य, सत्य व्यवहार आदि अनेक उत्तम कर्म र संसारका अनेक पदार्थका साथै परमेश्वर परब्रह्मको समेत वर्णन गरेको छ। वास्तवमा ता ज्ञानकाण्ड भन्न लायक नासदीय सूक्त "नतं विदाथ....." (ऋक् १०।१२।१०) र अरू असंख्य उपनिषद्मा गनिन सक्ने मन्त्रहरू चारै वेदमा छन्। त्यसो हुँदा जिज्ञासुका निम्ति वैदिक विद्वान्हरूले तिनीहरूलाई झिकेर अर्थसहित प्रकाशित गर्नु

---

१. वेदका थोरै उद्बोधक मन्त्रहरूको व्याख्या गर्दा यस अध्यायको पनि आउनेछ।

उचित छ । जस्तो आर्य समाजले त्यस्ता धेरै उद्बोधक मन्त्र झिकेर नित्य पाठ गर्दछन् र गराउँदै छन् ।

'ईशावास्योपनिषद्' बाहेक अरू प्राचीन उपनिषद्बारे चर्चा नगरी एघारौं उपनिषद् श्वेताश्वतर र त्यसपछिका अरू उपनिषद्को समय बताइन्छ ।

राहुलजीले[1] कौषीतकी, मैत्री, श्वेताश्वतर र मुण्डक समेत बुद्धभन्दा पछिका हुन् भनेको छ । त्यसमा प्रमाण—शैव संप्रदायका शिव रुद्रको प्रकृति पुरुषको र बुद्धभन्दा पछिका कपिल[2]को वर्णन पनि हुनु नै हुन् भनेंको छ र श्वेताश्वतरको समय ई० पू० २०० वर्ष लेखेको छ । यी कुरा गलत हुन् किनकि शिव, रुद्रका स्तुति ऋग्वेद, यजुर्वेदमा नै पनि प्रशस्त छन् । यजुर्वेदको सोह्रौं अध्यायमा रुद्रको स्तुति मात्र छ । पुरुषको उल्लेख ऋग्वेदको पुरुष सूक्त आदिमा छ । जड पदार्थको पहिलो कारण प्रकृति हो । ऋग्वेदको नासदीय सूक्तमा जडको आदि कारणलाई तम भनेको छ । राहुलजीकै अनुसार शान्तिसुरभजीले[3] पनि उक्त उपनिषद्लाई पछिको हो भनेको छ । पुराना विचारको प्रभाव पछिका लेखकमा पर्नु स्वाभाविकै हो । यसबारे उनले कुनै प्रमाण दिन सकेका छैनन् । सो उपनिषद् बुद्धभन्दा धेरै पुरानो हो ।

कपिल बुद्धभन्दा धेरै पुराना

कपिलवस्तुमा शुद्धोदन राजा थिए । त्यहाँबाट १२ मिल टाढा लुम्बिनी थियो । बुद्धकी आमा मायादेवी माइत जाँदा लुम्बिनी पुगी उठेर आँपको

---

१. 'दर्शन दिग्दर्शन' पृ० ४३३ मा श्वेताश्वतरोपनिषद्लाई तेह्रौं भनेको छ ।

२. 'तम आसीत्तमसा गूढमग्रे' (ऋग्वेद, नासदीय सूक्त)

३. 'हाम्रो संस्कृति' पृ० १४२ मा श्वेताश्वतर उपनिषद् ता निश्चयतः बुद्धभन्दा काफी पछिको मानिएको छ ।

हाँगो समातेको वेलामा बुद्ध जन्मिए, यो कुरा राहुल[1] जीले पनि लेखेको छ। कपिल नै बुद्ध पछिका हुन् भने बुद्धभन्दा अत्यन्त पुरानो कपिलवस्तुमा कपिलको नाम कताबाट आयो ? पूर्वाग्रहबाट अत्यन्त ग्रस्त र धनलुब्धहरूले पनि सत्य कुरालाई भन्दा आफ्नो वैचारिक पूर्वाग्रहलाई प्राथमिकता दिन्छन्। बौद्ध कालका सिक्का[2] पनि पाइएका छन्, जसमा कपिलवस्तुको उल्लेख छ। अर्को कुरा राहुलजीको[3] दर्शन दिग्दर्शनमा र अश्वघोषको बुद्धचरितमा[4] पनि घरबाट हिंडेपछि बुद्धले सांख्य र योग अडार कलाम र उद्रक मुनिबाट सिकेर संतोष नभई धेरै वर्ष शरीर सुक्ने खालको तप गयामा गरे। त्यसबाट लाभ नहुँदा भोजन गर्दै निरञ्जना नदीको किनारमा स्नान

---

१. 'दर्शन दिग्दर्शन' पृ० ५०० मा कपिलवस्तु से कुछ मील दूर लुम्बिनी नेपाल।

२. 'ॐ देवपुत्र विहारे कपिलवस्तुभिक्षुसंघस्य' भन्ने सिक्का खन्दा पाइयो (कादम्बिनी मई १९७६)

३. 'दर्शन दिग्दर्शन' पृ० ५०१ मा अडार कलाम ने "कुछ योग की विधियाँ सिखलायी। उद्रक रामपुत्र के पास गए, वहाँ भी कुछ योग की बात सीख सके।" तर अडार कलामबाट सांख्य र उद्रकबाट योग सिकेको छ र पृष्ठ ५०३ मा 'यही ध्यान-योग्य स्थल है' सोचकर बैठ गए। अनुपम निर्वाण पालिमा 'अब जन्म नहीं होगा' भनी बुद्धले भने भन्ने लेखिएको छ।

४. प्रकृतिं च विकारं च जन्म मृत्युं जरैव च।
ज्ञात्वा विद्वान् वितर्कांस्तु मनः संक्षोभकारकान् ॥
तद्वियुक्तमवाप्नोति ध्यानं चाति सुखान्वितम्।
(१२।५३) इति धर्मराडस्य विदित्वा न तुतोष सः विशेषमथ शुश्रूषुरुद्रकस्याश्रमं ययौ। ८४ बुद्धचरितम् अश्वघोष कृतम् १२।८३. सशिष्यः कपिलश्चेति प्रतिबुद्ध इति स्मृतः।

गरेर बस्दा बुद्धत्व प्राप्त भएको उल्लेख हुनाले समेत सांख्य प्रवर्तक कपिल र योग प्रवर्तक पतञ्जलि बुद्धभन्दा धेरै पहिलेका हुन् । त्यसै कारण श्वेताश्वतर उपनिषद् पनि बुद्धभन्दा धेरै पहिलेको हो । मुण्डक समेत ११ वा १३ वटै उपनिषद् बुद्धभन्दा अति नै पुराना हुन् । कपाल खौरेर मुडिने (मुण्डक) परिव्राजक बौद्धमार्गी नै पहिला हुन् भन्ने ठहऱ्याएर राहुलजीले[1] मुण्डकलाई बुद्धकालीन परिव्राजकको उपनिषद् भन्नुभयो । तर त्यो पनि सत्य देखिदैन । किनकि वेदमा नै 'शिखा[2] नभएको कुमार जस्तै' भनिएको छ । यजु० १६ मा कपाल काटेको उल्लेख छ । पारस्कर गृह्यसूत्रले[3] आफ्नो परम्परा-अनुसार शिखा राख्नू भनेकोमा भाष्यकारहरूले लौगाक्षि ऋषिको उक्तिअनुसार भृगुगोत्री सबै मुडिने, कुनै दुई शिखी, कुनै पाँच शिखी र कुनै एक शिखी रहने उल्लेख गरेको हुँदा पछि मात्र एक शिखा मात्र राख्ने चलन भएको बुझिन्छ । अचेल आफ्नो कुल-अनुसार राख्ने वा अरूको देखासिकीले नराख्ने पनि गर्दै छन् । मनुले[4] पनि तीन प्रकारका ब्रह्मचारीको उल्लेख गरेको छ— मुण्डी वा कपालपाली जटिल बन्ने वा शिखा मात्र राख्ने । मनुस्मृतिको[5] समय

---

१. 'दर्शन दिग्दर्शन' पृ० ४३७ मा—मुण्डक बुद्धकालीन परिव्राजकों की उपनिषद् है—माथि लेखेअनुसार असत्य हो ।

२. 'यत्र वाणाः संपतन्ति कुमारा विशिखा इव' (यजु, अ·····)
नमः कपर्दिने च व्युप्तकेशाय च (यजु० १६।) व्युप्तकेश कपाल काटेको ।

३. 'पारस्कर गृह्यसूत्र' चूडाप्रकरणमा–'यथा मङ्गलं केशशिखाकरणम् । हरिहर गदाधर भावोद्धृत लौगाक्षिको उक्ति-"दक्षिणतः कम्बोज वशिष्ठानाम् । उभयतोऽत्रिवशिष्ठानाम् । मुण्डा भृगवः पञ्चपूजा अङ्गिरसः । वाजसनेयिनामेका ।

४. मुण्डो वा जटिलो वा स्यादथवा स्याच्छिखायुतः (मनु० २।२१९)

५. 'नेपालको ऐतिहासिक रूपरेखा' ले० बालचन्द्र शर्मा कौटिल्य अर्थशात्रमा मनुको उल्लेख हुँदा कौटिल्य समय चौथो शताब्दी हुँदा मनुको समय ई०पू० ६ सय, तर योभन्दा धेरै पुरानो हो ।

बुद्ध मात्र होइन, कृष्ण र रामभन्दा पनि पुरानो हो भनी स्मृति प्रकरणमा बताइनेछ। ११ वा १३ उपनिषद्भन्दा पछिको मुक्तिकोपनिषद्मा १०८ उपनिषद् गनिएका छन्। तर तीभन्दा पनि धेरै बेसी उपनिषद् भेटिन्छन्। हिन्दुधर्मभित्रका सबै संप्रदाय-ज्ञान, भक्ति-कर्म आदि र अनेक योगक्रिया पनि सरल र संक्षेपमा बुझिने गरी लेखिएका छन् र अति मननीय छन्। ती सब उपनिषद् आफ्नो विचारलाई वेदमूलक ठहऱ्याई सबै वेदानुयायीहरूले हेरून् भन्ने उद्देश्यले बताइए, तर धेरैपछि पनि उक्त १३ बाहेक उपनिषद् बढाइए।

सत्यार्थ प्रकाशको चतुर्दश समुल्लासको अन्तमा अल्लोपनिषद् देखिन्छ। अकबर बादशाहका राज्यकालमा हिन्दू-मुस्लिम एकताका निम्ति दुवैतर्फका विद्वान्द्वारा संक्षेपमा अल्ला वा इल्लाह शब्द र मित्र, वरुण आदि हिन्दु देवताका नामको पनि उल्लेख गरी रसुल मोहम्मदको पनि नाम राखी सो बनेको हो। अचेलको उनिषद् संग्रहमा पनि अल्लोपनिषद् केही फरक देखिन्छ।

बादशाह दिवङ्गत भएपछि सो दीन-इलाही संप्रदाय अब इतिहासमा मात्र बाँकी देखिन्छ। संस्कृतमा अम्बा, अक्का, अल्ला शब्दले आमालाई र परमेश्वरी देवीलाई पनि कहन्छ। संप्रदायान्ध मुस्लिम आक्रामकहरू 'अल्ला' शब्दको उच्चारण गर्दै आक्रमण गर्ने हुनाले त्यो शब्द उसै वेला भयङ्कर पनि थियो। अल्लालाई वैदिक देवता ठहऱ्याउन त्यो उपनिषद् रचेको थियो। हाल महात्मा गान्धीजीले "ईश्वर अल्ला तेरा नाम" भन्दै विश्वधर्मको रूपरेखा-द्वारा सम्प्रदायान्धता हटाउने चेष्टा गर्नुभयो। यस बारेमा सम्प्रदाय प्रकरणमा लेखिनेछ। त्यो भजन विश्वधर्म संमेलनमा मुसलमान-समेत भै गर्दा बेसै हो। हिन्दुहरूले मात्र भजन गर्दा त्यो भजन गर्नु उचित छैन।

वेदका अङ्ग शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष—समेत छन् । कल्पमा-श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र समेत तीन पर्दछन् । धर्मसूत्रका रूपान्तर—जस्तै स्मृतिहरू हुन् । तिनमा सबैभन्दा ठूलो र पुरानो मान्नुपर्ने स्मृति मनुस्मृति हो । यो कुरो स्मृतिप्रकरणमा बताइनेछ ।

वेदाऽधिकार

ऋग्वेदमा 'घोषा' आदि कैयौं स्त्रीहरू कैयन् सूक्तका ऋषिसमेत हुनाले र विवाहमा ब्यौलीले पढ्ने मन्त्रसमेत देखिएकोले स्त्रीवर्गलाई वेद पढ्ने अधिकार छैन भन्ने कुराको गन्ध पनि वेद-मन्त्रहरूमा पाइँदैन । शूद्र-निम्ति पनि निषेध देखिदैन । अझ उपनयन प्रकरणको व्रतबन्धमा कुमारले अग्निप्रार्थना गर्दा भन्दछ कि "एवमहं मनुष्याणां वेदस्य निधिपो भूयासम् ।" अर्थात् 'यस्तै प्रकारले म पनि मनुष्यहरूका निम्ति वेदरूपी खानीको रक्षा गर्न सक्ने बनौं ।' यस मन्त्रमा वेद तीन जातको मात्र नभनेर साधारण मान्छेलाई कहने बहुवचनान्त मनुष्य शब्द हुनाले शूद्रको निषेध मन्त्र-भागमा देखिदैन । श्रौत यज्ञयागमा र वेदाध्ययनमा कुन-कुन जातको अधिकार छ ? भन्ने बुरा कात्यायन श्रौत सूत्रले आरम्भमा नै बताएको छ ।

जस्तै—"ब्राह्मण-राजन्य-वैश्यानां श्रुतेः (१।६) स्त्री चाविशेषात् (१।७) । 'ब्राह्मण-क्षत्रिय-वैश्यको र उनका स्त्रीहरूको पनि श्रुति (ब्राह्मण भाग) ले बताएको छ' भनेर शतपथ[1] ब्राह्मणको प्रमाण दिएको छ । कसको अधिकार छैन भन्ने कुरा पनि आठौं सूत्र 'अङ्गहीनाश्रोत्रियषण्डशूद्रवर्जम्'

---

१. वसन्ते ब्राह्मणोऽग्नीनादधीत, ग्रीष्मे राजन्यो वर्षासु वैश्यः । (शतपथ ब्राह्मण-२।१।३।५) वसन्ते ब्राह्मणमुपनयीत, ग्रीष्मे राज्यन्यम्, शरदि वैश्यम् । (आपस्तम्बधर्मसूत्र १३५।१।१९) ।

(१।८) ले 'अङ्गहीन, वेद नपढेका मान्छे, नपुंसक र शूद्रलाई अधिकार छैन' भनेको छ। स्त्रीको वेदमा अधिकार नभए ता आठौं सूत्रमा नै 'स्त्री-शूद्रवर्जम्' भन्ने लेखिन्थ्यो। तर स्मृति र पुराणहरूले चाहिं 'स्त्रीको अधिकार पुरुषका साथमा रहेर मात्र छ, अलग अधिकार छैन' भन्ने कुरा मनु[1] (५।१२५) ले र अन्त पनि भनेको छ। हुन ता कात्यायनले वैदिक कर्मकाण्डबारेको अधिकार बताएकोले कर्मकाण्डबाट फल पाइने हुँदा र फलचाहिं पशु पक्षीलाई पनि चाहिने हुँदा 'सर्वेषां वा विशेषात्। (१।३) ले सबैलाई अधिकार बताएर चौथो "मनुष्याणां वाऽऽरम्भसामर्थ्यात् (१।४) ले। 'कर्म गर्ने र संझने शक्ति पशु-पक्षीको नहुनाले शक्ति हुने सबै मनुष्यहरूको अधिकार छ' भन्ने पूर्वपक्ष ग्रन्थकारले भनेर छैटौं र सातौं सूत्रले श्रुतिसमेतको प्रमाणबाट तीन जातका स्त्री पुरुषको मात्र अधिकार बतायो। प्रथम शताब्दीमा लेखिएको 'शाकुन्तल महाकाव्य (नाटक) प्रथम अंक २९ औं श्लोकमा र किशोरकेली टीकामा उद्धृत हारीतस्मृति र यमस्मृति-अनुसार स्त्रीहरूको उपनयन वेदाध्ययन समेत बताएको हुँदा प्रथम शताब्दीदेखि पछि मात्र बालविवाह थालियो तथा सती-प्रथा चालू भयो। "स्त्री-शूद्रौ नाधीयाताम्" भनेर ब्राह्मणी स्त्रीलाई पनि वेदाध्ययन निषिद्ध मानियो। त्यसैले आठौं शताब्दीका शंकराचार्यज्यूले पनि त्यसै वेलाको व्यवस्था-अनुसार नै पुराना उपनिषद्को व्याख्या गर्नुभएको छ। जस्तै—बृहदारण्यको वाक्य "अथ य इच्छेद् दुहिता मे पण्डिता जायेत" को जुन मानिसले मेरी छोरी पण्डित बनोस् भन्ने इच्छा गर्छ भने यस्तो गर्नू इत्यादि भनेकोमा "दुहितुः पाण्डित्यं गृहकृत्यविषयमेव वेदेऽनधिकारात्" अर्थात् 'छोरीको पाण्डित्य घर गृहस्थी चलाउनु मात्र हो, वेदमा ता अधिकार

---

१. नास्ति स्त्रीणां पृथग्यज्ञो · · · (आपस्तम्बधर्मसूत्र १७५।१।२५)। श्रौत सूत्र सातौंले शूद्रको अधिकार छैन भन्ने कुरामा वेदमन्त्र एकैवटा पनि प्रमाणमा टीकाकार र सूत्रकारले दिन नसकेर शतपथब्राह्मणले तीन जात भनेको लेख्यो, तर मन्त्रमा निषेध लेखेन।

छैन ।' तर यो व्याख्या ठीक होइन । त्यो उपनिषद् शतपथब्राह्मणको अन्त्यमा छ । स्त्रीको वेद-निषेध त्यसमा पाइँदैन । त्यस उपनिषद्को समयसम्म ता स्त्रीको वेदाध्ययनको निषेध थिएन भन्ने कुरा यसैबाट पनि स्पष्ट हुन्छ । अझ पारस्कर गृह्यसूत्रको उपनयन प्रकरणको हरिहर गदाधर भाष्यमा उद्धृत आपस्तम्बको वाक्य-अनुसार ता नीच काम गर्ने शूद्रको पनि उपनयन गर्नू भन्ने कुरा "शूद्राणामदुष्टकर्मणामुपयमनम्" भन्ने वाक्यले स्पष्ट गरेको छ । तर अचेलको आपस्तम्बले[1] शूद्रलाई कुकुरलाई जस्तै गर्नू भन्छ । अमरकोशले पनि आचार्यकी स्त्रीलाई 'आचार्याणी' र आफै पढ़ेर आचार्यत्व गर्ने स्त्रीलाई 'आचार्या' भन्नू भनेको छ । त्यहीं स्वयं अध्यापिका स्त्रीलाई 'उपाध्याया' र अध्यापककी स्त्रीलाई 'उपाध्यायी' भन्छ । 'इन्द्र-वरुण ··· (पा०सू० ४।१।४९) को उदाहरणमा आचार्याणी र आचार्या शुद्ध छन् । मनु[2] (२।१४०) मा उपनयन गरेर वेद वेदांग पढ़ाउने गुरु 'आचार्य' हुन् भनेको हुँदा स्त्रीले वेद पढ़न मात्र होइन, उपनयन गराई वेद वेदाङ्ग पढ़ाएर आचार्यत्व ग्रहण गर्ने अधिकार समेत स्त्रीको भएको स्पष्ट छ । आचार्यकी स्त्री आचार्याणी र आचार्या स्वयं व्याख्यात्री हो । उपनिषद्मा नै गार्गी आदि स्त्रीहरूले याज्ञवल्क्य आदि ठूला विद्वान्का साथ शास्त्रार्थ गरेका उदाहरण छन् । अझ मण्डन मिस्रकी स्त्री भारतीले ता शंकराचार्य जस्ता अद्वितीय विद्वान्का साथ शास्त्रार्थ गरेको इतिहास पनि जिउँदै हुँदा स्त्रीको वेद आदि पढ़न अधिकार छैन भन्नु उचित छैन । कुनै समयमा वेदाध्ययनाधिकार खोसियो । बालविवाह आयो । वाल्मीकि

---

१. ब्राह्मणस्य सदा काले शूद्रे प्रेषणकारिणी ।
भूमावन्नं प्रदातव्यं यथैव श्वा तथैव सः ॥
(आपस्तम्बस्मृति अ० ९।३४) ।

२. उपनीय तु यः शिष्यं वेदमध्यापयेत् द्विजः ।
सकल्पं सरहस्यं च तमाचार्यं प्रचक्षते ॥
(मनुस्मृति २।१४०) ।

रामायण, मनु र याज्ञवल्क्यमा भएको सतीप्रथा व्यास (२।५२।५३) र पराशर (४।४३) तथा दक्ष (४।१९) आदि स्मृतिमा उत्पन्न भएर फैलियो, तर अब बन्द गरियो। स्त्रीहरूको वेदमा अधिकार छैन भन्नु बीचको व्यवस्था हो, वैदिक सिद्धान्त होइन।

शूद्रको बारेमा मन्त्र-भागमा निषेध देखिदैन। ब्राह्मणोऽस्य···(यजु० ३१।११) (ऋग्वेद १०।९०।११) मा 'ब्राह्मण मुखबाट जन्मेकोले ठूलो र शूद्र पाउबाट जन्मेकोले सानू हो इत्यादि अर्थ गरी जन्मबाटै जात मान्ने कुरा कैयौं स्मृतिमा र मनु० (१।९३) मा पनि देखिन्छ। तर मनु० अति पुरानू भए पनि पछि परिष्कार गर्नुपर्दा थपिएका व्यवस्था हुन् भन्ने कुरा युधिष्ठिर भीमासवक आदि विद्वान्हरूले मानेका छन्। वास्तवमा ता त्यस मन्त्रमा 'जातः अजायत' इत्यादि शब्द हुनाले भ्रम भएर हो वा बुझ पचाएर जन्मबाट जात मान्ने व्यवस्था गर्दा त्यो अर्थ गरेका हुन्। त्यो अर्थ गर्दा तीनवटा ठूला दोष स्पष्ट देखिन्छन्। सबै मनुष्यहरू स्त्रीबाट जन्मेको देखेर पनि शिरबाट र पाउबाट भन्नु प्रत्यक्ष विरोध भयो। दोस्रो ठूलो दोष पूर्वमन्त्र 'यत्पुरुषम्[1]' मा विराट् पुरुषलाई कति प्रकारले कल्पना गरे, मुख-बाहु-तिघ्रा-पाउ के के थिए ? भन्ने प्रश्न गरेको छ। उत्तर मन्त्र 'नाभ्याऽआसीदन्तरिक्षम्[2]' भन्नेमा नाभि अन्तरिक्ष, शिर सूर्यलोक र पृथ्वी लोक, पाउ र अरू वरिपरिका लोकहरूलाई कान कल्पना गरे भनेर कल्पना शब्द देखिएकोले जन्मेको अर्थ गर्दा पूर्व र पर स्वमन्त्रार्थ विरोध देखियो। पहिले सृष्टि गर्दा विराट् परमेश्वरको मुखबाट र पाउबाट मनुष्य जन्मेछन् भनौं भने पनि परमेश्वर निर्गुण, निराकार, सर्वव्यापी छन् भनी वेदोपनिषद् आदि शास्त्रहरूले बताएको र

---

१. यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन्। मुखं किमस्यासीत्किं बाहू राजन्यः किमूरुपादा उच्येते ॥ (यजु० ३९।१०)।

२. नाभ्याऽआसीदन्तरिक्षं शीर्ष्णोद्यौः समवर्तत। पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँऽ२॥ अकल्पयन् ॥ (यजु० ३१।१२)।

अहिलेसम्म मानेकोले उपनिषद् वेद वेदान्त आदि शास्त्रका साथ विरोध हुनाले त्यस मन्त्रका 'जातः अजायत' आदि शब्दको पनि ब्राह्मण-क्षत्रिय-वैश्य र शूद्रलाई विराट् पुरुषको चार अंग कल्पना गरे भन्ने अर्थ हो। अथवा विराट् (मनुष्यसमाजका कामअनुसार)—को चार अङ्ग कल्पना गरे। यस्तो अर्थ गर्दा अनेक काम गर्दा वर्ण वा जात भए भन्ने आशय भयो। त्यसो हुँदा वेद-मन्त्रभागमा त स्त्रीको मात्र होइन, शूद्रको पनि निषेध भेटिदैन। ब्राह्मण भागमा पनि आधानको निषेध छ, अध्ययनको छैन।

●

कर्मबाटै ब्राह्मणादि जात बने

जातबारे महाभारत शान्तिपर्व १८८ र १८९ औं अध्यायमा र वनपर्व २१६ औं अध्यायमा विस्तारपूर्वक बताएको छ। अर्थात् यो सबै जात ब्रह्माले सृष्टि गरेको हुँदा ब्रह्मसन्तान हो। अनेक कामबाट अनेक वर्ण[1] भए। सत्य व्यवहार, दानशक्ति, द्रोहहीनता, अहिंसत्व, खराब काम गर्न लज्जा, दयालुता,

---

१. न विशेषोऽस्ति वर्णानां सर्वं ब्रह्ममिदं जगत्।
ब्रह्मणा सृष्टपूर्वं हि कर्मभिर्वर्णतां गतम्॥
(महाभारत शान्तिपर्व अ. १८८।१०)

एकवर्णमिदं पूर्वं विश्वमासीद् युधिष्ठिर!
कर्मक्रियाविशेषेण चातुर्वर्ण्यं प्रतिष्ठितम्॥
(वनपर्व अ. २१६)।

इन्द्रियनिग्रहरूपी तपस्या जसमा देखिन्छ त्यो ब्राह्मण[1] कहिन्छ। जे पनि घिच्ने, जे पनि गर्ने अशुद्ध रहने, वेदाध्ययन त्यागेको, दुराचारी मानिस नै शूद्र[2] हो। हें युधिष्ठिरजी ! पहिले यस जगत्का सबै मनुष्यहरू एकै जातका थिए। अनेक काम कारवाही बढ्दै जांदा चार जात बनेका हुन्। जुन शूद्र इन्द्रिय-निग्रहमा, सत्य व्यवहार गर्नमा, धर्ममा समेत लाग्दछ भने त्यो ब्राह्मणै[3] हो। उत्तम कामबाट नै ब्राह्मण बन्न सकिन्छ। वेद आदिको शूद्र-निम्ति सधैं निषेध छैन।

उक्त स्मृतिबारे शङ्का—

माथि लेखे-अनुसार हारीतस्मृतिको र यमस्मृतिको कन्याहरूको उपनयन गर्नू, आपस्तम्बस्मृतिको अदुष्ट शूद्रको समेत उपनयन गर्नू इत्यादि प्रमाण वाक्य ती स्मृति-ग्रन्थहरूमा अचेल पाइँदैनन्, माथि लेखे-अनुसार टीकामा र भाष्यमा मात्र भेटिन्छन्। के भएछ त ? यसको उत्तर स्पष्टै छ। जब स्त्रीले शूद्रहरूले जस्तै उत्तम भए पनि वेद पढ्न नहुने व्यवस्था कायम गर्न थाले, त्यसै वेला उक्त ग्रन्थका ती वाक्यहरू झिकेर परिष्कार गर्दा ती वाक्य गायब भए। भाष्य र टीकाहरूमा परेका ती वाक्य झिक्नेतर्फ ध्यानै गएनछ क्यार ? त्यसैले खोज गर्दा स्त्री-शूद्रहरूको अध्ययन बारेको सत्य इतिहास

---

१. सत्यं दानमथाऽद्रोह अनृशंस्यं त्रपा घृणा।
तपश्च दृश्यते यत्र स ब्राह्मण इति स्मृतः॥
(महाभारत शान्तिपर्व अ. १८९)

धर्मो यज्ञक्रिया तेषां नित्यं न प्रतिषिध्यते।

२. सर्वभक्ष्यरतिर्नित्यं सर्वकर्मकरोऽशुचिः।
त्यक्तवेदस्त्वनाचारः स वै शूद्र इति स्मृतिः॥

३. यस्तु शूद्रो दमे सत्ये धर्मे च सततोत्थितः।
तं ब्राह्मण महं मन्ये वृत्ततस्तु भवेद् द्विजः॥

बुझ्न पाउँदै छौं । यो अति महत्त्वपूर्ण कुरा हो । वास्तवमा राजनीतिले[1] गराएको हुन सक्तछ । अचेल सबैभन्दा तल्लो तहको अस्पृश्य मानिएको मानिस पनि राम्रो संस्कार राखेर तत्संगत पठन-पाठनको वातावरणमा राखेमा जस्तो पनि बनेको प्रत्यक्ष देखिदै छ । डाक्टर, इन्जीनियर; वेदपाठी र प्राध्यापक आदि बने, बन्दै छन् । ब्राह्मण जातका मान्छे पनि जाँड रक्सी-बाट मातेका चोर, डाका, हत्यारा, मूर्ख पनि देखिएकोले उत्तम व्यवहारबाट उत्तम हुने र अधम व्यवहारबाट अधम भएको देखिएकोले कर्मबाट जात मान्नु उत्तम हो । त्यसै हुँदा महाभारतले जस्तै भगवान् बुद्धले पनि धम्म-पदमा उपदेश गर्नुभएको छ । जस्तै--

न जटाहि न गोत्रेन न जच्चाहोति ब्राह्मणो ।
यं हि सच्चं च धम्मो च सो सुखी सो च ब्राह्मणो ॥

(धम्मपद ब्राह्मणवग्गो ११)

जटाले, गोत्रले र जन्मले समेत ब्राह्मण हुँदैन । जसमा सच्चाइ र धर्म छ त्यही शुद्ध ब्राह्मण हो ।

यस्य कायेन वचसा मनसा नत्थि दुक्कतम् ।
सवुतं तीहि ठानेहि तमहं ब्रूमि ब्राह्मणम् ॥

(धम्मपद ब्राह्मणवग्गो ॥९॥)

---

१. नेपालमा ३३ वर्षसम्म प्रधान मन्त्री भै उत्तम काम गर्ने भीमसेन थापालाई दरबारी षड्यन्त्रबाट थुनेर उनका परिवारलाई पनि ६ वर्ष जातिच्युत गरे । शुक्रराजका बाबु माधवराज थुनिएपछि उनका सन्तानहरू अछूत भए भनेर स्कूलबाट निकालिए ।

चित्तरञ्जन नेपालीकृत 'नेपालको इतिहास'
कक्षा ६ र अन्त पनि ॥

जुन मानिस मन, वचन र शरीरले समेत अपराध गर्दैन । यी तीन कुरा रोकेर काम गर्दछ भने त्यसैलाई म ब्राह्मण भन्दछु ।

शूद्र र अछूतबारे अति निषेध गर्ने मनुले पनि--

एवं यः सर्वभूतेषु पश्यत्यात्मानमात्मना ।
स सर्वसमतामेत्य ब्रह्माभ्येति परं पदम् ॥

(मनुस्मृति अ. १२, श्लोक १२५)

—यस प्रकारले—"सबै प्राणीमा आत्मा (चैतन्यरूपले ईश्वर) रहेको देख्छ भने सबैका साथ समानता पाएर ब्रह्म पाइन्छ" भनेको छ ।

•

वेदमन्त्रहरूका विभिन्न व्याख्यामा सावधान

ऐतिहासिक दृष्टिले वेदसमय पाश्चात्य विद्वान्हरूले भ्रामक बताए । सो इतिहास पढ़ेर विद्वान् बनेका नेपाली र भारतीयहरूले त्यो चश्मा नउतारीकन निम्नमाध्यमिक र माध्यमिक विद्यालयदेखि स्नातक स्तरसम्मका पाठ्यक्रममा त्यस्तै इतिहास राखेर भावी पिढीलाई पनि उनकै पिछलग्गू बनाउने काम गर्दै छन् । वेदको समयका बारेमा नेपालका नामी विद्वान् बालकृष्ण समज्यू र भारतका अनेक विद्वान्हरूले उनको मत खण्डन गरी उहाँहरूको र तदनुसारी मेरो विचार लेखियो । वेद अपौरुषेय र ईश्वरीय ज्ञान भन्नेमा विरोध छैन, तर ऐतिहासिक दृष्टिले खण्डन गरियो ।

वेदको अर्थबारे संक्षेप

वेदमन्त्रहरूको अर्थ लाग्दैन भन्ने भ्रम धेरैलाई थियो। कसैमा अझै पनि होला। तर धेरैजसो वेदमन्त्रहरू रघुवंश महाकाव्यका श्लोक मात्र होइन अरू सजिला पुराणका श्लोकभन्दा पनि सजिला छन्। जस्तै-यजुर्वेदको (अ० १, मं० ५) "अग्ने व्रतपते व्रतं चरिष्यामि तच्छकेयम्। तन्मे राध्यताम्। इदमहमनृतात्सत्यमुपैमि।" अर्थ—व्रतको पालन गर्ने हे अग्निदेव! व्रत गर्नेछु। त्यो व्रत पूरा गर्न सकूँ, त्यो मेरो व्रत पूर्ण होओस्, अब म असत्यलाई त्यागेर सत्यलाई पाउँछु। ऋग्वेदको पहिलो मन्त्र हेरौं "अग्निमीड़े पुरोहितं यज्ञस्य देवमृत्विजम् होतारं रत्नधातमम्।" प्रत्यक्ष अगाडि हित गर्ने यज्ञका देवता समय-समयमा लाभ गराउने देवतालाई (होता) बोलाइदिने, रत्नले झैं ठूलो काम दिने अग्निदेवलाई स्तुति गर्दछु। यो मन्त्रको अर्थ माथिको मन्त्रको जस्तो अति सजिलो छैन तापनि सारै अप्ठ्यारो पनि छैन। कैयौं मन्त्रको पदार्थ र भावार्थ पनि अप्ठ्यारो हुनाले भाष्यहरूको सहयोगबाट मात्र केही बुझिन्छ।

कैयौं मन्त्रका सबै पद सजिला छन्, बुझिन्छन्, तर भावार्थचाहिं नबुझेर अनेक शास्त्रले आफूतिर ढल्काएर लेखेका छन्। जस्तै "चत्वारिं शृङ्गा त्रयोऽअस्य पादा द्वे शीर्षे सप्त हस्तासो अस्य त्रिधा बद्धो वृषभो रोरवीति महो देवो मर्त्यां आविवेश (ऋक्० ४।५८।३), यजु. १७।९१) चार सीङ, तीन खुट्टा, दुई टाउका, सातओटा हात भएको गोरु तीन ठाउँ बाँधेको छ। ती ठूला देवता हुन्, तिनले मनुष्यमा प्रवेश गरे। यस मन्त्रका सबै पदार्थ सजिला छन्, तर भावार्थ बुझ्न सकिंदैन। त्यसै हुँदा अनेक शास्त्रले आफ्नो शास्त्रलाई वेदमूलक बनाउन आफ्नो शास्त्रकै अनुकूल अर्थ गरेका छन्। जस्तै-निरुक्तमा त्यो वृषभदेवले मनुष्यमा प्रवेश गऱ्यो भनेको यज्ञ हो। चार वेद नै त्यसका चार सीङ हुन्। तीन पाउचाहिं प्रातःकाल, मध्याह्नकाल र सायंकाल भए। दर्शयज्ञ र पौर्णमासयज्ञ समेत दुई शिर भए। सात हात भनेको वैदिक सात छन्द—

गायत्री, उष्णिक्, अनुष्टुप्, बृहती, पंक्ति, त्रिष्टुप्, जगती भए। अथवा सप्त ते अग्ने समिधः (यजु० १७।७९) भन्ने मन्त्रले भने-अनुसार पनि लिन सकिन्छ। ऋक्० यजु० साम० समेतबाट यज्ञ हुने हुँदा त्रिधाबद्ध ठूलो यज्ञरूपी वृषभ (फल वर्षाउने देवता) ले मनुष्यमा प्रवेश गरेको छ। (निरुक्त १३।७)

महाभाष्य (व्याकरण) मा त्यो महान् देवता शुद्ध शब्द हो, चार सीङ नाम, आख्यात, उपसर्ग र निपात हुन्। तीन पाउ भनेका भूत, भविष्यत् र वर्तमान काल हुन्। दुई शिर भनेका सुबन्त व तिङन्त शब्द हुन्। अर्थात् नित्य (सूक्ष्म) र कार्य शब्द। सात विभक्ति सात हात। हृदय कण्ठ र शिरको संबन्धले शब्द बन्ने हुँदा तीन प्रकारले बाँधेको भयो।

संगीत शास्त्रमा पनि सा रि ग म प ध नि समेत ७ स्वर नै सात हात इत्यादि भन्दै यस मन्त्रले संगीतलाई भनेको हो।

साहित्यशास्त्रलाई काव्यमीमांसामा—सारस्वती, आर्यभट्टी, गौड़ी, पाञ्चाली समेत चार वृत्ति चार सीङ हुन्। शक्ति, लक्षणा, व्यञ्जना तीन पाउ हुन्। दृश्य र श्रव्य दुई शिर हुन्। ७ प्रकारका अलङ्कार ७ हात हुन्। गद्य, पद्य र गीतिबाट बाँधिएका ठूला साहित्य देवताले माच्छेमा प्रवेश गरे। यस्तै प्रकारले शांकर वेदान्तले र रामानुजी आदि वैष्णवहरूले पनि अर्थ गरेको छ। जस्तै १२।१३ शास्त्रले आफ्ना विचार-अनुसार अर्थ गरे। ठूला विद्वान्ले लेखेको वेदमन्त्रार्थ हामी जस्ताले पनि बेठीक मान्दै छौं। उदाहरणका लागि यो मन्त्र र तिनको नमिल्ने अर्थ र आफूलाई फुरेको अर्थ देखाइन्छ। जस्तै दीर्घतमा मामतेयो जुजुर्वान् दशमे युगे। (ऋक्० १।१५८।६) भन्ने मन्त्रले उतथ्य ऋषिका छोरा दीर्घतमाको कुरा बताएको स्पष्टै छ। यो लामू कथा महाभारत र पुराणहरूमा पनि भएकाले अर्थ गर्न पनि सजिलो छ। "दीर्घतमा" नामक विद्वान् अन्धा ऋषि थिए। विवाह भयो। उनका ४ ओटा छोरा भए। तर स्वास्नी र छोराले उनलाई ज्यादै दुःख दिए। कहिले आगामा घँच्याई भने कहिले पानीमा धकेले। आखिरमा नदीमा बगाइदिए। धेरै टाढा

नदीले लगिसकेपछि अर्कै देशको राजाले भेटेर राम्रो सत्कार गरेर राखे। ती ऋषिलाई ठूला उत्तम ज्ञानी भनी चिनेपछि राजाका सन्तान नभएकाले उक्त ऋषिबाट सन्तान गराउने कुरा गर्दा रानीले स्वीकारेकाले धेरै सन्तान भई आरामसाथ बसे" भन्ने कथा छ। त्यस मन्त्रको अर्थ—आमा ममताका छोरा दीर्घतमा दशौं युग (पचास वर्ष) मा बूढा भए भन्ने हो। तर पृथ्वीभरको जानकारी राख्ने हाम्रा वेद दर्शन आदि सम्पूर्ण शास्त्र जान्ने, गीताको रहस्य, कर्मयोग शास्त्र आदि अनेक उत्तम ग्रन्थ लेखेर नेपाल भारतका राजनैतिक नेता र सुधारवादी नेताहरूका पथप्रदर्शक लोकमान्य तिलक, बालगङ्गाधरज्यू त्यागी महापुरुषले वेदमा धेरै मन्त्रहरूले उषा (अँध्यारो घट्न थालेपछि सूर्य नदेखिएसम्मको समय) को लामो वर्णन गरेको हुनाले आर्यहरू उत्तर ध्रुवबाट आएका हुन् भन्ने उहाँको ठूलो आग्रह थियो। त्यसै हुँदा उहाँले धेरै मन्त्रहरूको अर्थले 'उत्तर ध्रुवको वर्णन हो' भन्नुभएको छ। त्यस मन्त्रको पनि दीर्घतमा शब्दको लामू अन्धकार हुने उत्तर ध्रुवका सूर्य दशौं युग (दश महीना) मा बूढा भए भन्ने अर्थ गर्नुभयो। किनभने उत्तर ध्रुवमा छः महीना दिन र छः महीना रात हुन्छ। अर्थात् उषा (बिहान) र बेलुका सन्ध्या समेत जोड्दा दश महीना पनि हुन सक्ला, तर उहाँको सबैभन्दा ठूलो त्रुटिचाहिं के हो भने हाम्रा कुनै शास्त्रले महीनालाई युग भनेको पाइँदैन। युग शब्दको अर्थ स्मृतिहरूले पुस्ता पनि गरेको छ। सिद्धान्त-शिरोमणि आदि ज्योतिष ग्रन्थले सत्य कलि आदि लामा युग र पाँच[1] वर्षलाई पनि युग भनेकाले दश युगमा बूढा भए भन्दा ५० वर्षमा बूढा भए भन्ने अर्थ कथाका साथमा मिल्छ। आधुनिक युगमा पनि दुःख पाएको मानिस पचासै वर्षमा पनि बूढो हुने हुँदा मिल्न सक्छ। आर्यों के आदिदेश (पृ० १४५, लेखक ठूला विद्वन् डा० संपूर्णानन्द ज्यू) मा 'आर्यहरू उत्तर ध्रुवबाट आएका होइनन्, यहींका बासिन्दा हुन्' भनेको छ। अर्को उदाहरण हेरौं--

---

१. 'युगं भवेद् वत्सरपञ्चकेन' सिद्धान्त-सिरोमणि

२५ सय वर्ष अघिका भगवान् बुद्ध र महावीरले हिंसात्मक यज्ञ, ठूलो सानू जातिवाद सर्वत्र वेदैको नामबाट व्याप्त भएको थियो, तर वेदको विश्व-मानवतावादी सर्वात्मवादी अहिंसावादी सर्वमानव सापेक्ष व्यवहारवादी पक्ष दबेर समाप्तप्रायः भएको समयमा सर्वमानव सापेक्ष व्यवहारवादी अहिंसा-वादी पक्षको जनतामा प्रचार-प्रसार गर्दै प्रभावित पार्नुभयो। २२ सय वर्ष अघिका सम्राट् अशोकले पृथ्वीका कुना-कुनामा बुद्धको सन्देश पुऱ्याउनुभयो। तर वेदको पूर्णरूपले उपेक्षा गरेको हुँदा हिंसात्मक कर्मकाण्ड बन्द थियो तापनि ब्राह्मण, क्षत्रिय आदिले वेदाध्ययन र केही अहिंसात्मक कर्मकाण्ड चालू राखेकै थिए। जुन कुरा सम्राट् अशोकका शिलापत्रहरूले प्रकट गरेका छन्। जस्तै—मैले धर्मप्रचारका निमित्त धर्ममहामन्त्रीहरूलाई खटाएको छु। जुनले धर्म प्रचार गर्ने ब्राह्मणहरूको, बौद्ध भिक्षुहरूको र निर्ग्रन्थ (जैनि मुनि)-हरूको संरक्षण र सहयोग गर्नेछन्। सबै धर्मको सहयोग गर्नु, सम्मान गर्नु नै आफ्नो धर्मको महत्ता प्रकट गर्नु र सम्मान गर्नु हो' इत्यादि कुरा शिलापत्रमा छन्। (द्वादश त्रयोदश शिलापत्र भगवती पान्थरीकृत अशोक-ग्रन्थ)।

जुनसुकै सम्प्रदायमा पनि त्यस समयको परिस्थिति-अनुसार आचार नियम बन्ने हुनाले सो आचार-नियम अर्को समयमा अनावश्यक र हानिकारक पनि हुन सक्छन्। पछि स्वार्थी तत्त्वले आफूतिर दुनो सोऱ्याउँदा अनेक विकृति उत्पन्न हुन्छन्, बढ्दै जान्छन्। अशोकका समयमा पनि बौद्ध धर्ममा अनेक विकृति बढेका थिए। अशोकले नामी विद्वान्हरूको ठूलो सम्मेलन गराई बौद्ध धर्मको नियम आचार छोड़ी पहेंलो लुगा र कमण्डलु लिएर भिक्षु नाममा राखेका गुठीबाट भोगविलासमा डुब्ने भिक्षुलाई त्यसै संमेलनबाट सेता कपड़ा दिएर भिक्षुको सुविधाबाट वञ्चित गरिए। त्यसको सयौं वर्षपछि कुमारिल भट्टले वैदिक साहित्य पनि पढिसकेर बौद्ध साहित्य पढी बिदा हुने समयमा अटालीमा बसेका समयमा वैदिक धर्म पनि कम होइन भन्नुका साथै बौद्ध छात्रहरूले अटालीबाट तल खसाइदिए, वेद साँचो भए मलाई

केही हुँदैन भन्दै झरे। उनको एउटा आँखो फुटेछ। तर वेद सत्य ज्ञान हो, मलाई केही हुँदैन भन्नुपर्नेमा वेद साँचो भए भनेकाले आँखो फुट्यो भने। उज्जैनको राजदरबारका नजीकैबाट हिंड्दा सुधन्वा राजाकी छोरीको बोली "किं करोमि क्व गच्छामि को वेदानुद्धरिष्यति" भन्ने सुनेर कुमारिल भट्टले पनि "मा विषाद वरारोहे भट्टाचार्योऽस्मि भूतले।" कन्याले वेदको उद्धार कसले गर्ला भनेकोमा 'म भट्टाचर्यले गर्नेछु' भन्ने कुरा निज भट्टाचार्यले भने। शास्त्रार्थ गर्दै जाँदा सर्वत्र भट्टाचार्यकै विजय हुँदै गयो। गुरुका साथ विद्या पढ़ेर त्यसैको खण्डन गर्ने छात्रले भुषको आगाबाट मर्ने प्रायश्चित्त गर्ने उल्लेख स्मृतिले बताएको हुँदा प्रयागमा भुसको आगोमा पस्दा जगद्गुरु शंकराचार्य पुग्नुभयो। कुमारिल भट्टले अब मेरो काम तपाईंलाई सुम्पिएँ भनेर प्राणत्याग गर्नुभयो। वेदोद्धार जस्तो लोकोपकारी काम गर्ने विद्वान्लाई त्यस्ता पाप त्यसै कट्टी हुन्थे। त्यस्तो प्रायश्चित्त गर्ने कामै थिएन भन्ने संझेर देशको ठूलो हानि भएको ठहराउँदै वेदोद्धार कार्यमा तीव्र गतिले लाग्नुभयो। त्यस वेला वेदानुयायी शैव, वैष्णव, शाक्त, नाथ आदि संप्रदायहरूमा हाम्रो संप्रदाय ठूलो, अरूचाहिं साना भन्ने स्पर्धा बढ़ेको अवस्थामा शंकराचार्यले "एकं सद् विप्रा बहुधा वदन्ति" (ऋक्० २।३।३३) मन्त्रअनुसार एक परमेश्वरलाई अनेक नामले स्तुति गरेको हो भन्दै धेरै देवताका स्तोत्र लेख्दै पाञ्चायतन पूजा गर्ने परिपाटी चलाउनुभयो। धर्मसमन्वय कायम गर्नुभयो। तर उहाँको डोरीमा सर्पको भ्रम भएर भागिन्छ, तर डोरी चिनेपछि सर्प छैन भन्ने सिद्धान्त हुनाले उहाँले एघार उपनिषद्, गीताको र सनत्सुजात पर्व आदिको भाष्य गर्दा जगत् मिथ्या भन्ने अर्थ बताएकै छ। गीतामा हामीलाई जगत् बदलिने अनित्य हो भन्ने अर्थ लाग्दछ, मिथ्या अर्थ फुर्दैन। यजुर्वेदको अन्त्यको चालीसौं अध्याय सबै उपनिषद्मध्ये पहिलो उपनिषद् हो, वेदको अन्त्य भाग हुनाले वेदान्त पनि हो। उहाँ जगन्मिथ्यावादी हुनाले त्यही आग्रहले भाष्य लेख्नुभएकोमा हामीले पनि आलोचना गर्नुपरेको हो।

जगद्गुरु शंकराचार्यले गर्नुभएको भाष्य र दुई मन्त्र यहाँ देखाइन्छन्, तीदुवै मन्त्रको अर्थ अति सजिलो छ। तर उहाँको भाष्य भने निकै कठिन अनुभव हुन्छ, तापनि नेपाली भाषामा लेखिदै छ। जस्तै—ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्। तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् (यजु० अ. ४०।१)। वास्तवमा यो सबै चर अचर संसारै असत्य हो र यसलाई ईश्वर परमात्माले नै ढाकेको छ। जस्तै—श्रीखण्ड चन्दन सबै सुगन्ध भए पनि धूलो, पानी आदि मैलाले ढाक्ता दुर्गन्धी हुन सक्छ, तर घोट्ता धुँदा सुगन्ध छँदै छ। मन्त्रमा 'पृथ्वी' शब्द भए पनि देखिने (चन्द्र, सूर्य आदि) सबै जगत् त्यस्तै परमात्मा नै हुन्। अज्ञानले देखिएका मात्र हुन्। त्यसकारणले कसैको पनि धन छैन, सबै आत्मा मात्र हुनाले मिथ्या झूठा[1] विषयमा लोभ नगर। यस्तै प्रकार शंकर-पछिका उव्वट, महीधर आदि विद्वान्हरूले केही सजिलो छोटो, तर संसार मिथ्या भन्ने अर्थ गरे। त्यस्तै अचेलका अति विद्वान् पुराना शास्त्रका र पृथिवीभरका सबै विषय मोटामोटी जान्ने र अति परम्परावादी पूर्वाग्रही स्वामी करपात्रीजीले पनि विचारपीयूष ग्रन्थ पृष्ठ ३२ मा 'ईशावास्यम्' मन्त्रको अर्थ 'ब्रह्मसाक्षात्कारद्वारा प्रपञ्च को बाधित कर और त्यागद्वारा ब्रह्मनिष्ठा सुदृढ़ कर आत्मा को जन्म मरण के प्रवाह में पड़ने से बचा कर मोक्ष प्राप्त करो" भन्ने लेख्नुभयो। वास्तवमा त्यस मन्त्रमा मिथ्या आदि शब्द र अर्थ छैन। करपात्रीजीको ब्रह्मसाक्षात्कार आदि अर्थको पनि त्यस मन्त्रमा गन्धसम्म छैन। त्यस मन्त्रको अर्थ साधारण संस्कृत पढेका छात्रले बुझ्न सकिने अति सजिलो पृथिवीभरका मनुष्यका निम्ति उत्तम व्यवहार गर्न प्रेरणा दिने छ, त्यसपछिको दोस्रो मन्त्रको अर्थ पनि मनुष्यसमाजलाई बाँचुन्जेल कार्यशील भइरहन उपदेश गर्नै छ। जस्तै "कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः (यजु · ४०।२)। शंकराचार्यज्यूले 'कर्माणि'को अर्थ 'अग्निहोत्र आदि कर्म गर्दै सय वर्षसम्म बाँच्ने इच्छा गर्नु, भन्ने

---

१. मिथ्याविषयां गृधिं मा कांक्षीः। (ईशोपनिषद्, शांकरभाष्य।)

अर्थ गर्नु भयो । त्यहाँ अग्निहोत्र शब्दै छैन । वास्तवमा कर्म भन्नाले सत्कर्म अर्थ गर्नु पर्ने हो । त्यस वेलामा पनि अग्निहोत्र ब्राह्मण, क्षत्रिय, वैश्यले मात्र गरिने हो । अचेल आर्य समाज संगठनले वेदाध्ययनमा सबै मनुष्यको अधिकार मानेको हुनाले त्यस संगठनमा रहेका धेरैले नियम र विधि पनि छोटो र सजिलो पनि हुनाले अग्निहोत्र गरेको देखिन्छ । पहिलो मन्त्रमा नै 'जगत्यां (पृथिव्यां) सर्वं जगत्' पृथिवीभरका सबै प्राणी भन्ने अर्थ हुनाले पृथिवीभरका सबै मनुष्यलाई राम्रो दृष्टि राखी सद्व्यवहार गर्न उपदेश गरेको हो । 'कर्माणि'को अर्थ अग्निहोत्र आदि मात्र होइन, सत्कर्म अर्थ हो । कुमारिल भट्ट र जगद्गुरु शंकराचार्य प्रथम वेदोद्धारक हुनुहुन्थ्यो । त्यसपछि दयानन्द सरस्वतीजीले प्राणको बाजी लगाएर अति परम्परावादी वैदिक र स्मार्त विद्वान्‌हरूका सायमा शास्त्रार्थ गर्दै, लड्दै, भिड्दै हाम्रो धार्मिक, सामाजिक विकृतिबाट लाभ उठाई हिन्दु समाजलाई विधर्मी मिश्नरीहरूले निल्दै रहेको देखेर पृथ्वीभरमा सबैभन्दा पुरानो वेदको उद्धारका साथै अनेक प्रकारका सुधार गर्न आर्यसमाज संगठन खड़ा गर्दै अनेक प्रकारका पुस्तक लेख्दै वेदभाष्य समेत लेख्नुभएर सीमित क्षेत्रमा मात्र राख्ने प्रवृत्तिलाई निन्दा गर्दै वेदको ढोका मनुष्य मात्रका निम्ति खोलिदिनुभयो । उहाँले उक्त दुई मन्त्रहरूको अर्थ जनतामा सही बाटा लाग्न प्रेरणा दिने जस्तो थियो, त्यस्तै सही अर्थ गर्नुभएको छ । जस्तै—सम्पूर्ण मनुष्यलाई उपदेश गरिन्छ कि 'ए मनुष्यहो ! पृथ्वीमा जति प्राणी छन्, ती सबमा ईश्वर व्याप्त छन् । त्यसकारणले त्यागपूर्वक (दीन, अन्ध, अशक्तका निम्ति केही पर सारेर) भोग गर, कसैको धनमा लोभ नगर ।' (यजु० ४०।१) । सत्कर्म गर्दागर्दै सय वर्ष बाँच्ने इच्छा गर (अल्छी प्रमादी भएर होइन) (यजु० ४०।२) । शंकरले त्यस वेलाको परिस्थितिअनुसार त्यस्तै अर्थ फुरेछ र लेख्नुभयो, उहाँलाई दोष दिइँदैन । तर, अचेल रूस, अमेरिका, यूरोपका कैयौं पदार्थ अति आवश्यक भएर यहाँ चलाइँदै छन् । जुन कुरा नहुँदा यहाँ ठूलो आपत्ति पर्दछ । अन्य स्थानको डिजल पेट्रोल नभए नेपालमा भैंचालो जान्छ । यहाँका कैयौं सामान उहाँ पनि आवश्यक

पर्दछन् । मर्दा पर्दा पृथ्वीभरका राष्ट्रका अध्यक्षहरू वा प्रतिनिधिहरू पुग्दछन्। श्री ५ को राज्याभिषेकमा प्रायः पृथिवीभरका राष्ट्रप्रतिनिधि आएका थिए। मध्यकालमा ता त्यस्ता वैदिक कर्म म्लेच्छले हेर्न र सुन्न पनि हुँदैनथ्यो।" अथ हास्य वेदमुपश्रृण्वतस्त्रपुजतुभ्यां श्रोत्रप्रतिपूरणम् ।" (गौतमस्मृति १२।१) शूद्रले वेद सुनेछ भने सीसा र लाहा (पगालेर) ले कान भरिदिनू अथवा "ये चान्ये च गवाशनाः । तेषां संभाषणात् स्नानं दर्शनादर्कवीक्षणम् ।" (व्यास स्मृति ··· ···) अरू पनि जति गाई खाने छन् तिनका साथमा बोल्दा स्नान गरेर शुद्ध हुइन्छ, तिनलाई देखियो भने सूर्यको दर्शन गरेर मात्र शुद्ध होइन्छ। हुन ता उक्त व्यासवाक्य जस्ता मननशील विद्वान्कै वाक्य समेतको ठूलो प्रयत्न-बाट नेपाल र भारतमा गोवंश संरक्षण गर्न गोवध रोक्न सफल हुनु ठूलो लाभ मान्नुपर्दछ। अचेल पनि वन्यजन्तु संरक्षणका निम्ति कैयौं स्थानमा शिकार खेल्न बन्द गरिएको छ। तर गौतमको उक्त वाक्यचाहिं लागू भएको इतिहास देखिदैन र जातै बारेमा लेखिएको हुँदा अति अनुचित हो। यजुर्वेदको उपसंहार वैदिक सिद्धान्त बताउने १७ मन्त्रमध्ये पहिलो उक्त मन्त्रमा जगत्यां (पृथ्वी भरमा), इदं सर्वं जगत् (यी सबै जीवहरू जति छन् तिनमा), ईशावास्यम् (ईश्वर व्याप्त छन्), तेन त्यक्तेन भुञ्जीथा (त्यसै हुँदा त्याग गरेर भोग गर) मा गृधः कस्यस्वित् धनम् (कसैको धनमा लोभ नगर) अर्थात् सबै मनुष्यले आ-आफ्ना कमाईको भोग गर्दा पनि अभर पर्नेका निम्ति पर सारेर भोग गर्नू भन्ने कुरा स्पष्ट छँदाछँदै अति विद्वान् स्वामी करपात्रीज्यूको "प्रपञ्चको बाधित कर ब्रह्म साक्षात्कार' इत्यादि अर्थचाहिं अति परम्परावादी पूर्वाग्रहग्रस्त भएर मात्र संभव छ। मन्त्रले प्रपञ्चको भोग गर्नू भन्छ, तर प्रपञ्चको बाधित कर भन्दै उल्टो अर्थ लेख्नुहुन्छ। अझ त्यहीं छैटौं र सातौं मन्त्रले सबै प्राणी आफैं-मा र सबैमा आफैं रहेको देख्दछ भने कसैको घृणा गर्दैन र सहयोग गर्नेछ भन्छ। वास्तवमा ईश्वरको उपासनाचाहिं अन्तिम तीन मन्त्रले बताउँ दछन्। करपात्रीज्यूको जन्मबाटै जात मान्ने विचार बलियो हुनाले नै काशीविश्वनाथ मन्दिरमा अछूत मान्छे पसेर विश्वनाथ अपवित्र भएको हुँदा वाराणसीको मीर-

घाटमा नयाँ विश्वनाथ-मन्दिर बनाउनुभयो । त्यसै हुनाले होला उक्त 'ईशावास्यम्' मन्त्रको त्यस्तो अर्थ गर्नुभयो । किनकि गीता (५।१८) (६।२९)[1] ले भागवत (३।२९।२७) ले, मनु० (१२।१२५) ले समेत सबै पृथ्वीभरका मनुष्य मात्रमा होइन, सबै जीवमा ईश्वर रहेको हुँदा समानता-को व्यहार गर्नू भन्ने कुरा प्रकट गरेको छ । हुनता मनुष्यहरूमा नै समान व्यवहार हुन सक्तैन; दुष्ट-चोर-डाका-हत्यारा आदिलाई अपराध-अनुसार दण्ड र उत्तम काम गर्ने मनुष्यलाई सम्मान गर्नुपर्छ भने सबै जीवमा समान व्यवहार कसरी ? भन्ने शंका हुन्छ, यसको उत्तर गीता[2] (६।३२) ले नै दिएको छ । जस्तै--आफूलाई जस्तै अरूलाई पनि भोक तिर्खा जाडो गर्मी सुख दुःख आदि हुन्छन् भन्ने विचार गरी यथायोग्य समान व्यवहार गर्दछ भने त्यो ठूलो योगी हो । अर्थात् 'गाई, भैंसी, कुकुरसम्मलाई पनि घाँस गाँस आदि दिनू । मनुष्य-लाई काम, माम, वस्त्र, घर इत्यादिको प्रवन्ध हुनुपर्छ भन्ने अर्थ हो ।' सबै जीवका साथको समानता भनेकाले कुकुरलाई पनि ओछ्यानमा बसाइनू अथवा उडुस, लामखुट्टेले टोकेकोमा सहेर बस्नू भन्ने अर्थ होइन ।

हनुमान् 'शब्द' वेदका मन्त्रहरूमा कहीं पनि देखिदैन । त्यस्तै राम र कृष्ण शब्द पनि कतै कतै मात्र अरू नै अर्थमा छन् तापनि भक्ति-मार्गमा राम कृष्ण नामबाट भजन गरिदै छ र तो नामबाट सर्वशक्तिमान् परमेश्वरको भजन गरेको हो । तर तीन सय वर्ष-अघिका नीलकण्ठाचार्यले स्पष्ट नै रुद्रको स्तुति गर्ने मन्त्रले हनुमान्को स्तुति गरेको हो भनेको छ ।

---

१. विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥५।१८॥
सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥

२. आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥६।३३॥

जस्तै—"तव श्रिये मरुतो मर्जयन्त रुद्र यत्तेजनिम चारु चित्रम् । पदं यद्विष्णो-निरुपमं व्यधायि तेन पासि गुह्यं नाम गोनाम" (ऋक्० ५।३।३) हनुमान् रुद्रका अवतार हुन् भन्ने प्रसिद्धि छ । हे रुद्र ! (हे हनुमन्), तव श्रियै (राम विषयक ज्ञान पाउन), मरुतः मर्जयन्तः (देवताहरू तप ध्यान आदिले शुद्ध गर्दछन्), यत्तेजनिम चारु चित्रम् (तपाईँको चारुशीला नामबाट जो जन्म भयो त्यो आश्चर्य छ) चारु शब्दको 'राम्रो' अर्थ हुन्छ । शीला शब्द छैन । तर सत्यभामा 'मा' सत्या शब्दबाट सत्यभामा अर्थ आएजस्तै चारुको चारुशीला अर्थ हो भनेको छ । सीता र रामका भक्त हनुमान् हुन् । उनै हनुमान् चारुशीला नामबाट रामकी सेविका सखी हुन् भन्ने कुरा वाल्मीकि र अध्यात्मरामायण आदिमा छैन । रामकी ता पत्नी सखी (साथी) आदि जे भने पनि सीता मात्र छन् । तर अमर रामायण, भुशुण्डी रामायण आदिमा रामको रासलीला पनि बताइन्छ । वास्तवमा ता कुनै शक्तिशाली रसिक महन्तको काम हो कि भन्ने शंका हुन्छ । कृष्णकै पनि रासलीला ८ वर्षदेखि ११ वर्षसम्मको उमेरमा हुँदा अर्थ स्पष्ट बुझिदैन । उक्त रुद्रस्तुति गर्ने मन्त्रको प्रसिद्ध सायणाचार्यको भाष्यमा हनुमान्को गन्ध पनि छैन । त्यस्तो रुद्रको हनुमान् अर्थ र चारुको चारुशीला अर्थ त्यहाँ कुनै प्रकार-बाट पनि देखिदैन । त्यस्तै—कृष्णं त एम (ऋक्० ४।७।९) मन्त्रमा अग्निको वर्णन छ । आगो बल्दै जाँदा पछाडि कालो छाड्दै जान्छ भन्नलाई कृष्ण शब्द कालो अर्थमा छ । सायणजीले यही अर्थ गरेको छ । तर कृष्ण नामबाट भजन गर्ने वैष्णव सम्प्रदायले र नीलकण्ठले कृष्ण भगवान् अर्थ गरेको छ । तर हामी कृष्ण भगवान् अर्थ ठहराउदैनौं । एक परमेश्वरलाई अनेक नामले भजिन्छ भन्ने वैदिक मन्त्र-अनुसार नै रामकृष्ण भजिन्छन् । हजार वर्ष-अघि 'श्री' सम्प्रदाय प्रवर्तक रामानुज महात्मा प्रतिभाशाली थिए । शंख चक्र आदिले डाम्ने चलन छ र स्थायी चिनु बनाइन्छ । वृद्ध हारीतस्मृतिमा र पद्मपुराण आदिमा पनि छ । अरू सम्प्रदायले डामिएको निन्दा गर्नु र डामिएकाले अरूको निन्दा

गर्नु, पानी बारावार गर्नु गल्ती हो। सदाचरण गर्दछन् भने दुवै थरी उत्तमै हुन्। दुराचारी छन् भने दुवै निन्दित हुन्। त्यस्तै ऋग्वेदको "पवित्रं ते विततं ब्रह्मणस्पते प्रभुर्गात्राणि पर्येषि विश्वतः। अतप्ततनुर्न तदामोऽअश्नुते शृतास इद्वहन्तस्तत्समासत (ऋक्० ९।८३।११)। यस मन्त्रमा अतप्ततनुः (नडामेको मानिस), आमः (काँचो हुन्छ), शृतासः (डामेका पाका मानिसले) ईश्वरलाई पाउँछन् भन्ने अर्थ गरेका छन् र यो वेदमन्त्र प्रमाण दिन्छन्। तर सायणाचार्य आदिका भाष्यबाट र व्याकरण, कोश आदिबाट पनि त्यस्तो अर्थ लाग्दैन। पाखुरा आदिमा डाम्ने अर्थ भए ता अतप्ताङ्ग शब्द हुनुपर्ने हो। राम, कृष्ण र बुद्ध, शंकराचार्य आदिको व्रतबन्ध विवाह संस्कार बताएजस्तै फलानू उमेरमा फलानू गुरुले डाम्ने संस्कार गरेको कथा वाल्मीकि रामायण, महाभारत, हरिवंशहरूमा भेटिनुपर्दथ्यो। त्यसो भए तापनि स्वास्थ्य नबिग्रने गरी डामिन्छ, र डामिने मानिस पनि विरोध गर्दैन भने त्यो उस वेला थालेकोमा दोष छैन। त्यस वेलाको परिस्थिति हेरेर त्यो डाम्ने संस्कार पनि थाले होलान्। नाथ सम्प्रदायले ता झन् ठूलो छिद्र कानमा बनाए। मोटो कुण्डल पनि लगाए र परेबाट चिनिने गरेको छ। मुसलमानको पुरुषवर्गको नहेरिने ठाउँमा खतना (इन्द्रियको टुप्पो सुमेरुको छाला ताछ्ने काम) गराइन्छ। ठूलो सानोचाहिं आचरणबाट हुने कुरा माथि लेखियो। 'पवित्रं ते'' मन्त्रको अर्थ संक्षेपमा के हो? भने ए ब्रह्मणस्पते! (परमेश्वर!) तपाईंको सत् ज्ञान र आनन्द समेत पवित्र स्वरूप सर्वत्र व्याप्त छ। (त्यो नभएको ठाउँ कुनै छैन), तर त्यसै पवित्र स्वरूपलाई इन्द्रियनिग्रह सदाचरण आदि तप नगर्ने मानिस काँचो हुने हुँदा पाउँदैन। तप गर्नेचाहिं पाको हुनाले पाउँछ। यो अर्थ सम्पूर्ण मनुष्यलाई सत्कर्म गर्ने प्रेरणा दिने हो। तर उक्त वैष्णव सम्प्रदायले डाम्ने संस्कार वैदिक हो भन्नलाई त्यो अर्थ गरे। अर्को मन्त्र सामवेदको हो भनेर प्रमाण दिन्छन्। जस्तै—"प्रते विष्णोऽअब्ज चक्रे सुतप्ते जन्माम्भोधीतर्तवे चर्षणीन्द्राः मूले बाह्वोर्दधदन्ये पुरागम। लिङ्गान्यन्ये तापकान्यर्पयन्ति।"

(साम पू०प्र० छः द्वि० १-१३ । सा० उ० प्र० २ द्वि० १६) लेखेका छन्, तर त्यो मन्त्र सामवेदमा भेटिएन ।

यजुर्वेदको सोह्रौं अध्यायलाई रुद्राध्याय भनिन्छ । त्यहाँ महीधर र उब्बट आदिका भाष्यको आरम्भमा नै 'सर्वात्मना रुद्रः स्तूयते' भनेर व्याख्या पालेको छ । ऋग्वेदमा रुद्रसूक्त छ । यजुर्वेदमा रु[1]द्रबारे धेरै मन्त्र छन् । तर वेदमा मुण्डमालाधारी भनेको छैन ।

रुद्ररूप र शिवरूप

निराकार निर्गुण निर्विकार सर्वव्यापक सच्चिदानन्द स्वरूप परब्रह्म परमेश्वर परमात्मा शिव, रुद्र, विष्णु, दुर्गा आदि नामबाट पनि स्तुति गरिन्छ । दुष्ट-दमनका निम्ति रुद्र, हर आदि नामबाट र उनैको भयङ्कर रूपबाट स्तुति गरिन्छ । शत्रुले दुःख दिएका अवस्थामा वा हैजा आदि महामारीका अवस्थामा अथवा आक्रामक दस्युहरूले काटमार लूटपीट मच्चाएका समयमा मुण्डमालाधारी रिसाहा हर रुद्र महाकाली चण्डी आदि नामबाट स्तुति गरिन्छ । शान्तिका समयमा उनै परमेश्वरको शिव, महेश्वर, महादेव, विष्णु आदि नामबाट स्तुति गरिन्छ । वेदमा मुण्डमाला छैन । रुद्राध्यायमा रुद्र आदि भयङ्कर नामबाट र शिव शङ्कर आदि सौम्य नामबाट पनि स्तुति

---

१. बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः प्रबल तमसे तत्संहारे हराय नमो नमः, जन सुखकृते सञ्चोत्पत्तौ मृडाय नमो नमः । प्रवहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः (महिम्नस्तोत्र)

गरिएको छ । स्तेनानां पतये नमः । तस्कराणां पतये नमः, वञ्चते परिवञ्चते स्तायूनां पतये नमः । नमः श्वभ्यः श्वपतिभ्यश्च वो नमः । चोर डाका ठग लुटाहाका नेतालाई र कुकुर (भुकुवा), कुकुरका मालिकलाई पनि नमस्कार छ' भन्ने अर्थ देखिन्छ । वास्तवमा ता चोर डाका ठग लुटालालाई र उनका नेतालाई ता दण्ड पो गर्नुपर्ने हो, कुकुरलाई खान दिनुपर्ने हो भन्ने शंका हुन्छ । त्यसै हुँदा स्वामी दयानन्द सरस्वतीजीले 'नमः' शब्दको कहीं दण्ड दिनू, कहीं अन्न दिनू र कहीं नमस्कार गर्नू भन्ने पनि अर्थ गर्नुभएको छ । नमः शब्दको कहीं कहीं अरूले ती अर्थ पनि गरेकोले समेत प्रकरण-अनुसार वेसै छ ।

महीधर आदि विद्वान्‌ले चाहिं के लेखे ? हेरौं ।

रुद्राध्यायको आरम्भमा नै "सर्वात्मना रुद्रः स्तूयते" अर्थात् आकाश र त्यहाँका पिण्डहरू पृथिवीभरका जीव जन्तु र पापी वा धर्मी जति मनुष्य वा देवता वा पशु पक्षी छन्, ती सब रुद्र-रूपले नमस्कार गरिन्छन् । त्यसो भए ता चोर डाका हत्यारा ठगहरूलाई नमस्कार गर्ने अर्थ व्यवहारमा नमिल्ने देखिन्छ, के गर्ने ? यसको उत्तर—यस्तो प्रश्न यजुर्वेदको चालीसौं अध्यायको मन्त्रमा र अन्त पुराण, महाभारतमा उठेर समाधान पनि हुँदै छन् । जस्तै—आर्य सज्जन उत्तम मानिसलाई र दस्यु अव्रत (लुटाहा, हत्यारा, डाका अनैतिक काम गर्ने दल वा व्यक्ति) लाई समेत राम्ररी चिनेर[1] दण्ड सजाय गर्नुपर्छ भन्ने कुरा वेदले र सबै शास्त्रले पनि बताएकै छ । मुख्य आशय के भने सबै प्राणीमा ईश्वर व्याप्त भए पनि जड़ शरीरको सम्बन्धले तामसिक प्रवृत्तिबाट अपराध भएकोमा सज्जनको र साधारण निर्दोष व्यक्तिको रक्षाको निम्ति सुधार्ने र अरूलाई बचाउने उद्देश्यले पनि दण्ड गर्नैपर्दछ । चोर डाकालाई पनि रुद्ररूप हुँदा खान-पान बोली आदिबाट सत्कार गर्नू ।

---

१. विजानी ह्यार्यान्ये च दस्यवो बर्हिष्मते शासदव्रतान् । शाकीभव यजमानस्य चोदिता विश्वेत्ताते सधमादेषु चाकना (ऋक्० १।५७।८)

तर अपराध ठहरेमा ता दण्ड सजाय पनि गर्नैपर्दछ । सर्वत्र मित्र, उदासीन, शत्रु हुन्छन् । उड्स, उपियाँ, कीर्ना, जुका, जुम्रा आदिलाई हटाउनैपर्दछ। समाज सुधारक निर्भय ठूला विद्वान् दयानन्द स्वामीज्यूले चारै वेदको हिन्दीमा भाष्य लेख्नुभयो । वैदिक सनातन धर्मको नामबाट बीचमा आवश्यक मानी चलाएका बाल-विवाह आदि अनेक विधि-निषेध र स्वार्थवश भई चलाएका मनुष्य जातैको अस्पृश्यता, काशी आदि तीर्थमा जीउँदै अग्निप्रवेश, सतीप्रथा, अध्ययन निषेध आदिको र हिन्दु-अन्तर्गत अनेक सम्प्रदायको ईसाई, इस्लाम सम्प्रदायको समेत कड़ा आलोचना गरी 'सत्यार्थ प्रकाश' नामक ठूलो ग्रन्थ लेख्नुभयो । उहाँले गरेको वेदमन्त्रार्थको धेरैले समर्थन गरे । कैयौं मन्त्रार्थ-मा विरोध पनि गरे । हिन्दु समाजभरमा त्यस वेला अतिपरम्परावादको कतैबाट पनि रोक्न नसकिने बाढी चलेको थियो । त्यसैमा इस्लाम सम्प्रदाय-को बाढ़ी ७।८ सय वर्ष अघिदेखि चल्दै थियो । त्यसैमा झन् ठूलो ईसाई सम्प्रदाय समेतको बाढ़ी समेत तीनैवटा बाढीले पृथ्वीभरमा अति पुरानो भईकन पनि सर्वोत्तम हिन्दू धर्मलाई फोर्ने, भत्काउने र बदनामी गर्दै हिन्दु धर्मीलाई तानेर बाढीमा मिलाउने गर्दथे । हाम्रो अति परम्परावादरूपी बाढीले चाहिं आफूतिर नतानेर उक्त दुई बाढीतर्फ अरू बाटो नदेखेर होला धकेलिदिन्थ्यो र के भन्थ्यो भने यी सब अनर्थ कलियुगले गरेको हो, भनेकै पनि छ "जगत् सब् म्लेच्छै भो लिएन हरिको नाम् मुलुकले । तपस्मा शूद्र भो···" भन्दथ्यो र 'कल्कि अवतार लिएर भगवान्ले सबै ठीक गर्नुहुन्छ, अलिक दिन पर्खनुपर्छ' समेत भन्दथ्यो । त्यस वेला यी सबै विकृति अज्ञानरूपी अन्धकार हटाउन वेदरूपी उज्यालो चाहिने ठहराई उक्त तीनैवटा बाढ़ी रोक्न छटपटी गर्दै, वेदमन्त्रार्थ गर्दै, लड्दै भिड्दै, पुस्तक प्रकाशित गर्दै, त्यस वेला फुरे-अनुसार वेदमन्त्रार्थ गर्नुभयो । नियोगप्रथा महाभारतमा पनि देखिएकाले र स्वामीजीका समयमा बाल-विवाह मात्र चलेकाले समेत बालविधवा सर्वत्र थिए। विधवा विवाह निषिद्ध थियो । तर विधर्मीहरू बालविधवालाई अनेक उपायबाट लाने प्रयत्न गर्दै रहन्थे, र ती विधर्मी नेताहरूको भनाइ थियो कि एक लाख

बालविधवाबाट चार चार सन्तान भए पनि चार लाख संख्या बढ्न सक्नेछ। त्यसै हुँदा नियोग प्रथाद्वारा वा त्यसै पनि विधवा-विवाह अवश्य गर्नैपर्दछ भन्ने विचार स्वामीजीको थियो। वेदमन्त्र (ऋक्[1]० १०।४०।२) मा पनि अश्विनीकुमारको स्तुति गर्दा विधवा स्त्रीले दोस्रो वरलाई आफ्ना शयनमा राखेजस्तै तिमीहरू दिनमा र रातमा कहाँ-कहाँ बस्तछौ ? इत्यादि अर्थ हुँदा जनसंख्याको आवश्यकता पूर्ति गर्न समेत वेदमा विधवा-विवाह देखिन्छ। तर उक्त क्रान्तिकारी सुधारक विद्वान् स्वामीजीले चाहिं विवाह-सम्बन्धी धेरै मन्त्रको आवश्यकता पर्दा एघारौंसम्म पनि पति-नियोग (इष्ट मित्र अभिभावक-हरूको सल्लाह) द्वारा गर्नुपर्दछ भन्ने र स्त्रीहरूलाई बाँझो नराख्ने मत हुँदा होला अर्थ 'दशास्यां पुत्रानाधेहि पतिमेकादशं कृधि (ऋक्० १०।८५।४५) मन्त्रमा विवाह गर्दा वरले इन्द्रका साथमा प्रार्थना गर्दछ कि 'हे इन्द्र परमेश्वर ! यी वधूबाट १० सन्तान र म पतिलाई एघारौं गराउनुहोस्' भन्दछ। तर स्वामीजीले चाहिं पति मर्दै गएमा १० सन्तानका लागि एघारौं-सम्म पति हुऊन् भन्ने अर्थ गर्नुभयो (सत्यार्थ प्रकाश, संवत् १९७६ मा प्रकाशित पृ० ११५-११९)। विवाहकै अर्को मन्त्र (ऋ० १०।८५।४०) मा स्त्रीहरूलाई क्रमैले 'सोम, गन्धर्व र अग्निदेवले रक्षा गरेको हो। चौथो रक्षा गर्ने वा प्राप्त गर्ने मनुष्य हो' भनेकोमा स्वामीजीले चाहिं पहिलो पतिको नाम सोम हो, दोस्रोको गन्धर्व, तेस्रोको अग्नि र चौथो पतिको नाम मनुष्य हो इत्यादि अर्थ गर्नुभएको छ। त्यस्तै लोग्ने मरेपछि उस वेला स्त्रीहरू पनि मलामी गएको कुरा दुई मन्त्रले बताउँछन्। जस्तै—पहिलो मन्त्रले चाहिं' यी सधवा स्त्रीहरू घिउ लाउँदै दुःख नमानी घर जाऊन् भनेर दोस्रो मन्त्र (ऋक्० १०।१८।८) ले उ दीर्व्वनारि। अभिजीवलोकं गतासुमेतमुपशेष एहि। हस्त ग्रामस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमाभिसंबभूव। 'ए नारि ! तिभी

---

१. को वां शयुत्रा विधवेव देवरं मर्यं न योषा कृणुते सधस्थ आ। (ऋक्०-१०।४०।२)

पाणिग्रहण गर्नें यी पतिकी स्त्री थियौ, अब यिनको स्वर्गवास भएकाले बाँकी बाँचेका मानिस भएको घरमा हिंडी भनेको छ । स्वामीजीले त्यस मन्त्रको अर्थ कस्तो गर्नुभयो भने—"ए नारि ! इस मरे हुए पति की आशा छोड़ के बाकी जीते हुए पुरुषों में से दूसरे पतिको प्राप्त हो" इत्यादि गर्नुभयो ।

उस वेला अनेक असंख्य विकृतिबाट ग्रस्त भएको हिन्दु समाजको विकृति हटाउन अति छटपटी भई उहाँलाई त्यस्तो अर्थ फुरेर सो-अनुसार प्रचार गर्नुभयो । यस लेखकलाई फुरे-अनुसार त्यो अर्थ गरेको हो ।

पुराना सायणाचार्य, महीधर आदिका भाष्यमा अनेक यज्ञ आदि उत्तम धार्मिक कर्ममा अनेक अनेक पशु हिंसा र कतै-कतै अश्लीलांश पनि देखिन्थ्यो । त्यस्तै कुराबाट पनि वेदमा अश्रद्धा गर्ने मानिस भेटिन्थे । अजीगर्तले माहिलो छोरो शुनःशेपलाई वरुण-यज्ञमा बलि दिन राजाबाट धन लिई बेचे । यज्ञको यूप (बलि बाँध्ने खम्भा)-मा उनलाई तीन ठाउँमा बाँधेको थियो । त्यो बन्धन छुटाई त्यस कालबाट बाँच्न शुनःशेपले "उदुत्तमं वरुण ! पाशम्" मन्त्र (यजु० १२।१३) ले वरुणको स्तुति गरे । विश्वामित्र ऋषि आएर उनलाई आफ्नू जेठो छोरो बनाएर छुटाए । इत्यादि कुरा मन्त्र र ब्राह्मणग्रन्थ आदिबाट प्रकट हुन्थ्यो । जुन कुराको प्रचार गरेर वेदमा अनास्था, अश्रद्धा पैदा गर्ने काम सरिता, मुक्ताले र त्यो हेर्ने कतिपय भारतीय र नेपालीले पनि गर्दै छन् । तर स्वामीजीले ती सब काम वाममार्गीको प्रभावबाट भएको हो भनेर व्याकरण, निरुक्त आदि अनेक प्रमाणबाट वेदार्थ गर्दै वेदमा श्रद्धा, आस्था बढ़ाउने र वेदाध्ययनलाई सार्वजनिक गराउने काम गर्नुभयो । वेदमा हिंसात्मक कर्मकाण्डै छैन, दुष्ट दुर्जनको दमन मात्र छ इत्यादि कुरा बताउनुभयो । ती मन्त्रहरू र ऐतरेय ब्राह्मण आदिका हरिश्चन्द्र, रोहित, शुनःशेप आदि नामबाट अनेक प्रकारका बादल, बिजुली, वायु आदि अर्थ गरेको छ । वेदका शब्दार्थ बताउने निरुक्तले पनि कैयौं मन्त्रका दस्यु, वृत्र, शम्बरको अर्थ अनेक बादल अन्धकार काँठ (ढुस्से) आदि गरेको छ । (ऋक्० १।४।२६) मन्त्रको निरुक्त द्वैतकाण्ड (७।६।३) मा दस्यु वृत्र र शम्बर समेतको अर्थ

अनेक बादल गरेको छ। वेदको अर्थ बटारेर अनर्थ गरी प्रचार गर्ने पाश्चात्यहरूका अंग्रेजी व्याख्याका पुस्तक हेरी तिनको कडाइका साथ अंग्रेजीमा र वेदज्योति आदि हिन्दी पत्रिकामा र पुस्तकहरूमा पनि अनेक प्रकारबाट उक्त स्वामीका अनुयायी विद्वान्हरूले खण्डन गरी सत्य अर्थ प्रकट गरेका छन्। ती सम्पूर्ण कुरा लेखी साध्य छैन। दिग्दर्शनका लागि संक्षेपमा प्रकट गरेको हो।

●

विभिन्न पाश्चात्य विद्वान्बाट वेद-प्रशंसा

वेदान्त उपनिषद् भनेको वेदको अन्त्य भाग हो भनियो। त्यसबारे वेदका धुरन्धर विद्वान् पाश्चात्यहरूले समेत के भनेका छन्, हेरौं—वेदोपनिषद्का विद्वान् शोपेनहारले भनेका छन् कि उपनिषद्का प्रत्येक शब्दबाट गहिरो मौलिक र उच्च विचार मान्छेमा उत्पन्न हुन थाल्दछन्। यी उपनिषद्मा पवित्र उत्तम भावना देखिन्छन्। सबै संसारमा यस्तो रचना देखिदैन, जुन पढ्नाले यति ठूलो उपयोगी भई मानिसको विचार उन्नत गराओस्। उपनिषद्हरू ठूलो ज्ञानका खानीबाट उत्पन्न भएका हुन्। कुनै दिन संसारभरका मनुष्यले उपनिषद्हरूमा विश्वास गर्नेछन् र पढ्नेछन्। उपनिषद् पढ्नाले मेरो जीवनलाई शान्ति मिलेको छ। अर्का ठूला विद्वान् १८ वर्षको उमेरदेखि संस्कृत विद्याको अध्ययन गर्ने, अंग्रेजीमा वेदभाष्य लेख्ने मैक्समूलरले लेखेका छन् कि वेदान्तका पुस्तकहरू पढ्दामा मेरो समय अत्यन्त आनन्दले बित्दछ। वेदान्त पढ्दा मलाई बिहानको उज्यालो जस्तो र पहाड़को शुद्ध हावा जस्तो लाग्दछ। एकपल्ट बुझेपछि त्यसबाट सजिला र साँचा कुरा प्रकट हुन्छन्। (पं० जवाहरलाल लिखित हिन्दुस्तान की कहानी हिन्दुस्तान की खोज)। वेदका मन्त्रार्थबारे विभिन्न मत सबै लेख्दा ज्यादै ठूलो पुस्तक बढ्ने हुँदा यहीँ विश्राम गरियो।

जगन्मिथ्यावाद

जगद्गुरु शङ्कराचार्य र तदनुसारीहरूको संसार मिथ्या सपना जस्तो छ। परब्रह्म परमेश्वर मात्र सत्य छ भन्ने सिद्धान्त हुनाले सो-अनुसार वेद, उपनिषद्, गीता, ब्रह्मसूत्र आदिको अर्थ गरे। ती ग्रन्थहरूमा संसार अनित्य छ, सदा प्रतिक्षण बदलिइरहन्छ भनेको छ। तर उहाँले गीता शांकर भाष्यको र उपनिषद् र ब्रह्मसूत्रको समेत अर्थ गर्दा जहाँ-तहाँ सिपिमा चाँदी भ्रम, डोरीमा सर्पभ्रम, तैमिरिक रोगीले दुई चन्द्र देख्नु र सपनामा बाघ, भालू देखेजस्तै यो संसार अज्ञानले ब्रह्ममा देखिएको हो। ज्ञान हुनाका साथै सबै यंसार छैन भन्ने मत उहाँको हो।

पूज्य स्वामीजीको भाष्य ता सांस्कृतिक एकता बढाउने र हिंसा अश्लीलांश नभएको र पाश्चात्य र तदनुसारी भारतीय वा नेपालीको अश्रद्धा बढाउने र जातीय फूट बढाउने अर्थ नहुँदा झन् उत्तम छ। कालक्रमबाट र जैन-बौद्ध सम्प्रदायको अनास्थाबाट उपेक्षित वेदको प्रथम उद्धारकर्ता शंकराचार्य हुनुहुन्थ्यो। बौद्ध सम्प्रदायको व्यावहारिक पक्ष-बाहेक दार्शनिक पक्ष चार थिए। तीमध्ये यो संसार क्षणिक विज्ञानको विवर्त हो, सत्य होइन भन्ने मत मुख्य थियो। तर शंकरजीले नित्य विज्ञानरूपै ब्रह्म हो र त्यसैको विवर्त संसार हो भन्नुभयो। विवर्तको अर्थ—एक पदार्थलाई अज्ञानले अर्कै पदार्थ ठहराएर व्यवहार गर्नु हो। जस्तै—डोरीलाई सर्प ठहराई भागिन्छ! डोरीचिनेपछि सर्प छैन। जबसम्म ब्रह्मज्ञान हुँदैन तबसम्म संसार सत्य छ। सब व्यवहार चालू हुनुपर्छ, तर ब्रह्मज्ञान हुनाका साथै संसार छैन, भन्ने सिद्धान्त थियो।

शंकराचार्य ३२ वर्षकै उमेरमा परमधाम जानुभयो। त्यति उमेरभित्रमा नै त्यस वेला यातायातको साधन नहुँदा पनि भारत भ्रमण गर्दै शास्त्रार्थ गर्नु; अनेक पुस्तक लेख्नु, विभिन्न मठको स्थापना गरी त्यहाँ आफ्ना शिष्य उत्तराधिकारी राख्नु इत्यादि असंख्य काम देखिनाले संसारलाई सत्य मान्नेभन्दा बेसी नै

उहाँ कार्यशील देखिनुहुन्छ। उहाँले संसारलाई मिथ्या नै मानेको भए ता मिथ्या संसार निम्ति मिथ्या धर्मोपदेश, मिथ्या मठ किन बनाउनुहुन्थ्यो ? मिथ्या शरीर को निम्ति मिथ्या खाद्यपदार्थ नहालेर त्योभन्दा पहिले नै परमधाम गइसक्नु-हुन्थ्यो। त्यसै हुँदा शंकरको जगत्-मिथ्यावादबाट भारत र नेपालका हिन्दु समाज अकर्मण्य बनेका हुन् भन्नु अनुचित हो। उहाँको त्यति छोटो जीवनले अति कर्मण्यताको शिक्षा हामीलाई मिलेको छ। वेदले ता मनुष्य समाज अकर्मण्य नबनोस् भनेर होला के भन्छ भने "ध्रुवाद्यौर्ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे। ध्रुवं विश्वमिदं जगत्। ध्रुवो राजा विशामयम्" (ऋक्० १०। १७३।४) पृथिवी पर्वत समेत सबै जगत् ध्रुव छ। प्रजाका यी राजा पनि ध्रुव छन्। यद्यपि जगत् अनित्य हो भन्ने कुरा प्रत्यक्ष नै देखिने हुँदा किन ध्रुव (नित्य) भनेको हो ? भन्ने शंका हुन्छ तापनि सांख्यसिद्धान्तले र हामीले पनि जगत् बदलिरहेको देखिन्छ, नष्ट हुँदैन। राजा पनि परम्परामा छँदै छन्, गद्दी छँदै छ। राजा नभएको देशमा पनि राष्ट्रपति देखिन्छन्। जनतामा कार्यशील हुन प्रेरणा गर्ने यो मन्त्र हो। द्वितीय वेदोद्धारकर्ता दयानन्द सरस्वती हुनु-हुन्थ्यो। संस्कृतका विद्वान्हरूले लोककल्याणको उद्देश्य राखेर भरसक सबै भाष्य हेरी आवश्यक र आफूमा फुरेको अर्थ गर्न उचित हुनेछ।

●

वेदबारेका फुटकर कुराहरू

वेदका कैयौं मन्त्रहरूमा सम्बोधन छैन। त्यसो हुँदा त्यस मन्त्रले कसलाई भनेको हो ? थाहा पाइँदैन तापनि मनुष्यहरू नै बुझ्न सक्ने हुनाले भाष्यकारहरूले त्यस वेलाको परिस्थितिअनुसार विचार गरेर सम्बोधन राखे, राख्दै छन्। जस्तै-'न तंविदाथ' (ऋक्० १०।८२।७) मन्त्रले भन्दछ कि—जसबाट यस ससारको सृष्टि भएको छ, तिनलाई तिमीहरू जान्दैनौ। किनभने तिमीहरू र उनको

माझमा (अन्तर) पर्दा लागेको छ। तिमीहरूलाई अज्ञानरूपी गाढा कुइराले ढाकेको छ। तिमीहरू आफ्नो भोग[1] निम्ति मात्र चिन्ता गर्दै स्तोत्र पाठ गर्छौ। यसको आशय—सम्पूर्ण मनुष्यलाई आफ्ना निम्ति मात्र इलम उद्योग र पाठ पूजा स्तोत्रपाठ आदि उपसना गर्ने होइन, व्यापक दृष्टि राखेर इलम उद्योग गर। ईश्वर र तिम्रा बीचको पर्दा उघ्रने गरी उपासना गर भन्ने हो। त्यसैले सायणाचार्यले भाष्यमा 'हे नराः' भन्ने सम्बोधन गरेको छ। तर उक्त सायणाचार्यले पनि ऋग्वेदको उपसंहार अन्तिम तीन सूक्तका तीन मन्त्रले पनि माथिको मन्त्रले जस्तै व्यापक दृष्टि राखी भौतिकवादी दृष्टिले सम्पूर्ण मनुष्य-लाई अति आवश्यक कुरा बताएकाले 'हे मनुष्याः' भन्ने सम्बोधन गर्नुपर्ने हो तापनि 'हे ऋत्विग्यजमानाः, हे स्तोतारः' भन्ने संकुचित सम्बोधन गरेको छ। त्यस वेला यज्ञको प्रचार हुँदा त्यो सम्बोधन गरेको हो। तर दयानन्द सर स्वतीजीले चाहिं 'ए मनुष्यो !' भन्ने सम्बोधन राखेको छ, जो ती मन्त्रार्थक साथ मिल्न सक्तछ। ती तीन मन्त्र अन्यत्र नै लेखिए, छोटो अर्थ यहाँ गरिन्छ—'ए मनुष्य हो ! जसरी पुराना पुर्खाहरूले आफ्ना-आफ्ना भागको भोग गर्दै एक समिति कायम गरी आ–आफ्ना विचारको आदन-प्रदान गर्दै काम गरेथे, त्यसरी नै गर। जसरी तिमीहरूको सह-अस्तित्व रहन्छ त्यसरी नै समानताको व्यवहार गर' इत्यादि अर्थ छ।

वास्तवम ता त्यस वेला प्रजाको रक्षाका निम्ति राजनीतिको हिंसा चाहिंदा र वाममार्गको प्रभाववाट समेत हिंसा-परक अर्थ ठाऊँठ-ठाऊँ मा गरे तापति वेद मन्त्रहरूको अर्थ राम्ररी बुझ्न सायणभाष्य उत्तम छ। कसैको पनि दोष मात्र हेर्नु हुँदैन, दोषलाई छाडी चाहिने कुरा सबैको लिनुपर्छ।

विश्वइतिहासको रूपरेखा (रामभक्त मानन्धर) संस्करण २, पृ० १४ मा चामलको वर्णन वेदमा कहीं पनि भएको देखिदैन। पृ १५ मा तिनीहरूलाई

---

१. आफ्नो भोगका निम्ति मात्र काम गर्ने भन्ने अर्थ 'असुतृप' शब्दबाट आउँछ

चामलको ज्ञान थिएन इत्यादिलेखेको देख्दा आश्चर्य लाग्यो । किनभने यजुर्वेद (अ० १८ मं १२)[1] ले नै व्रीहि (धान) जौ, गहुँ, मास, मूङ, तिल आदि अन्नहरू गनेर प्रार्थना गरेको छ । संस्कृत ग्रन्थ थोरै मात्र पढ़ेका पण्डितले पनि वेदमा धान, चामलको कुरा छ भन्ने कुरा बताउन सक्ने थिए । पाश्चात्य वा तदनुसारीको भनाइ वा लेखाइवाट लेख्नुभयो कि भन्ने लाग्छ ।

●

आलोचना लेखक हरू

उदरम्भरि[2] = सत्य असत्य र समाजलाई लाभ होस् वा हानि होस् माथिल्ला तहको गुणगान गर्दै जीविका गर्ने वा धन कमाउने हुन्छन् । उनले जस्तै अत्याचारी शासकलाई पनि देवांश भनेका छन् ।

दोस्रा सुधारवादी लेखकचाहिं आफूलाई आपत्ति परे तापनि लोककल्याणका लागि लेख्छन् । सुधारका निम्ति नै आलोचना स्तुति र निन्दा समेत गर्दै रहन्छन् । तेस्रा, पुस्तकका कीरा लेखकहरूचाहिं आफूलाई धेरै विषय जान्ने ठूलो विद्वान् ठहराऊन् भन्ने मात्र उन्देश्य लिए समाजको लाभ हानि केही विचार नगरी लेख्दछन् । चौथा खाले लेखकचाहिँ प्राचीन मानवतावादी र सर्वात्मवादी वैदिक सिद्धान्तमा नभएका दोषहरू अनेक प्रकारले अर्थ बटारेर लेख्दै हाम्रा पुराना गौरवमय इतिहासलाई धामिल्याई पाठकहरूमा अश्रद्धा, अनास्था मात्र होइन, विद्रोही भाव पैदा गर्ने सामग्री दिंदै रहन्छन् ।

---

१. व्रीहश्यच मे यवाश्च मे (यजु० १८।१२)

२. हुनता सबै लेखक वा अरू पनि उदरम्भरि हुन्छन्, नभए बांच्तैनथे । तापनि दुष्ट दुराचारी शासक वा धनीको असत्य गुणगान गर्नेलाई भनेको छ ।

उदरम्भरिले जङ्गबहादुर, हिटलर, स्तालिन, इदी अमिन आदिलाई ईश्वरीय अंश भएका महापुरुष भन्ने लेख्ने गर्दथे उस वेला राणा शासनमा राणा-हरुलाई चिठी लेख्दा हामी सबैले अधर्मावतारभए पनि धर्मावतार करुणानिधान वा दयासागर भन्ने शब्दहरू लेखेर निवेदन पत्र लेख्नुपर्दथ्यो ।

दोस्रा सुधारवादीहरूले चाहिं अति परम्परावादीका साथ वाग्युद्ध सधै गर्नेपर्दछ र कहिलेकाहींता अनेक संघर्ष गर्नेपर्दछ । मनु०(८।१९) ले दोषीको दोष देखाएर निन्दा गर्नेपर्द छ । त्यसो नगर्नु नै गल्ती हो भनेको छ ।

तेस्रा खाले पुस्तकका कीरा विद्वानहरूले चाहिं समाजमा हानि वा लाभ के हुने हो ? त्यसतर्फ विचारै नगरी आफूलाई ठूलो विद्वान् ठहराऊन् भन्ने उद्देश्य मात्र लिएको बुझिन्छ । त्यस्ताले लेखेको वेदमन्त्रार्थको उदाहरण हेरौं पिता दुहितुर्गर्भमाधात् (ऋक् १।१६४।३२) को अर्थ-बाबुले छोरीलाई गर्भ राखिदिए। यो मन्त्र देखाएर हिन्दीका 'सरिता' 'मुक्ता' आदि पत्रिकाले र नेपाली विद्वान्ले समेत उस्तै अर्थ गरे । उक्त हिन्दी पत्रिकाले ता हाम्रो अन्धविश्वास हटाउने निहुँबाट अनेक अनर्थ प्रचार गर्दै भाँड्दै विधर्मी मिशनलाई अनिच्छाले हो वा इच्छाले सहयोग गर्दै छ । नेपालमा पनि त्यस्ता खाले विद्वान्को कमी छैन। तर, सामाजिक स्थिति भाँड्ने विचार नभएका उत्तम विचारवाला पनि पुस्तकका कीरा विद्वान्ले त्यस्ता मन्त्रको जथाभावी अर्थ गरेको देखियो ।

सरिताम लेख्ने सुरेन्द्रकुमार शर्माले र यहाँका कतिपय विद्वान्ले ता भाँड्ने नियतले समेत लेखेको बुझिन्छ । ती-बाहेक पुस्तकका कीरा विद्वान्ले राम्रो नियत भएर पनि कैयौं मन्त्रको अर्थ भाँड्ने विद्वान्को जस्तै गरेका छन् । उक्त (ऋक् · १।१६४।३२) मन्त्र हेरौं, त्यसको अर्थ के गरे—

द्यौर्मे पिता जनिता नाभिरत्र बन्धुर्मे माता पृथिवी महीयम् । उत्तानयोश्चम्बोर्योनिरन्तत्रा पिता दुहितुर्गर्भमाधत् ॥ "मलाई पैदा गर्ने द्यौः(सूर्य)हुन् । मेरी माता यी ठूली पृथ्वी हुन् । उत्तानू यी पृथ्वी छोरीमा पिता (सूर्यले गर्भाधान गरे। अर्थात् वृष्टिद्वारा अनेक खाद्यपदार्थ उत्पन्न भए । ऋग्वेद र अथर्ववेदमा यस्ता मन्त्र ४।५ वटा देखिन्छन् । ती सबमा छोरीचाहिँ दिव् (आकाश), कहीं पृथ्वी

र कहीं उषा छन्। उषाचाहिं रातको अध्यारो सकिएपछि सूर्यको उदय नभ-एसम्मको उज्यालोलाई भनिन्छ। पितावाहिं कहीं प्रजाप ति कहीं द्यौ वा सूर्य छन्। प्रजापति पनि सूर्य नै हुन्। दिव् (आकाश)छोरीमा गर्भ रहँदा वृष्टि आदि भए। त्यहीं भयंकर व्रज्रपात हुँदा अनेक गाउँ भस्म पनि हुन्छन्। त्यही रुद्राभ हुन्। अथवा जेठ महीनामा भयङ्कर गर्मी गराउने सूर्य नै रुद्र हुन्। ती रुइ पित प्रजापतिबाट छोरी दिव् (आकाश वा स्वर्ग) मा गर्भ रही जन्मिए। इत्यादि अर्थ लाग्छ। शतपथ ब्राह्मण प्रथम काण्डमा नै "प्रजापतिः स्वां दुहितरमभि-दध्यौ, दिवं वोषर्स वा०" इत्यादिले प्रजापति सृष्टिकर्ताकी छोरी दिव् वा उषा स्पष्ट लेखेको छ। पुस्तकका कीरा विद्वान्ले चाहिं नराम्रा अर्थ गरेका छन्।

मदनमणि दीक्षितज्यूले 'रूपरेखा' पत्रिकामा 'युगगाथा' 'त्यो युग' इत्यादि शीर्षकबाट ऋक्सूक्तका एक दुई मन्त्रका अर्थ गर्दै त्यहाँ नभएको आफ्नो आग्रह प्रकट गर्नुभएको छ। हाल प्रकाशित 'माधवी' पुस्तकमा पनि माधवीको नाम देखेर ययाति राजाकी छोरी माधवीवाट चार ठाउँका राजाहरुले एक-एक पुत्र पैदा गरेर आफ्नो उत्तराधिकारी गराएको कथाद्वारा फ्रायडवादलाई प्रोत्साहन होला जस्तो लागेर र ज्यादै ठूलो हुँदा समय किन फाल्नु ? भनी त्यहाँको प्रकरण मात्र हेर्दा यम-यमी नाट्य देखियो। त्यो हेर्दा त्यससम्वादका थोरै मन्त्र को अर्थ देखाएर पुरानो समयमा दिदी बैनीका साथ दाजु भाइको विवाह हुन्थ्यो भन्ने कुरा मनुकै छोरा र छोरीको सम्बन्धबाट पुरूरवा(जन्मिएका हुन् भन्ने असत्य कुरा लेख्नुभयो। त्यो कुरा वेदमा छैन किनकि वैवस्वत मनुकी पहिली छोरी इड़ा थिइन्। ती- पछि इक्ष्वाकु आदि छोरा भए। चन्द्रका छोरा बुधका साथ सम्बन्ध भएर पुरूरवा जन्मिए, चन्द्रका नाति हुनाले त्यो वंशै चन्द्रवंशी कह-लायो। मनु सूर्यका छोरा भएका हुँदाइक्ष्वाकु आदि सबै सूर्यवंशी भए भन्ने कुरा सर्वत्र लेखिएको छँदा छँदैदिदी बहिनीका साथ दाजु भाइको पति-पत्नी-को सम्बन्ध हुने चलन थियो भन्ने उदाहरण नपाएर वेदका नामबाट पुरू वाको

असत्य[1] उदाहरण दिनुभयो। यस-बारेमा यसको पहिलो भाग पृष्ठ १७ मा र अन्यस्थानमा पनि प्रकाशित गरियो।

रूपरेखाको 'त्यो युग' शीर्षक (संबम्त् २०३७ -अंक-२३३) मा मोदिआइन (बि.पी.कृत) को आलोचनामा 'स्वयं' त्यो कौरव-पाण्डवको युगमा कृषि भूमिले आर्थिक सम्बन्ध निर्धारण गरेको कर्त पाइँदैन। इत्यादि कुरा पनि महाभारत सभा पर्व अ.५ को र ऋग्वेद अक्षसूक्त (१०।९५), यजुर्वेद.(१२।७१) को ऋक् (४।५८) को अध्याय सूक्त हेर्दा खेतीबाट ठूलो लाभ बताएको र किसानलाई बीज खाद्यसामग्री, पानी कुलोको प्रबन्ध मिलाउनु, आकाशका पानीका भरमा खेती हुँदैन भन्ने समेत सभा पर्व अ०५मा छ। यजुर्वेद (१२।७१) मन्त्रले फाली लगाएको हलो जोत्नाले धन-सम्पत्ति, उत्तम स्त्री, रथ र घोड़ाहरू, साथै गाई-भैंड़ाहरू पनि जुट्तछन् भनेकाले उत्तम खेती नभई ती सम्पूर्णकुरा जुट्ने थिएनन्।

•

अनुरोध

वेदमन्त्रहरूको अति थोरै व्याख्या देखाइयो। आफ्नो विचारको पुष्टिका निम्ति कसैले सही अर्थ गरे भने कसैले खिचातानी पनि गरेको देखिन्छ। त्यसो हुँदा संस्कृतका विद्वान्हरूले पनि एकै भाष्य मात्र हेरेर सन्तोष गर्नु हुँदैन, भन्ने मेरो अनुरोध हो।

१—राहुल सांकृत्यायनज्यूले 'ऋग्वैदिक आर्य' भन्ने पुस्तकमा वेदले नाताको विवाह निषिद्ध मान्दछ भनेको छ।

रूढ़िबूढ़ी अन्धविश्वास

रूढ़िबूढ़ी अन्धविश्वासले पनि विधि-निषेधले झैं स्थान पाएर ठूलो हानि गराइरहेका छन् । मानिसले लाभ हुने काम गर्नु पर्दछ, हानि हुने काम त्याग्नु पर्दछ । तर हानि-लाभतर्फ विचारै नगरी शास्त्रबाट वा जिजुबाजेको पाला-देखि चलेको भन्दै आँखा चिम्लेर, हानि गर्ने काम पनि गर्दै रहनु अन्धविश्वास हो । तर लाभ हुने कामलाई रहस्य नबुझी अन्धविश्वास हो भन्नु चाहिँ महान् ज्ञानान्धता हो । वेदमा नभएका तर कुनै बखत तत्कालीन परिस्थिति-अनुसार आवश्यक ठहऱ्याई चलाइएका बाल-विवाह, सती-प्रथा, काशीमा अग्निप्रवेश (आत्मदाह), प्रयागमा वरबाट मर्नु, केदारमा भृगु (भीर) पतन र कैयौं मनुष्य जातैलाई अस्पृश्य मान्नु इत्यादि कुरा समाजमा त्यतिखेर आवश्यक ठहऱ्याएर शास्त्रहरूमा बताइए । ती प्रथा यतिखेर अति हानिकाक छन् भनी हटाउन खोज्दा परम्परावादी विद्वान्हरूले विरोध पनि गरे । तर प्रशासनले ती प्रथा हटायो । अहिले मनुष्य जातैको अस्पृश्यता हराउँदै ती जातिको पनि मन्त्रोपदेश संस्कार हुनुपर्छ भन्दै सरकारी स्तरबाट र विश्व हिन्दु सम्मेलनद्वारा धार्मिक स्तरबाट पनि अरू सरह समान अधिकार दिएको छ । अब त्यो नगरहरूमा लागू भैसकेको छ, समाजमा सर्वत्र लागू गर्ने काम सुधारक विद्वान्हरूले र ती वर्गले पनि निकै प्रयत्न गर्नु आवश्यक छ र गरिदै छ । हाम्रो गाउँ मधेशमा भएको माई खटिराको रोग के गरी हट्छ ! कसरी आयो ? कुनै नौ जना थारूले नामी धामीलाई सोधे । धामीले भने कि—तिम्रो गाउँ झिम्तामा खेदिनी नाउँकी थरुनी बूढ़ीले बूढ़ी खोला पुगेकी माई रोगलाई फिराएर ल्याइछ । यो सुनेपछि उक्त बूढ़ीलाई कुटेर राति निकाले । यो नै अति अन्धविश्वास हो ।

रूढ़िबूढ़ी

प्रत्यक्ष हानिकारक देखेर पनि त्यो हटाउने पक्षको विरोध गर्नु, चालू राख्नु अन्धविश्वास लेखियो। शास्त्रमा नलेखेको, सर्वत्र समाजमा रहेको कुरीति कुप्रथा रूढ़िबूढ़ी हो र अन्धविश्वास पनि हो। नेपालभरमा ब्राह्मणले हलो जोत्नु हुँदैन, जोतेमा ब्रह्मतेज नष्ट हुन्छ भन्ने कुरा वि० २००७ सालसम्म कड़ा थियो। तराई नेपालका र भारतका पनि कायस्थ र मैथिली ब्राह्मणहरूले गाई भैंसी दुहुनु र गोबर फ्याँक्नु हुँदैन, थारू जात र मुसहर आदि जातले मरेका गाई भैंसी कुकुर आदि जन्तुलाई छुनु फ्याँक्नु हुँदैन इत्यादि प्रथा थियो' त्यस कामको लागि डुम वा चमार जातलाई बोलाउनुपर्थ्यो। यसै घरानमा बेवारिसे मानिस मरेमा सद्गति गर्न डुम आदि अछूत जातलाई खोज्नुपर्दथ्यो। वि. २००७ साल अघिसम्म घरानमा सेवा-समिति थियो। त्यसका सदस्य अरू अनेक जातका साथै विद्वान् ब्राह्मणहरू पनि थियौं। बेवारिये लाश अछुत आदि जुनसुकै जात भए पनि काँधमा बोकेर बजारै-बजार सद्गति गर्न लगिन्थ्यो। अति परम्परावादीहरूले घेरै विरोध पनि गरे, ऐनमा उस वेला पनि विरोध नपर्ने हुँदा र शास्त्रमा पनि "अनाथ-प्रेत-संस्करात् कोटिजन्मफलं लभेत्=बेवारिसे लाशको संस्कार गर्दा कोटि यज्ञको फल मिथ्दछ" भनेको हुनाले विरोधीहरूलाई यही जवाफ दिदै काम चालू रह्यो।

वर-तर्फ धन दिएर विवाह गर्ने दहेज प्रथा, कन्यातर्फ धन दिएर गरिने कन्यौती प्रथा, चुम्ना प्रथा, रुपियाँ लिएर कन्या दिनु इत्यादि प्रथा, वि. १९८३ सालमा शासनद्वारा अन्त्येष्टि गरिएको दास-दासी किन-बेच प्रथाको अवशेष रूपमा, अझै पनि नेपालमा जहाँ-तहाँ छँदै छन्। तत्तत् कामका लागि किनिएको वर वा किनिएकी कन्या पनि वास्तवमा किन्नेको एक किसिमका दास-दासी नै हुन्। किन्नैपर्छ भन्नुचाहिं अन्धविश्वास हो। यस्ता अन्धविश्वास र रूढ़िबूढ़ी लाई अविलम्ब त्याग्नुपर्छ र त्यजाउनुपर्छ।

वर्णाश्रम के हो ?

वर्ण—ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र समेत चार वर्ण छन् । ती जन्मबाटै हुन्छन् । ब्राह्मणोऽस्य···(यजु०३१।११) मन्त्रले नै ईश्वरको मुखबाट ब्राह्मण जन्मेको हुँदा ठूलो हो, पाउबाट जन्मेको हुनाले शूद्र सानू हो । पृथ्वीभरमा नै चार वर्ण थिए । पाँचौं वर्ण छैन (मनु० १०।४) । उनै चार वर्णबाट मान्छे पृथ्वीमा फैलिए । सबै मनु-सन्तान हुन् । अरूले ब्राह्मणको संगत नहुँदा आफ्नू वर्ण बिसिए इत्यादि विचार मनुस्मृतिमा छ ।

महाभारत शान्तिपर्व (अ० १८८।१८९)[1] वनपर्व (अ.२१६) आदि धेरै ठाउँमा ब्रह्माबाट सृष्टि भएको हुँदा सबै जात ब्रह्मसन्तानै[2] हुन् । अनेक काम-बाट अनेक जात भए इत्यादि बताइन्छ । शूद्रचाहिं जथाभावी गर्ने, जे पनि खाने, जे मन लाग्यो त्यही गर्ने, नियममा नरहने, वेदलाई हुटहुटी गर्ने, अनाचार गर्ने हो । तर राम्रो काम गरेमा फेरि पनि धर्म यज्ञ याग आदि सबै गर्न सक्तछ । सधैंलाई निषेध गरेको होइन भनेको छ । मनुले त्यस वेलाका लागि सामाजिक व्यवस्था मिलाएको मात्र हो भन्ने कुरा पनि मनु-बाटै स्पष्ट छ । मनु० (४।१७६) ले नै धार्मिक व्यवहार पनि हानिकारक र प्रबुद्ध वर्गले निन्दा गरिएको छ भने त्याग्नू भन्ने कुरा—

"परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ"
धर्मं चाप्यसुखोदर्कं लोकविक्रुष्टमेव च"

---

१. न विशेषोऽस्ति वर्णानां सर्वं ब्रह्ममिदं जगत् ।
ब्रह्मणा सृष्टपूर्वं हि कर्मभिर्वर्णतां गतम् ॥
शा०प० अ० १८८ ।

२. एकवर्णमिदं सर्वं विश्वमासीत् युधिष्ठिर ! (वनपर्व ११६)

भन्ने श्लोकद्वारा स्पष्ट भनेको छ। अर्थात् धार्मिक मानेको व्यवहार पनि हानि गर्ने छ भने त्यागिदिनू।

त्यसो हो भने ता ब्राह्मणोऽस्य...(ऋक्० १०।९०।११ र यजु० ३१।११) मन्त्रका (मनु० १।९३) को अर्थमा विरोध पर्छ नि? यसको उत्तर वास्तवमा उक्त मन्त्रको मुखबाट र पाउबाट जन्मेको अर्थ गर्दा प्रत्यक्ष विरोध र शास्त्र-विरोध पर्ने हुँदा त्यो अर्थ आउने सक्तैन। (इत्यादि कुरा वेदाधिकार प्रकरणमा हेरियोस्।)

●

आश्रमहरू

ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ आश्रम र संन्यास समेत चार आश्रम उमेर-अनुसार काम गर्ने र सुव्यवस्थित समाज कायम गर्ने आवश्यक ठहराएर चालू गरिएको थियो। सबै वेद उपनिषद् स्मृति पुराणहरूले विस्तारपूर्वक बताएको छ। यहाँ संक्षेपमा मात्र देखाइन्छ।

●

ब्रह्मचर्य

ब्रह्मचर्य—ब्रह्मचर्य प्रथम आश्रम हो। यसमा विद्याऽध्ययन नै मुख्य काम हुनाले पच्चीस वर्षको उमेरसम्म विवाह नगरी अनेक विद्या पढ्नु, भोजनचाहिं भिक्षाबाट पाएको सबै गुरुलाई बुझाउने नियम थियो र गुरुले

नै शिष्यहरूलाई पाल्नुपर्दथ्यो । तर अचेल अल्छी मानिस पनि भिक्षा माँग्ने भएकोले त्यो भिक्षा-वृत्तिलाई सबैले निन्दित मान्न थालेकाले विद्यार्थीलाई भिक्षा माँग्ने काम बन्द भै बाबु आमाहरूले र अरू धार्मिक समाज कल्याण-कारी मानिसले राखेका गुठबाट जीविका गर्दै पढ्ने चलन बढ़ेको छ। पच्चीस वर्षको उमेरसम्म ब्रह्मचर्यको नियम भए पनि कसैको बीस वर्षसम्म, कसैको तीस वर्षसम्म र इच्छा गर्ने कुनै मानिस त पूरै जीवन गृहस्थाश्रममा प्रवेश नगरी जन्मभर पनि ब्रह्मचारी भै रहने नियम थियो। ब्रह्मचर्याश्रम पूरा गर्दा विद्यामा र व्रतमा स्नातक बन्दथे। बाल विवाह थालेपछि विद्या-स्नातक मात्र बन्न थाले। अचेल बालविवाह हटे पनि व्रत-स्नातक बन्ने बनाउने चलन र सो बताउने चलन समेत देखिदैन। आर्यसमाज संगठनका गुरुकुलहरूमा र अरू कतिपय धार्मिक संगठनमा स्त्री पुरुष दुवैलाई व्रतस्नातक विषय बताउने र गराउने पनि चलन छ।

●

गृहस्थाश्रम

विवाह गरी स्त्री पुरुष साथै रही अनेक व्यवहार चालू राख्ने, सन्तान-लाई पालन-पोषण, पठन-पाठन गरी योग्य ईमानदार नागरिक बनाउने काम गृहस्थले गर्दछ। विवाहित स्त्री-पुरुषलाई शान्तिपूर्वक व्यवहार गर्ने मुख्य-एक धर्म (काम) मनुले[1] बताएको छ—"जन्मभर आफू पति-पत्नी बाहेक अरू स्त्री पुरुषका साथ व्यभिचार (यौन-सम्बन्ध) नहुनु मुख्य धर्म बताएर त्यसनिम्ति विवाहित स्त्री-पुरुषले धेरै दिन वियोगी भएर रहनु हुँदैन समेत

---

१. अन्योऽन्यस्याव्यभीचारो भवेदामरणान्तिकः ।
एष धर्मः समासेन ज्ञेयः स्त्री-पुंसयोः परः ॥

मनुले[1] भनेको छ। जीविकाका निम्ति मनु[3] भन्नुहुन्छ कि मनुष्यलाई मात्र होइन, कुनै जीव जन्तुहरूलाई पनि पीर-पिराउ नपारी द्रोह नै नगरी जीविका गर्नू। अथवा कुट्नु, पिष्नु, पकाउनु र खन-जोत गर्दा पनि ससाना जीव-जन्तु मर्दछन्। अथवा उडुस उपियाँ किर्ना जुम्रा आदि र बाली माल्ने अनेक जन्तुबाट बालीको, पालतू जन्तुको र आफ्नू रक्षाका निम्ति पनि अनिवार्य हिंसा थोरै हुने हुँदा त्यो त्यस्तो हिंसा अल्पद्रोह हो। त्यो त्यस्तो हिंसा गरेर पनि जीविका गरोस् भनेको छ। अथवा चोर डाका हत्यारा आततायी मान्छे छन् भने तिनको पनि पीर छुटाउन शान्तिले भएन भने आपत्ति पर्दा क्रान्ति पनि गर्नैपर्दछ इत्यादि पनि मनुले भनेको छ। त्यस्ता अनिवार्य हिंसादोष हटाउन प्रतिदिन पञ्चयज्ञ गर्नू भनेको छ। ईश्वरले नै पाल्दछ भन्ने कुरा मनुले भन्दैनन्।

●

वानप्रस्थाश्रम

मनुस्मृतिको छैटौं अध्यायमा, श्रीमद्भागवतको तृतीय स्कन्ध तथा एकादश स्कन्धमा र अरु स्मृति पुराणमा तेस्रो आयु एकाउन्न वर्ष उप्रान्त नातिसमेत भइसकेपछि इच्छा भए स्त्री-सहित र नभएमा एकलै पनि वनमा गई

---

१. तथा नित्यं यतेयातां दम्पती तु कृतश्रियौ।
यथा न व्यभिचरेतां तौ वियुक्तावितरेतराम् ॥
(मनु० अ. ९, श्लोक १०१।१०२)।
अद्रोहेणैव भूतानामल्पद्रोहेण वा पुनः।
या वृत्तिस्तां समादाय विप्रो जीवेदनापदि ॥
(मनु० अ० ४ श्लो० २)

उग्र तपस्या गरोस् । स्त्री साथै भए पनि ब्रह्मचर्यमै रहेर जङ्गली फलफूल, कन्दमूल या हलाले नजोती स्वयं उम्रिएका सामा आदि अन्नबाट जीविका गर्दै छात्रहरूलाई पढ़ाउने, उपदेश दिने काम गरोस् । तपस्या कस्तो गरोस् त ? भने--वरिपरि चारैतिर आगो बालोस्, एक सूर्यसमेत भै पाँच तप हुने हुँदा ग्रीष्म ऋतु[1] (जेठ-असार) मा पञ्च तप गरोस् । वर्षा ऋतु (श्रावण-भाद्र) मा विना-ओतै चउरमा बसोस् र वर्षे पानी खपोस् । जाड़ाका समयमा घाँटीसम्म पानीमा बसोस् वा लाएका लुगा भिजेका हऊन् इत्यादि प्रकारका कष्टसाध्य तप गरोस् । अर्थात् घाम पानी जाड़ो सहन सक्ने वानी बसालोस् । ध्यानावस्थामा तिनको पीड़ा पत्तै नचल्ने बनोस् । ब्रह्मचर्यको प्रभावले तिनको दूषित प्रभाव पर्नै सक्तैन । जसरी बेस पिष्टनमा जम्मा गरिएको वाष्पमा अगाध चालन-शक्ति रहन्छ त्यसै गरी शुद्ध निर्विकार मस्तिष्कमा जम्मा गरिएको शरीरभरको तापमानमा पनि अद्भुत शक्ति रहन्छ । ताप एकत्रित भएकोले मन (ताप) को चञ्चलता छरिन पाउँदैन । यसैको नाउँ योग हो । योगीले जे चितायो त्यै गर्न सक्छ । यसैले वानप्रस्थाश्रममा योगी बन्ने प्रयत्न गरोस्, जुन प्रयत्नलाई तपस्या भनिन्छ । यस्तो तपस्याका साथसाथै शास्त्राध्ययन र लोककल्याणकारी चिन्तन मनन पनि चालू राखोस् । धृति-क्षमा आदि दश प्रकारको धर्म पनि चालू राखोस् इत्यादि बताएको छ । अन्त्यमा मनु[2] (६।९५) ले त्यो नसके सबै काम त्यागेर वेदाध्ययन गर्दै छोराको आर्जनबाट जीविका गर्दै सुखपूर्वक बसोस् पनि भनेको छ ।

●

---

१. ग्रीष्मे पञ्चतपास्तु स्यात् वर्षास्वभ्रावकाशिकः ।
आर्द्रवासास्तु हेमन्ते वसेद् वै वर्धयन् तपः ॥
(मनु०, ६।२३)

२. (मनु० ११।२३५) ले खेती व्यापर आदि निश्छल अनेक उद्योगले जीविका गर्नू पनि तपै हो भनेको छ ।

तपबारेमा समीक्षा

त्यस्ता उग्र तप कहीं-कहीं अझै छँदै छन्। भगवान् बुद्धले पनि छः वर्ष-सम्म अनशन गर्नुभयो। हाड़ र छाला मात्र बाँकी रह्यो। 'शरीरभरिका हाड़ काँड़ा जस्तै भए। छुनेबित्तिकै रौं झर्दथे भनेको छ। त्यसपछि खान थाले र निरञ्जना नदीको तीरमा ध्यान गरी बस्ता ज्ञान पाए। यो कुरो बुद्धले आफ्ना शिष्यहरूलाई सुनाउनुभएको छ। छः वर्ष अनशन लेखिए पनि केही जङ्गली सागपात ता खाएकै हुनुपर्छ। नभए शरीर कसरी रहन्थ्यो होला? अथवा अहिले पनि तीस वर्ष नखाई बस्ता पनि जस्ताको तस्तै रहेकी राजस्थानकी कुनै स्त्रीको डाक्टरी जाँच समेत भैसक्यो। वैज्ञानिकहरू छक्क परेका छन्। त्यस्ता अलौकिक घटना असंख्य देखाउन सकिन्छ। तप[1] के हो? भन्ने कुरो अन्यत्रै बताइयो। शरीरलाई अति कष्ट दिएर गरिने तपलाई गीताले र अरू शास्त्रले पनि तामसी र आसुरी तप बताएर शरीर, वचन र मनले अरू प्राणीसहित सबै मानिसका साथ राम्रो व्यवहार गर्नु नै तप हो भनेको

भागवत स्कन्ध ११। अ०...मा 'आकण्ठमानः शिशिरे' भनेको छ।

संन्यस्य सर्वकर्माणि कर्मदोषानपानुदन्।
नियतो वेदमभ्यस्य पुत्रैश्वर्ये सुखं वसेत्॥

(मनु० ६।९५)

मूढग्राहेणात्मनो यत् पीड़या क्रियते तपः।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम्॥ (गीता १७।१९)
अशास्त्रविहितं घोरं तपन्ते ये तपो जनाः।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः॥ (गीता १७।५)
कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः।
मां चैवान्तःशरीरस्थं तान् विद्ध्यासुरनिश्चयान्॥ (ऐ ६)

छ। जस्तै देवता, गुरु र विद्वान्हरूका सच्चरित्रहरूको पूजा संमान गर्नु, शरीरलाई र खान-पान, लुगा-फाटा, भाँड़ा-बर्तन, थाल-कटौरा, घर-गोठ वरिपरि शौच (धुनु लिप्नु घस्नु बढार्नु आदिबाट सफा राख्नु) ईमानदार सोझो भै व्यवहार गर्नु र ब्रह्मचर्य (यौनसम्बन्ध त्याग्नु) र गृहस्थले पति-पत्नी बाहेकमा व्यभिचार त्याग्नु, हिंसा नगर्नु समेत शरीरको तप हो। अर्कालाई पीर नपार्ने साँचो प्रिय र हितसमेत हुने बोली बोल्नु र सच्चरित्र बन्नु, सत्कर्ममा प्रेरणा गर्ने र श्रद्धा भक्ति बढ़ाउने ईशोपनिषद् आदि, वेदमन्त्र आदि र गीता आदि सत् - शास्त्रको अध्ययन गर्नु समेत वचनको तप हो। मनमा काम क्रोध लोभ आदि घटाई हटाई शुद्ध नै राख्नु, मनलाई बाहिरी विषयतर्फ जान नदिनु, भावना शुद्ध राख्नु मनको तप हो।[1]

मनुले[2] कसैलाई पीर नपर्ने गरी जीविकाका निम्ति गरिने अनेक कामलाई तप बताए पनि वानप्रस्थाश्रममा शरीर सुकाउने उग्र तप पनि बताए र अन्यमा अरू काम छोडेर अध्ययन अध्यापन गर्दै छोराको आर्जनमा सुखपूर्वक बसोस् (मनु० ६।९५) भनेकोले शरीर सुकाउने तप त्यस वेला मानिएको बताएको मात्र हो, वास्तविक होइन भन्ने निष्कर्ष देखिन्छ। त्यसैले मनुस्मृति व्यावहारिक शास्त्र हो भन्न सकिन्छ। त्यसैले रघुवंश आदि काव्यमा र अन्त

---

१. देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम्।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥
अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत्।
स्वाध्यायाऽभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥
मनः प्रसादसौम्यत्वं मौनमात्मविनिग्रहः।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥

(गीता अ० १७, श्लोक १४।१५।१६)

२. ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम्।
वैश्यस्य तु तपो वार्ता तपः शूद्रस्य सेवनम् ॥ (मनु० ११।३३५)

पनि राजा र ऋषि-मुनि जङ्गलमा वानप्रस्थाश्रमी भै बसेको बताए पनि द्रोणाचार्य, कृपाचार्य, भीष्मपितामह आदि विद्वान्हरूले वानप्रस्थी नभै सय वर्षको उमेरसम्म व्यवहारमा रही आखिर महाभारतको युद्धमा वीरगति प्राप्त गरे। धृतराष्ट्र, विदुरचाहिं वानप्रस्थ भै प्रायोपवास (अनशन) बाट समेत स्वर्गवासी भए, त्यतिखेर विदुर सय वर्षका थिए। रामचन्द्र वनवास जाँदा चित्रकूट आदिका जंगलमा बस्तै दण्डकारण्यमा जानुभयो। जहाँ अगस्त्य, सुतीक्ष्ण, शरभङ्ग आदि अनेक मुनिहरू स्त्री-सहित पनि थिए, पठन-पाठन गर्दथे। प्रत्येक आश्रममा व्यवस्थित बगैंचा हुन्थ्यो। आफ्नू सद्-व्यवहारबाट र सदुपदेशबाट मनुष्यसमाज सुधार्नु र परमेश्वरको मनन चिन्तन ध्यान गर्नु नै ती मुनिहरूको काम थियो। किनकि त्यस्ता महात्मा मुनिहरूबाट मनुष्य समाजमा सद्-व्यवहारका साथै कर्मण्यता बढ़ाउने काम सदा चालू रहनुपर्दछ। यस्तो नभए मनुष्य जात बाघ-भालूभन्दा पनि खतरनाक हुँदै चोरी डकैती हत्या व्यभिचार बलात्कार आदि अनेक अनर्थ बढ्दछन् र साथै स्वार्थी छट्टू मानिसहरूले अगुवा भै अनेक कुरीति कुप्रथा चालू गराउँदै आफ्नू स्वार्थपूर्ति पनि गर्ने थाल्दछन्। दक्षिण भारतमा कैयौं ठाउँमा र लङ्कामा राक्षस जातका मानिस बस्तथे; तिनका राजा रावण थिए। त्यस जातले विरोधी मानिसको मासु पनि खान्थ्यो। रावणले सीता-हरण गरेको र राक्षसी व्यवहार गरेकाले समेत त्यसलाई—'रामले सीतालाई फिर्ता गरी राक्षसी व्यवहार छोडेर मेल गर्नुपर्छ' भन्ने समाचार पठाएकोमा त्यो सर्त नमानेर युद्ध भै रावण मारी राक्षसी व्यवहार नगर्ने विभीषणलाई राजा गराउनुभयो। हुन ता रावण पुलस्त्य ऋषिको नाति थियो, तर व्यवहारचाहिं राक्षसी थियो। पुलस्त्य ऋषि उपदेश गर्दै लङ्का पुगेका र छोरो विश्रवाको राक्षसी कैकसीका साथ प्रेम भै रावण आदि जन्मेका हुन्। अचेल वानप्रस्थ आश्रमको अर्थ आर्यसमाज-संगठनले र अरू संगठनले पनि बताए-अनुसार विद्वान् वानप्रस्थाश्रमी भै ठाउँ-ठाउँमा आश्रम खोली अपठित समाजमा पाठशाला, यज्ञशाला, गोशालाहरूको स्थापना गर्ने काम गर्दै छन् र साथै सांस्कृतिक,

सामाजिक र धार्मिक जागरण गराउँदै कुरीति हटाउँदै घरेलु उद्योगको समेत प्रचार गर्दै छन् ।

उनीहरू त्यसपछि संन्यासी बन्दछन् र त्यस्ता लोकोपकारी काम चालू नै राख्तछन् । तप भनेको त्यस्तै उत्तम काम गर्नु हो । जस्तै—नेपालीमा पनि स्वामी नारायणानन्दज्यूले, महामण्डलेश्वर स्वामी ईश्वरानन्दज्यूले पनि बाँचुन्जेल लोकोपकारी कार्यका साथै उपदेश गर्दै रहनुभएथ्यो । हाल योगी नरहरिनाथज्यूले र खपतड़ी बाबाज्यूले पनि, धार्मिक, सामाजिक, नैतिक व्यवहारमा बल दिने उपदेश र त्यागी व्यवहारबाट जनतामा ठूलो लाभ गराउँदै रहनुभएको छ । अरू पनि नेपालमा त्यागी विद्वान् संन्यासीहरू हुनन्, जसबाट नेपालमा जनतालाई लाभ पुगेको होला । गोर्खाका राजा वर्तमान श्री५का पुरुखा रामशाहको तपस्या जोशमनी सन्त, परम्परा भन्ने पुस्तक (जनकलाल शर्मा) मा छ । यो अति संक्षिप्त हो ।

उग्र तप ता राजनीति हो कि ?

किनकि पूर्वजन्मको तपबाट अहिले राज्य धन सुख राज्यसमृद्धि विजय आदि अनेक कुरा पाइन्छ । यस जन्ममा तप गरियो भने स्वर्गादि सुख भोगेर अर्को जन्ममा अनेक प्रकारको सुख-भोग पाइन्छ भनेको र मास-पक्ष आदि धेरै दिनसम्म उपवास बस्नु आदि अनेक कष्ट सहने तपस्या पनि कहीं बताएकोले समेत अन्याय अत्याचार सहन नसक्ने प्रतिभाशाली वक्ता विद्वान्हरू ऐश्वर्यशाली म्हान् बन्न तपस्या गर्न जाऊन्, हामी प्रशासकहरू मनपरी शासन गरौं, निन्दा र आलोचना हैन इत्यादि तर्क धेरैले गरेका छन्[1] । वास्तवमा

---

१. मासपक्षोपवासैश्च मन्यन्ते यत् तपो जनाः ।
आत्मतन्त्रोपघातैश्च न तपस्तत् सतां मतम् ॥

मनुले बताएको तप व्यावहारिक नै छ। गीताले पनि त्यस्तो उग्र तपलाई आसुरी र राजसिक, तामसिक हो भनेको छ। महाभारत शान्तिपर्व (अ० २२१)[1] मा त्यस्तो लामू समयसम्म अनशन र अति जाड़ो, अति गर्मी सहनु आदि उग्र तपबाट शरीर कमजोर भै परतन्त्र बन्ने स्वतन्त्र नरहने हुँदा त्यस्तो तप अनुचित हो; त्याग, नम्रता, दया गर्नु आदि नै तप हुन् भनेको छ। त्यसै हुँदा गीता[2] (६।१६-१७) ले पटक्कै नखानु वा ज्यादै खानु, पटक्कै नसुत्नु अथवा ज्यादै सुत्नु इत्यादिबाट योग (तप) बन्दैन। नियमित रूपले नै खाने सुत्ने र अरू व्यवहार गर्ने गर्दा नै योग (तप) बन्न सक्छ भनेको छ।

●

केही प्रेरणादायक मन्त्रहरूको संग्रह

यजुर्वेदको उपसंहार मुख्य सिद्धान्त वेदको अन्त्यमा हुनाले वेदान्त हो। ईश्वरबारेको विषय पनि पर्ने हुनाले उपनिषद् (ब्रह्मविद्या) हो। यसमा संपूर्ण संसारका मनुष्य र अरू जीव जन्तुका साथ व्यवहार गर्ने विषय, मनुष्यले कस्तो विचार, कस्तो व्यवहार गरेमा यस लोकमा जीविका कीर्ति समेत भै अन्त्यमा समेत परलोकमा कल्याण हुन्छ, ती सब कुरा यस उपसंहार-का १७ वा १८ मन्त्रमा संक्षेपले बताएको छ। त्यसैले यस अध्यायलाई सबै

---

१. त्यागश्च सन्नतिश्चैव शिष्येते तप उत्तमम्।

(महाभारत शान्तिपर्व अ० २२१)

२. युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु।
युक्तस्वप्नाऽवबोधस्य योगो भवति दुःखहा॥ (गीता ६।१७)

उपनिषद्मध्ये प्रथम श्रेणीको मानेर प्राचीन कालदेखि नै प्रथम स्थान दिएको छ र यसलाई 'ईशावास्योपनिषद्' नाम राखेको छ। वेद मन्त्र सुन्ने सुनाउने चलन थियो, ती पनि यिनै मन्त्रभित्र पर्दछन्।

उपनिषद्मध्ये पहिलेका ११ वा १३ वटा उपनिषद्चाहिं वेदमन्त्र भागका र ब्राह्मण भागका पनि अन्त्य भागमा हुनाले वेदै हुन् भन्ने मत धेरै विद्वान्को छ। तर उपनिषद् वेदान्त ता योगी संन्यासीका निम्ति मात्र हो भन्ने विचार फैलिएको र वेदलाई ब्राह्मण आदि तीन जातले मात्र पढ्ने हो। यी तीन जातका स्त्रीहरूले पनि पढ्नु हुँदैन। अरूले पढ्ने अधिकारै छैन भनेकोले समेत अति उपयोगी भए पनि प्रचारमा नआएको हो। अब मनुष्य मात्रमा प्रचार गर्नुपर्ने हो तापनि नेपाली मात्रका लागि नेपाली भाषामा अर्थ लेखिदै छ। पाठ गर्न मूल पनि लेखिन्छ। वेलायतमा ता अंग्रेजी अर्थ भएका गीता र उपनिषद् हेर्ने, पाठ गर्ने अंग्रेजहरूलाई भेटें र उहीं अध्ययन गरें भनी महात्मा गान्धीले लेखेको छ। (गान्धी आत्मकथा; धर्म की झाँकी)

यसका पहिलेका तीन मन्त्रमा नै पृथिवीभरका मनुष्यका साथमा र अरू जीव जन्तु, रूख-वृक्ष पर्यन्तका साथ कस्तो व्यवहार गर्नु ? मनुष्यहरूले कस्तो विचार राखेर कुन उमेरसम्म काम गर्नुपर्छ ? इत्यादि असंख्य असंख्य कुरा संक्षेपमा बताइन्छ। त्यसैले यी तीन मन्त्रलाई कर्मयोग भने हुन्छ।

त्यसपछिका पाँच मन्त्रले ईश्वर एक छ र सबै प्राणीमा चैतन्यरूपले रहेको हुँदा सबै मनुष्यले सर्वात्मभावना लिएमा मानसिक विकार काम क्रोध लोभ र मात्सर्य (अर्काको उन्नति नसहनु) आदिको आवेश हटेर मैत्री भावनाबाट परस्पर सहयोग बढ्दै व्यक्तिवाद कम हुँदै सबैको उन्नतितर्फ चाहना जाग्न संभव छ, र सामाजिक विचार बढ्न सक्तछ। त्यसपछिका 'अन्धन्तमः' आदि छः मन्त्रले जीविकाका निम्ति गरिने खेती, व्यापार, शिल्पसमेत अनेक उद्योग आदि भौतिक विद्या अति आवश्यक छ, किनभनें शरीरै भौतिक हुनाल भौतिक पदार्थ भोजन, वस्त्र आदि नभै टिक्न सक्तैन। त्यसै-

लाई मनु० (११।२३५) ले तप भनेको छ। साथै अध्यात्मविद्या पनि ध्यान, स्मरण, प्राणायाम, जप, पाठ, पूजा आदिमध्ये सबै वा यथाशक्ति बुझ्न, जान्न, गर्न आवश्यक छन्। जसबाट सबैको उन्नतिको निम्ति मानसिक शक्ति बढ्नेछ। उक्त ११ मन्त्र ज्ञानयोगमा पर्दछन्। त्यसपछिका बाँकी तीन मन्त्रले परमेश्वरको प्रार्थना, आराधना, उपासना र ॐ मन्त्रसमेत बताइन्छ। जसलाई भक्तियोग मानिन्छ। हुनता अति परम्परावादी अति ठूला विद्वान्ले पनि उक्त उपनिषद्को सजिलो मन्त्रको पनि अप्ठ्यारो चित्त नबुझ्ने अर्थ गरेको छ। तर त्यस-बारेमा अन्त स्पष्ट गरियो। यहाँ पाश्चात्यको मात्र खण्डन गरिछ।

आर्यहरू बाहिरबाट आएका हुन् भन्नेबारेमा र आर्य शब्दको अर्थ

वेद समय र आर्यहरूबारेमा अन्यत्र छ। (वेदको विषय थोरै लेखे पनि पाश्चात्य विद्वान्मध्ये धेरैले भ्रामक कुरा लेखेकोले भ्रम हटाउन संक्षेपमा समय लेख्नु आवश्यक छ र अन्य यसैमा स्पष्ट छ।)

१९ सय वर्ष यताका ईसाई, १५ सय वर्ष यताका इस्लामले पनि बाइबल र कुरानलाई ईश्वरीय ज्ञान मान्दछन्। त्योभन्दा अति पुरानू वेदलाई

हाम्रा प्राचीन ग्रन्थहरूमा अनादि ईश्वरीय ज्ञान मानेको छ, र त्यसरी सम्मान गर्नु उचित पनि हो। अति श्रद्धा गरी अध्ययन गर्नुपर्दछ र प्रतिदिन मानसिक शक्तिको निम्ति समेत पाठ गर्नुपर्छ।

अब यजुर्वेदका उपसंहार अन्त्य अध्याय वेदान्त (वैदिक सिद्धान्त) ईशावास्योपनिषद् र ऋग्वेदको उपसंहार अन्तिम ३ मन्त्र समेत २० मन्त्र पाठ गर्न र मूल बुझ्न अर्थ समेत साथै लेखिन्छ।

ईशोपनिषद् (यजुर्वेद अ० ४०) भन्दा पहिले सत्कर्म गर्न र असत् कर्म त्याग्न प्रतिज्ञा मन्त्र कहिन्छ। ॐ अग्ने व्रतपते व्रतं चरिष्यामि तच्छकेयं तन्मे राध्यताम्। इदमहमनृतात्सत्यमुपैमि (यजु० १।५) ए तेजोमय अग्नि परमेश्वर, तपाईं व्रत पूरा गर्न सहयोग गर्ने पालक हुनुहुन्छ। अब व्रत पालन गर्नेछु, त्यो व्रत पूरा गर्न सकौं, पार लगाइदिनुहोस्। अब म असत्यलाई छोडेर सत्यतर्फ लाग्दै छु।

ॐ ईशावास्यमिदं सर्वं यत्किंच जगत्यां जगत्। तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ॥ १ ॥

ए मनुष्य हो ! पृथिवीभरमा जति प्राणी छन्, ती सबमा ईश्वर व्याप्त छन्। त्यसकारणले तिनका निम्ति पनि केही पर सारेर भोग गर, कसैको धनमा लोभ नगर। अरू दीनान्ध दुःखी वा कुनै सार्वजनिक कामका निम्ति (पर नसारी भोग गर्नु पाप हो भनेको छ केवलाघो भवति केवलादी।)

ॐ कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः। एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥ २ ॥

यस संसारमा सत्कर्म गर्दागर्दै सय वर्ष बाँच्न इच्छा गर्नू (अल्छी भै वा असत् कर्म गरेर होइन। त्यसो गरेमा सत्कर्मबाट कुनै दोष तिमी मनुष्यमा लाग्दैन।

ॐ असुर्या नाम ते लोका अन्धेन तमसा वृताः । तांस्ते प्रेत्याभि गच्छन्ति ये के चात्महनो जनाः ॥ ३ ॥

जुन मानिस आत्महत्या गर्दछन् ती मरेपछि अन्धकारले युक्त जुन ठाउँमा असुरहरू (जो अन्यायले धनी भै आफू मात्र मोज गर्छन्) त्यस्ता मानिस मर्ने लोकमा गै दुःख पाउँछन् । (जो चोरी, डकैती, ठगी, हत्या र अनेक प्रकार-बाट अरूलाई पीर पीराउ भ्रष्टाचार आदि गर्दछन्, व्यर्थ समय फाल्दछन्, ती मान्छे नै आत्महत्या गर्ने आत्मघाती हुन्) उक्त ३मन्त्र कर्मयोग बताउँछन् । 'केही पर सारेर भोग गर' भनेकाले कमाउनैपर्छ भन्ने स्पष्ट छ । नकमाई भोग हुन सक्तैन । मन, वचन र कर्मको संयम नभै सय वर्ष नबाँचिने हुँदा संयम र श्रम गर्नू भन्यो । अब तलका ११मन्त्रले परमेश्वर तत्त्व सर्वात्मभाव-ना र भौतिक विद्या र अध्यात्म विद्या समेत दुवै जानेर व्यवहार गर्नुपर्दछ भनेको छ ।

●

ईश्वर बताइन्छ

ॐ अनेजदेकं मनसो जवीयो नैनद्देवा आप्नुवन् पूर्वमर्षत् । तद्धावतोऽन्या-नत्येति तिष्ठत् तस्मिन्नपो मातरिश्वा दधाति ॥ ४ ॥ ॐ तदेजति तन्नैजति तद्दूरे तद्वन्तिके । तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः ॥ ५ ॥

परमेश्वर एक र अचल छन् तापनि मनभन्दा पनि बेगिला यी परमेश्वर-लाई देवताहरू वा हाम्रा इन्द्रियहरूले भेट्तैनन् । ऊ एकै ठाउँमा रहेर पनि

अति छिटो कुदनुभन्दा पनि पर नाघेका हुन्छन् । वायुतत्त्व र जलतत्त्व आदि-द्वारा सबै जीव जन्तुहरूको अनेक काम भैरहेका छन् ॥ ४ ॥

त्यो ईश्वर चलायमान छ, नचल्ने स्थिर पनि छ, त्यो टाढा पनि छ, नगीचै पनि छ, त्यो जगतभित्र पनि छ, सबैभन्दा बाहिर पनि छ । त्यस्तो भए तापनि अध्यात्म विद्या ज्ञानयोग, भक्तियोगद्वारा जान्न सकिने कुरा अन्त्यमा बताइन्छ ॥ ५ ॥

तलका २ मन्त्रले सर्वात्मभावना बताइन्छ ।

ॐ यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति । सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥ ६ ॥ ॐ यस्मिन्त्सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः । तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ॥ ७ ॥

जुन मानिस प्राणीहरूलाई आत्मामा देख्तछ त्यस्तै सबै प्राणीहरूमा आफूलाई देख्तछ भने त्यस्ता मानिसले कसैका साथ घृणा गर्दैन ॥ ६ ॥

जुन मानिसलाई सबै प्राणी आफू नै हुन् भन्ने भावना हुन्छ भने त्यस अवस्थामा त्यसरी एकत्व भावना हुने मानिसलाई अज्ञान, शोक आदि हुँदैनन् ॥ ७ ॥

ॐ सपर्यगाच्छुक्रमकायमव्रणमस्नाविरं शुद्धमपापविद्धम् । कविर्मनीषी परिभूः स्वयंभूर्याथातथ्यतोऽर्थान्व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ॥ ८ ॥

पूर्ण भक्त वा यथार्थ ज्ञानीले सर्वशक्तिमान् चोटपटक नसा आदि कुनै अवयव र शरीर-समेत नभएको कुनै पापबाट दूषित नभएको शुद्ध परब्रह्मलाई प्राप्त गर्दछ । जुन परब्रह्म, परमेश्वर कवि (सर्वज्ञ) विद्वान् अति महान् स्वयंभू भगवान्ले वा उहाँको सत्ताबाट अनादिकालदेखि यो संसार संचालित छ ॥८॥

अहिंसामा थोरै तर्क—माथिका मन्त्रहरूबाट ईश्वर सर्वत्र व्याप्त छ र सर्वात्मभावना राखी मनुष्यहरूका साथमा मात्र होइन संपूर्ण जीवजन्तुका सुख दुःखको साथी बन्दै कुनै जीव जन्तुलाई पीरपिराउ नगर्नू, रूख वृक्ष समेत नमास्नू, हिंसा नगर्नू, रक्षा गर्नू भन्ने निष्कर्ष बुझियो । यहाँ शङ्का—त्यसो हो भने ता

जति प्रकारका अन्न छन् त्यति प्रकारका कीराले अन्न मास्ते रहन्छन्। मक्के आदि बाली वा अन्न खाने मूसा, सुँगा, स्याल, भालू, भँगेरा, ढेड़ु, वानर आदि असंख्य जन्तु छन्। मान्छेलाई उड़ुस, उपियाँ,मच्छर, जुम्रा, सर्प आदिले दुःख दिन्छन्। गाई, भैंसी, गोरुलाई डाँस, मच्छर, किर्ना, कुकुर-झींगा आदि अनेक जन्तु दुःख दिन्छन्। ती सबलाई नहटाए नघटाएमा कसरी व्यवहार चल्दछ। यसको उत्तर के हो भने संसारमा मित्र, उदासीन र शत्रुसमेत तीन पक्षमध्ये शत्रुपक्षलाई नहटाई नघटाई जीविका चल्न सक्तैन। ती जन्तु मात्र होइनन्, मनुष्य नै पनि चोर, डाका, हत्यारा, भ्रष्टाचारी, घुस्याहा, पोल्याहा, जँड्याहा, रक्स्याहाले धेरै सज्जन मानिसहरूलाई दुःख दिंदै रहन्छन्। तिनलाई तह लाउने सर्कार रहन्छ। सर्वसाधारण मनुष्यले पनि तिनलाई तह लाउन संगठित रही सजाय गर्नु गराउनुपर्दछ। यस कुराको संकेत "तेन त्यक्तेन भुञ्जीथाः", केहो पर सारेर भोग गर्नू, सत्कर्म गर्दागर्दै सय वर्ष बाँच्न इच्छा गर्नू भनेकोले नै त्यस्ता शत्रुपक्षबाट नजोगाई नजोगिई कसरी भोग गर्नु ? कसरी सय वर्ष बाँच्नु ? यी सबको आशय के हो भने प्राण दण्ड गर्नुपर्दा १।२ संप्रदायमा उस वेला ढुङ्गाले हानेर मार्नू भनेकोले अहिले पनि त्यसै गरे, भन्ने पत्रिकाले लेखे। त्यो अमानवीय हो। हाल राष्ट्र संघले मानवाधिकारको व्याख्या गरेको छ। त्यो पनि मननीय छ। भगवान् बुद्धभन्दा पनि पहिले बनेको महाभारत ग्रन्थमा नै युद्धमा लड्दालड्दै हतियार सकिएर वा डरले वा जितेर पक्रेका शत्रुलाई पनि छोरालाई जस्तै रक्षा गर्नू (महाभारत, सभापर्व, अ० ५) भनेकै छ। सर्वात्मभावना राखेर नै शत्रुपक्षका साथ उचित व्यवहार गर्नु, उचित दण्ड गर्नु भन्ने अर्थ हो। शत्रुपक्षलाई उचित दण्ड नगरी अथवा उडुस, मच्छर, वानर आदि असंख्य जन्तुबाट समेत दुःख भोगेर बस्नू भन्ने अर्थ वा आशय होइन। कमजोर असमर्थ भै बस्नु भन्ने अर्थ होइन।

ॐ अन्धन्तमः प्रविशन्ति येऽसंभूतिमुपासते। ततो भूय इव ते तमो य उ संभूत्यां रताः ॥ ९ ॥

ॐ अन्यदाहुः संभवादन्यदाहुरसंभवात् । इति शुश्रुम धीराणां यो नस्तद्विचचक्षिरे ॥ १० ॥

संभूतिं च विनाशं च यस्तद्वेदोभयं सह । विनाशेन मृत्युं तीर्त्वा संभूत्याऽमृतमश्नुते ॥ ११ ॥

असंभूति भनेको देवता, पितृ, देव, मनुष्य, ऋषि (प्राचीनतत्त्वदर्शी विद्वान्) र अरू जन्तुका निम्ति पनि केही अन्न वा धन पर सानु वा सेवा गर्नु नै) उपासना हो । त्यो मात्र गर्दछ भने त्यस्तो मानिस अन्धकारमा फस्तछ । जो परब्रह्म परमेश्वरको मात्र उपासना गर्दछ भने त्यो झन् वेसी अन्धकारमा पर्दछ, किनकि संसारको आवश्यक काम नगरेको हुनाले ॥ ९ ॥

किनकि ती दुवैको फल भिन्नाभिन्नै छ भन्ने कुरा बताएका छन् ॥१०॥

जसले दुवै कुरा जानेर सत् व्यवहार र उपासना गर्दछ भने विनाश (अरू देवता अशक्त अभर परेका र अतिथिहरूलाई) दिनु खानुबाट मृत्यु सरहको अनेक कष्ट पार गरेर परब्रह्म परमेश्वरको उपासनाले (सबै बन्धनबाट) अमृत मुक्ति पाउँछ ॥ ११ ॥

ॐ अन्धन्तमः प्रविशन्ति येऽविद्यामुपासते । ततो भूय इव ते तमो य उ विद्यायां रताः ॥ १२ ॥

ओम् अन्यदेवाहुर्विद्यया अन्यदाहुरविद्यया । इति शुश्रुम धीराणां यो नस्तद्विचचक्षिरे ॥ १३ ॥

ॐ विद्यांचाविद्यां च यस्तद्वेदो भयं सह । अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते ॥ १४ ॥

जुन मानिसहरू ववियाा (भौतिक विद्या) तर्फ मात्र लागेर व्यवहार गर्दछन्, ती मानिसहरू अन्धकारमा पर्दछन् । जुन मानिस विद्या (अध्यात्म विद्या) तर्फ मात्र लाग्दछन्, ती मानिस झन् त्योभन्दा पनि वेसी अन्धकारमा पर्दछन् ॥ १२ ॥

किनभने तो दुवै विद्याको फल भिन्नाभिन्नै हुनाले एकतर्फ मात्र लाग्नु हुँदैन, दुवै विद्या आवश्यक छन् ॥१३॥

त्यसै हुँदा अध्यात्म विद्या र भौतिक विद्या पनि जानेर जसले व्यवहार गर्दछ, त्यसले अविद्या (भौतिक विद्या) बाट मृत्यु (भोक, रोग, अशिक्षा आदिबाट) हुने मृत्यु सरहका अति कष्ट पार गरेर विद्या (अध्यात्मविद्या) बाट अमृत संसार-बन्धनबाट मुक्ति शाश्वत सुख पाउँछ ॥ १४ ॥

यहाँ अध्यात्मविद्यालाई विद्या र भौतिक विद्यालाई अविद्या भनियो। मुण्डकोपनिषद्मा परा विद्या र अपरा विद्या भनेको छ ।

ईश्वरको प्रार्थना । (वैदिक) (ईश्वरको प्रार्थना प्रतिदिन गर्नु पर्छ)

ॐ वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम् । ॐ क्रतो स्मर क्लिबे स्मर कृतं स्मर ॥ १५ ॥

प्राणवायु वायुमा मिल्छ, चैतन्य अविनाशी छ, शरीर भस्मान्त छ। यो लेख उपलक्षण हो, पोलेमा खरानी हुन्छ। त्यसै छोड़े गिद्ध आदिले खान्छ। गाडेमा माटामा मिल्छ, हिमालया छाडे नसडी सुकेर बस्छ। ए मन ! ओम् भन्दै ईश्वर संझनू। पछि गरिने र पहिले गरेको कर्म पनि संझनू र सचेत हुनू ॥ १५ ॥

ॐ अग्ने नय सुपथाराये अस्मान् विश्वानि देव वयुनानि विद्वान् । युयोध्यस्मज्जुहुराणमे नो भूयिष्ठां ते नम उक्ति विधेम ॥ १६ ॥

ए तेजोरूप परमेश्वर ! हामीले गरेका हानिकारक पाप अलग गरेर उत्तम बाटो हिंड्न प्रेरणा दिनुहोस्। तपाईंको ज्ञान अनन्त छ। तपाईंलाई धेरै नमस्कार गर्दछौं ॥ १६ ॥

ॐ हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् । तत्त्वं पूषन्नपावृणु सत्य धर्माय दृष्टये ॥ १७ ॥

सत्य परमेश्वरमा जाने द्वारलाई लोभलाग्दा सुनौला पदार्थले ढाकेको छ। सत्य मार्ग बुझ्नका निम्ति त्यो द्वार ए परमेश्वर ! उघारिदिनुहोस् ॥ १७ ॥

(ईशोपनिषद् समाप्त)

विश्वानि देव सवितर्दुरितानि परासुव । यद्भद्रं तन्न आसुव ॥

(यजु० ३०।३)।

ए प्रेरक ईश्वर ! हाम्रा जति खराब विचार छन् ती हटाउनुहोस् । हामीमा उत्तम विचार प्रकट गर्नुहोस् ।

ॐ रुचन्नो धेहि ब्राह्मणेषु रुचं राजसु नस्कृधि ।
रुचं विश्येषु शूद्रेषु मयि धेहि रुचारुचम् ॥
यजु० १८।४८ ॥

ए परमेश्वर ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र समेतमा तेज दिएर ती तेजबाट ममा पनि तेज दिनुहोस् ।

ॐ यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः । ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय स्वाय चारणाय च । प्रियो देवानां दक्षिणायै दातुरिह भूयासमयं मे कामः समृध्यतामुपमाऽदो नमतु । यजु० २६।२ ।

ए परमेश्वर ! यो मेरो बोली सर्वसाधारण जनका साथमा पनि कल्याणदायक (लाभ गराउने र सुन्दर) नै बोलूँ । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आफन्त र पराई शत्रुका साथमा पनि राम्रो बोलूँ । देवताहरूको र दानी पुरुषको पनि प्रिय बनूँ । मेरो यो इच्छालाई पूर्ण गर्नुहोस् । इच्छा गरेको फलानू वस्तु प्राप्त होस् ।

ॐ सदसस्पतिमद्भुतं प्रियमिन्द्रस्य काम्यम् । 'सनि मेधामयासिषं स्वाहा' ए परमेश्वर ! मेधा (धेरै विद्या धारणा गर्न सक्ने बुद्धि) लाई पाउन सकूँ । मेधा कस्तो ? भने-सभामा सर्वश्रेष्ठ पद दिलाउने, सबैलाई आश्चर्य गराउने, सर्वशक्तिमान् इन्द्रले पनि इच्छा गर्ने र इच्छा गरेको कुरा दिन सक्ने मेधा पाउँ, अर्थात् धेरै जानकारी राख्न सक्ने बुद्धि नै ठूलो बल हो, त्यो पाऊँ ।

ॐ यां मेधां देवगणाः पितरश्चोपासते ।
तया मामद्य मेधयाऽग्ने मेधाविनं कुरु स्वाहा ॥ यजु० ३२ ॥

ए तेजोमय अग्नि परमेश्वर ! जुन मेधाको देवताले र पितृहरूले पनि उपासना गर्दछन्, अर्थात् मेधा पाएर महत्त्वपूर्ण स्थान पाएका छन्, त्यसै मेधाबाट म पनि मेधावी बनूँ ।

वेदको गायत्री मन्त्र

हाम्रा अति प्राचीन वेद र अरू शास्त्रहरूले समेत अत्यन्त प्रशंसा गरिएको धेरै प्रकारबाट अति गम्भीर र अनेक अर्थ लाग्ने गायत्री मन्त्र पनि यहाँ लेखिन्छ। माला लिएर 'ॐ नमः शिवाय' 'ॐ नमो नारायणाय' इत्यादि नाम-मन्त्र र वैदिक गायत्री मन्त्र समेत जप्ने विधान छ। व्रतबन्ध गर्दा यही मन्त्र बालकहरूलाई प्रतिदिन जप्नू भन्दै बताइन्छ। यस मन्त्रमा २३ अक्षर छन्। तर सरिता पत्रिकाले अन्धविश्वास हटाउने निहुँबाट हिन्दू धर्मको जरै मासे नियतले र स्पष्ट आशय नबुझे पनि उसका असंख्य लेखबाट ईसाई मिशनलाई सर्वत्र घुस्न मूलबाटो खन्दै रहेको बुझिदै छ। त्यसले गायत्री मन्त्रमा दुईवटा दोष दिएको छ। गायत्री छन्द २४ अक्षरको हुनुपर्नेमा २३ अक्षरको हुनाले लङ्गडो भयो। भूर्भुवः स्वः समेत जोडेकोले दोगला भयो। २४ अक्षरका असंख्य मन्त्र वेदमा छँदाछँदै तिनै जपे हुनेमा यो किन जप्नु? भन्यो। कसै-कसैले २४ अक्षर गराउन वरेण्यम् का स्थानमा वरेणीयम् भन्नुपर्छ, पनि भने, तर हाम्रा संस्कृत व्याकरणले वेदमा वरेण्यम् र अन्त वरणीयम् समेत बन्ने हुँदा वरेण्यम् भन्नु नै उचित छ। गायत्री छन्द २४ अक्षरकै भए पनि यो २३ अक्षरको मन्त्रलाई निचृत गायत्री छन्द मानेको हुँदा यही जप्न उचित छ। भूर्भुवः स्वः यी चार अक्षरलाई महाव्याहृति भनेको छ। यसको अर्थ धेरै छ तापनि मुख्य अर्थ-पृथिवी, आकाश र सूर्यलोक समेत हो। हाम्रो उक्त तीनै लोकका साथ घनिष्ठ संबन्ध छ भन्ने व्यापक दृष्टिकोण राखोस् भन्ने उद्देश्यले धेरै मन्त्रका साथ जोड्ने गरेको उत्तम कुरा हो। सरिताले यस मन्त्रमा व्याकरण-सम्बन्धी अशुद्धि देखाउनु पनि अति असत्य हो।

मन्त्र—ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्॥ यजु० २२।९। ऋक्० ३।६२।१०।

अर्थ—ॐ शब्दले धेरै अर्थ बताउँछ। यो ॐ परमेश्वर[1]का अनेक नाम-हरूमध्ये मुख्य नाम पनि हो। पृथ्वी, आकाश र सूर्यलोकका पनि प्रेरक देव (परमेश्वर) को, (भर्गः) सबैले चाहना गरिले सबै पाप, अज्ञान, अन्धकार-लाई नाश गर्ने तेज (उज्यालो) महान् शक्तिको ध्यान गर्छौं, जुन शक्तिले हाम्रो बुद्धिलाई राम्रो बाटातर्फ लाग्ने प्रेरणा देओस्।

ॐ शतमिन्नु शरदो अन्ति देवा यत्रा नश्चक्रा जरसं तनूनाम्। पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्यारीरिषतायुर्गन्तोः॥ यजु० अ० २४।

ए देवता हो! सय वर्षसम्म नै नगीच रहनुहोस्, जसमा हाम्रो शरीर वृद्ध गरिनेछ, जसमा हाम्रा छोरा पिता हुनेछन्, हाम्रो शरीर अवश्य नष्ट हुनेछ तापनि त्योभन्दा पहिले नै हाम्रो आयु नसकियोस्।

•

नैतिक कर्तव्य

ॐ इन्द्रं बर्धन्तो अप्तुरः अपघ्नन्तो अराव्णः कृण्वन्तो विश्वमार्यम्॥

(ऋक्० ९।६३।५)

१—तस्य वाचकः प्रणवः (पातञ्जल योगसूत्र, पाद १ सूत्र…) अर्थ—ती ईश्वरलाई कहने नाम 'ॐ' हो। गीता (अ० ८।१३) मा पनि

"ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम्॥

ॐ यो एक अक्षरी वेद मन्त्रलाई भन्दै म परमेश्वरलाई संझदै गर्ने मान्छे परम गतिमा पुग्दछ॥

ए मनुष्य हो ! दुष्ट चोर डाका हत्याराहरूलाई दण्ड आदिबाट अरूको दुःख दूर गर्दै वा सन्मार्गमा ल्याउँदै संसार नै सभ्य बनाउनू वा बनाओ ।

ॐ दृतेदृं ह मा मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम् ।
मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे । मित्रस्य चक्षुषा समीक्षामहे ॥
(यजु० ३६)

ए ईश्वर ! दुःख पर्दा मलाई दृढ़ पार्नू, मलाई सबैले मैत्री दृष्टिबाट हेरून् । म पनि सबै प्राणीहरूलाई मैत्री गृष्टिले हेर्दछु । हामी सबै परस्पर मित्रतापूर्वक व्यवहार गरौं (परस्पर सहयोग गर्नें विचार राखौं) ।

ॐ अक्षैर्मा दीव्य कृषिमित्कृषस्व वित्ते रमस्व बहुमन्यमानः ।
तत्र गावः वितव तत्र जाया तन्मे विचष्टे सवितायमर्यः ॥
(ऋक्० १०।३४।१४)

ए खेलाडी मानिस हो ! जूवा पासा आदि खेल्न छोड । खेती आदि अनेक इलम उद्योग नै गर, त्यसैबाट पशु, स्त्री आदि जीवनमा चाहिने पदार्थ मिल्दछन् । यो कुरा सर्वप्रेरक स्वामी परमेश्वरको उपदेश हो ॥

ॐ न सः स्वो दक्षो वरुण ध्रुतिः सा सुरा मन्युर्विभीदको अचित्तिः ।
अस्ति ज्यायान् कनीयस उपारे स्वप्नश्च नेदनृतस्य प्रयोता ॥
(ऋक्० ७।८६।६)

ए वरुण ! त्यो दोष मेरो होइन, मानिसलाई असत्य (हानि गर्नें) बाटा-तर्फ लाने दुर्गुण अनेक छन्, जस्तै (ध्रुतिः) अतिकामना, अतिलोभ र आलस्य, (सा सुरा) त्यो मद्यपान (मन्युः) क्रोधको आवेश, (विभीदकः) जूवा, तास पासा आदि खेल, (अचित्तिः) अज्ञान, (अस्ति ज्यायान् कनीयस उपारे) दुर्व्यसनी दुर्गुणी ठूला मानिसहरूले तल्ला स्तरका मानिसलाई दुर्गुणी गराउँछन् । (स्वप्नश्च) असावधानी समयमा काम नगर्नु इत्यादि दुर्व्यसन दुर्गुणले मानिस दुर्व्यसनी, दुर्गुणी, असत्य हानिकारक बाटातर्फ लाग्दछन् । अर्थात् उक्त दुर्गुणहरू हटाइदिनुपर्छ अथवा हटाउने प्रयत्न गर्नुपर्दछ ॥

भाग्य

अझ पूर्वजन्ममा धर्म, तप गर्ने मानिसले यस जन्ममा ठूलो जात, धन, राज्य, आयु इत्यादि पाउँछ। ईश्वरले अथवा भाग्यले दिएको पाइन्छ। जन्मेका सबैलाई ईश्वरले नै पाल्ने हुँदा बालक जन्मनासाथै आमामा दूध तयार हुन्छ, त्योभन्दा अघि हुँदैन, अन्न खाने उमेरमा दाँत पनि तयार हुन्छन्। ईश्वरले खनेको ओखल उसैले पूरा गर्दछ।

येन शुक्लीकृता हंसाः शुकाश्च हरितीकृताः।
मयूराश्चित्रिता येन स ते वृत्ति विधास्यति ॥

अर्थात्—

वृत्यर्थं नाति चेष्टेत सा हि धात्रैव निर्मिता।

अर्थ—जसले हाँसलाई सेता, सुँगालाई हरिया, मजूरलाई चित्रित बनाए, उनैले तिम्रो जीविका गराउँछन्, त्यसनिम्ति ज्यादा छटपट नगर्नू भाग्य भए होइजान्छ। आयु, कर्म, धन, विद्या र मृत्यु समेत गर्भमा छँदै सृष्टि गरिन्छन् (हितोपदेश) भाग्यले नै सबै कुरा पाइन्छन्।

भाग्य-विषयको उत्तर

वैदिक मन्त्रहरू धेरै प्रकारका भए पनि माथि प्रार्थना, ईश्वर-महिमा, मनुष्यले आफ्नू जीविकाका निम्ति र सामाजिक उन्नतिका निम्ति पनि के-के गर्नुपर्ने हो? भन्नेवारेमा संक्षेपमा कर्तव्य निर्देशन गर्ने मन्त्रहरू समेत बताइए। ईशोपनिषदका 'सत्कर्म गर्दागर्दै सय वर्ष बाँच्ने इच्छा गर' (यजु० ४०।२३) इत्यादि मन्त्रले र ऋग्वेदका अन्तिम तीन मन्त्रले 'अक्षैर्मा दीव्य' (ऋक् १०।३४।१४) इत्यादि मन्त्रहरूले जूवा, पासा आदि खेलबाड त्यागेर खेती आदि उद्योग नै गर, सत्कर्म गर्नु, दान दिनु इत्यादि वैदिक उपदेशले नै आफ्नू जीविका आफ्नै सत्कर्मद्वारा गर्दै, अमर परेकालाई आफै वा संगठनद्वारा पनि दिनू भनेको छ। हामी सर्वसम्पन्न उत्तम मेधावी विद्वान् शूरवीर बनौं इत्यादि प्रार्थना छन्। गीता, मनुस्मृतिमा र वेदमन्त्रमा समेत ईश्वरले नै पाल्दछ भनेको छैन।

सर्वशक्तिमान् माता-पिता, परमेश्वरको प्रार्थनाचाहिं सम्पूर्ण मनुष्यहरूमा हीन भावना हटाई कार्यशील हुन प्रेरणा दिंदै हाम्रा विचार सत्कर्ममा लागोस्, दुष्कर्ममा नलागोस्, आदि असंख्य उद्देश्यले बताएको हुँदा उक्त अनेक थरी मन्त्र-हरूको प्रतिदिन सबै मनुष्यले पाठ गर्नू र अर्थ पनि संझनु उत्तम कुरा हो। ईश्वरले नै पाल्दछ भन्ने कुरा ता संसारबाट अतिविरक्त, अनन्य भक्त मैससेका भक्तिमार्गी मनुष्यका निम्ति मात्र हो। ईश्वरले नै पाल्ने भए ता मनुस्मृतिमा र भागवत आदिमा समेत गृहस्थाश्रम त्यागी संन्यासी भै हिंड्दा पनि भिक्षाबाट जीविका गर्नु भन्ने किन लेखिन्थ्यो ? ईश्वरले नै पाल्दथ्यो। ईश्वरबाट सृष्टि गरिएका पृथिवी, पानी, हवा, अग्नि, सूर्य आदिबाट हामी पालिएका हुनाले नै ईश्वरले पाल्दछ भनेको हो। ईश्वरले नै भए ता कुकुरका घेरै बच्चा भए पनि पालिनुपर्दथ्यो, सबै बाँच्नुपर्दथ्यो। सत्कर्म नगरेमा शरीरै पनि नटिक्ने हुँदा काम गर्नैपर्छ, इत्यदि गीता[1] ३।८ ले र वेदले स्पष्ट भनेको छ।

भिक्षा

हाम्रा शास्त्रहरूमा विद्याध्ययन गर्न ब्रह्मचारी र गृहस्थाश्रम छोडेर संन्यासी बनेका मानिसलाई गृहस्थले भिक्षा दिनैपर्दछ। विद्याध्ययनबाट त्यो पढ्ने र त्यस-बाट अरू मानिसहरूलाई पनि अनेक लाभ हुने हुँदा त्यसलाई दिनैपर्दछ र पढ्न चाहने केटाले पनि भिक्षा माँग्न लाज मान्नु हुँदैन। पछेर ठूलो विद्वान् बनेर सर्वसाधारण मनुष्यबाट लाभ भएको हुनाले पछि सर्वसाधारण जनताको हित गर्ने न्यायी बन्न सक्तछ। त्यसै हुँदा व्रतबन्धकै दिन राजाकै छोरो भए पनि भिक्षा माँग्न सिकाइन्छ। भिक्षा माँगेर ल्याएको वस्तु गुरुलाई दिनुपर्छ, र गुरुले छात्रलाई खुवाउँदथे। त्यस्तालाई दिंदा ठूलो पुण्य बताएको हुँदा व्रतबन्धे केटालाई भिक्षा दिन्छन्। एक दिन मात्र भए पनि त्यो पुरानू चलनको (इतिहा-

---

१. शरीरयात्राऽपि च ते न प्रसिध्येदकर्मणा (गीता ३।८) काम गर्दैन भने शरीर पनि रहँदैन।

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः (यजु० ४०।२) अक्षैर्मा दीव्य (ऋक् १०।३४।१४)।

सको) संझना गराईँदै छ । यो भिक्षा माँग्ने चलन वर्मा आदि देशमा अझै पनि एक दिन मात्र होइन, पढ़ाइ नसकेसम्म बौद्ध धर्मीमा चालू नै छ । गुरुकुल आश्रमलाई जहाँ पुंगीच्याउँ भन्छन् । गुरुकुलमा भिक्षा र पढ्नु बाहेक त्यहाँ परिआएका गाई चराउनु, दाउरा खोज्नु आदि काम पनि गर्नुपर्छ । राजखादानका भए पनि कृष्ण र बलराम पढ्न गुरुकुलमा गए, दाउरा पनि बोके भन्ने कृष्ण र सुदामाको इतिहास प्रसिद्ध छ, ज्यादै धनी जवाहरलाल नेहरूको व्रतबन्धमा समेत भिक्षा माँगेको र दिएको चित्र पनि प्रकाशित पाइन्छ ।

हाम्रा चार आश्रममध्ये गृहस्थी र वानप्रस्थीले भिक्षा माँग्नु हुँदैन, आफ्नै कमाइबाट र परस्परको सहयोगबाट व्यवहार चलाउनुपर्दछ ।

हाम्रा शास्त्रमा नाति समेत भएपछि वानप्रस्थ बनोस् अथवा संन्यासी बनोस् भनेको छ । संन्यासी विद्याबाट र उमेरबाट पनि पाको भैसकेको हुँदा उनबाट जनतालाई सत्मार्गमा लाग्न प्रोत्साहन मिल्दछ । बाटो हिड्ने अतिथिको यथाशक्ति सत्कार गर्नु हाम्रो परम्परा नै छ । तर ती तीन थरी बाहेक अशक्त, अमर परेकाका निमित्त आफ्नै र संस्थाद्वारा पनि धन आदिबाट सहयोग गर्नु मनुष्यता हो तर [1]व्रतयोगाभ्यास आदि सदाचार अध्ययन-समेत नभएका भीख माँग्नेलाई भीख दिन्छन् भने दोष लाग्दछ भन्ने कुरा (मनु नामबाट हेमाद्रिमा छ) स्मृतिले भनेको छ । संन्यासी भैकन गृहस्थ छ भने त्यस्तालाई बहिष्कार[2] गर्नू । भिक्षाबाट जीविका गर्न पाउँदैन भनेको छ । बौद्धमार्गी सम्राट् अशोकले भगवान् बुद्धको उपदेशको प्रचार र सदाचारमा रहने बौद्ध संन्यासीलाई मात्र पहेंलो कपड़ा दिएर भिक्षा गर्नू भने, तर अरूले नपाउने र नदिने घोषणा गरे।

यो जागार तमृचः कामयन्ते यो जागार तमु सामानि यन्ति ।
यो जागार तमयं सोम आह तवाहमस्मि सख्ये न्योकाः ॥

साम० अ० २१।२।५

---

१. अव्रताश्चानधीयाना यत्र भैक्षचरा द्विजाः ।
तं देशं दण्डयेद्राजा चौरभक्तप्रदो हि सः ॥
मनुका नामबाट रहेको दानहेमाद्रिको श्लोक ।

२, बहिस्तूभयथापि स्मृतेराचाराच्च (ब्रह्मसूत्र अ० ३, पाद ४, सूत्र ४३)

जुन मानिस जागा रहन्छ अध्ययनमा उत्साह गर्दछ, आलस्य गर्दैन त्यसैलाई ऋग्वेद, सामवेदले इच्छा गरेर ज्ञानी गराउँछन्, सोम-लता महौषधिपति तिमीलाई साथी हौ भनी निरोग गराई समर्थ गराउँछन् ।

उत वात ! पिताऽसि नः उत भ्रातोत नः सखा । स नो जीवातवे कृधि ॥
साम० अ० २१।३।२

ए शुद्ध वायु ! तिमी हाम्रा बाबु, भ्राता र साथी पनि हौ, हाम्रो धेरै आयु गराइदेऊ । (किनकि वायु हाम्रो जीवनको साथी पनि हो) अथवा वायु देवताका साथ प्रार्थना गरेको हो ।

उत नो गोषणिं धियमश्वसां वाजसामुत । नृवत् कृणु ह्यूतये ।
साम० अ० १६।११।४

ए परमेश्वर ! हामीलाई गाई घोड़ा आदि आवश्यक पशुसहित खाद्य वस्तु प्राप्त गर्ने सद्बुद्धि दिदै सबैको रक्षाका निम्ति उत्तम मनुष्य जस्तो बनाउनुहोस् ।

इच्छन्ति देवाः सुन्वन्तं न स्वप्नाय स्पृहयन्ति यन्ति प्रमोदमतन्द्राः ॥
साम उत्तरार्चिक अ० ३।३।३

देवताहरू परिश्रमी उद्योगी मानिसको इच्छा गर्दछन् । सुतुवा अल्छीलाई इच्छा गर्दैनन् । उद्योगी मानिस नै आनन्द पाउँदछन् । यस मन्त्रमा 'मादमतन्द्राः' एक पुस्तकमा छ, तर अर्थ आनन्द नै हुँदा प्रमोदम् हो कि ? भनी त्यस्तो लेखेको हो ।

सहर्षभाः सहवत्सा उदेत विश्वा रूपाणि बिभ्रतीर्द्धेनूघ्नीः ।
ऊर्ध्वः पृथुरयं नो अस्तु लोक इमा आपः सुप्रायणा इह स्त ॥
साम० अ० ६।४।१२

गोरु बाछासहित धेरै दूध दिने अनेक प्रकारका गाई हऊन् । हाम्रा ई जनता पनि सबै कुराले परिपूर्ण भएका ठूला हऊन् । ई पानी पनि लोक-कल्याणकारी भै बगून् ।

यशो मा द्यावापृथिवी यशो येन्द्रा बृहस्पती । यशो भगस्य विन्दतु यशो मा प्रतिमुच्यताम् । यशस्व्यास्याः संसदोऽहं प्रवदितास्याम् ॥ साम० अ० ६।३।१०

स्वर्गमा र पृथिवीमा मेरो कीर्ति फैलियोस्, इन्द्र र बृहस्पतिले पनि मलाई कीर्ति दिऊन्। मेरो सत्कीर्ति बढ्दै रहोस्। अत्यन्त नामी यस सभामा म उत्तम प्रवचन गर्न सक्ने बनूं।

ईशे हि शक्रस्तमूतये हवामहे जेतारमपराजितम्।
स नः पर्षदति द्विषः क्रतुश्छन्द ऋतं बृहत्॥

(साम० अ० ६ महानाम्नी)

इन्द्र समर्थ छन्. कहिल्यै पनि नहार्नै, सदा जित्ने उनै इन्द्रलाई बोलाउँछु।

पवित्रं ते विततं ब्रह्मणस्पते प्रभुर्गात्राणि पर्येषि विश्वतः।
अतप्ततनुर्नतदामो अश्नुते शृतास इद्वहन्तस्तत्स॥

समासत (ऋक्० ९।८३।९१) (अन्त लेखेको छ।)

ए ब्रह्मणस्पते! (परमेश्वर!) तपाईंको सच्चिदानन्द पवित्र स्वरूप सर्वत्र व्याप्त छ। तर त्यसलाई सदाचार इन्द्रियं निग्रह आदि तप नगर्नै काँचो मानिसले पाउँदैन। सो तप गर्नै मानिस चाहिं पाको हुँदा पाउन सक्तछ।

नमः सखिभ्यः पूर्वसद्भ्यो नमः साकं निषेभ्यः। युञ्जे वाचं शतपदीम्।

साम० अ० २१।२।१

मेरा पहिलेका साथीहरूलाई र अहिले साथै रहने साथीहरूलाई समेत नम्रतापूर्वक व्यवहार गर्दै उत्तम बोली बोलूँ।

यद्ग्रामे यदरण्ये यत्सभायां यदिन्द्रिये। यदेनश्चकृमा वयं तदवथजामहे॥

यजुर्वेद २

गाउँ जङ्गल र सभामा इन्द्रियद्वारा जो अपराध गरेका छौं त्यो हटाएर निरपराध बन्दछौं।

न तं विदाथ य इमा जनानान्यद्युष्माकमन्तरं बभूव।
नीहारेण प्रावृता जल्प्या चासु तृप उक्थशासश्चरन्ति॥

जसबाट यस संसारको सृष्टि भएको छ, उनलाई तिमीहरू जान्दैनौ। किनभने तिमीहरूको र उनको माझमा पर्दा (अन्तर) लागेको छ। तिमीहरूलाई अज्ञानरूपी गाढ़ा कुइराले ढाकेको छ। तिमीहरू (असुतृपउक्थशासश्चरन्ति) आफ्नू भागनिम्ति मात्र चिन्ता गर्दै स्तोत्र पाठ गर्दछौ॥

यसको मुख्य आशय के भने—आपनू भोग-निम्ति मात्र इलम उद्योग र पाठपूजा स्तोत्र पाठ आदि उपासना गर्ने होइन । व्यापक दृष्टि राखी कमाऊ, बीचको पर्दा उघ्रने गरी उपासना गर भन्ने हो ।

यमाय मधुमत्तमं राज्ञे हव्यं जुहोतन । इदं नमः ऋषिभ्यः पूर्वजेभ्यः पूर्वेभ्यः पथिकृद्भ्यः । ऋक् १०।१४।१५

यमराजलाई मह भएको वा मधुर पदार्थ चढ़ाऊ । सद् मार्ग बताइदिने ऋषिहरूलाई नमस्कार गर्दछु ॥

वेद र जनसंख्या

इन्द्र-प्रार्थना—

इमां त्वमिन्द्र मीढवः सुपुत्रां सुभगां कृणु ।
दशास्यां पुत्रानाधेहि पतिमेकादशं कृधि ॥

ऋक्० १०।८४।४५

विवाहमा वरले इन्द्रका साथ प्रार्थना गर्दै भन्छ कि—ए इन्द्र ! परमेश्वर ई स्त्रीलाई सौभाग्य र पुत्रहरूले युक्त गराउनुहोस् । यिनमा दशवटासम्म सन्तान भै म पति-समेत एघार गराइदिनुहोस् । यसमा पुत्र शब्द भए पनि पुत्र-पुत्री दुवै अर्थ गर्नुपर्ने हुँदा सन्तान अर्थ गरियो ।

हाल परिवार नियोजनको चर्चा छ । जनसंख्या कम हुँदा अनेक हानि आइपर्ने हुँदा दश सन्तानको प्रार्थना थियो । जनसंख्याको अति वृद्धिबाट पनि अति हानि हुने सम्भव देखिदै छ । तर परिवार नियोजन सन्तुलित हुनुपर्ने हुँदा प्रत्येक समूहले तीन चारदेखि सन्तान नबढाओस् भन्ने नीति भएमा सबैको चित्त बुझ्ने हुन सक्छ । हाम्रो धर्मग्रन्थले ता हानि गर्ने अधर्म र लाभ हुने काम धर्म भन्ने कुरा धर्म प्रकरणमा स्पष्ट गरियो । वेदमन्त्रले के भन्छन्, हेरौं—

य ईं चकार न सो अस्य वेद, य ईं ददर्श हिरुगिन्नु तस्मात् । स तु मातुर्योनौ परिवीतो अन्तर्बहु प्रजा निर्ऋतिमाविवेश ।

(ऋक्० १।१६४।३५)

जसले गर्भाधान गर्छ, त्यसले त्यस वेला गर्भ रहे नरहेको बुझ्दैन, पेट बढ्नु आदिबाट पछि देख्तछ, गर्भचाहिं आगाका पेटमा बेरिएर भित्र रहन्छ (यस्तै

प्रकारले प्रजा फैलन्छन्) तर प्रजाको अतिवृद्धिबाट दुःख मिल्दछ । यसमा बहु प्रजा हुने पृथिवी वा राष्ट्र वा माता पिता लिन सकिन्छ ॥[1]

पाश्चात्यको अणुबम शिश्नदेवाः

भाग एकमा आर्यको अर्थ गर्दा थोरै लेखियो तापनि पाश्चात्य र तदनुसारीको व्याख्यामा अनौठा प्रकारले फूट गराउने ठूलो त्रुटि देखाई निरुक्त र भाष्यको अनुसरण गरी उक्त शिश्नदेवाः शब्दको सही अर्थ देखाइन्छ । यस प्रकरणमा त्यो महत्त्वपूर्ण मन्त्रार्थ देखाई खण्डन गर्नु अतिआवश्यक छ ।

राणा शासनमा जन्मदै जर्नेल पद दिएझैं जन्मबाटै अस्पृश्य र स्पृश्य मनुष्य मानिने सामाजिक व्यवस्था भएको नेपाल भारतमा सामाजिक व्यवस्था बुझ्न र अनेक जातहरूमा फूट गराउने खालका इतिहास तयार गर्न समेत पाश्चात्यहरूले संस्कृत साहित्य पढ़े । तर वेद-मन्त्रहरूको अर्थ गर्न कहीं ता अति अष्ठचारो हुँदा निरुक्त र सायणाचार्य आदिको भाष्यबाट मात्र सम्भव थियो । विशेष गरी ऋग्वेदको अर्थ सायण भाष्य र निरुक्तको सहायताबाट गरे । तर जुन जुन मन्त्रको अर्थबाट फूट गराउन अणुबम काम लिन सकिन्थ्यो, ती ती मन्त्रको अर्थ निरुक्त र भाष्यलाई चटक्क छोडेर आफूखुशी गर्दै अणुबम वा विषैला बोल तयार गरी स्वादिलो समेत बनाई छोडेका थिए । त्यत्रो साम्राज्य संचालन गर्न त्यो काम आवश्यक हुँदा उनलाई दोष दिइँदैन, उनको बुद्धिमत्ता हो । तिनै वैचारिक अणुबम वा विषैला घोल वैज्ञानिक र मीठो मानिलिने वा पिउने नेपाली र भारतीयहरूले अझै प्रयोग गर्दै छन्, योचाहिं हाम्रो दोष हो । भारत र नेपालका साधारण जनता त्यस बमको वा घोलको शिकार बन्दै छन् ।

उनले आर्यहरू ई० पू० १३ सय वर्षतिर पश्चिमबाट आई अनार्यमा आक्रमण गरी जिती शासन गर्न लागे । अनार्यमा द्रविड, किरात र आदिवासी आदि पर्दछन् । आर्यचाहिं ब्राह्मण, क्षत्रिय र वैश्य हुन् । यो कुरा अति परम्परावादी-

---

१. यो अर्थ सायणभाष्यानुसारी हो । अरूले अनेक अर्थ भिन्न-भिन्न गरे । विष्णुस्मृतिले "चतुर्थे ब्रह्मचारी स्याद् गृहे तिष्ठन्नपि स्मृतः ।" चौथो सन्तान भएपछि ब्रह्मचारी हओस् ॥

का अग्रेसर पूज्य स्वामी करपात्रीजीले पनि 'विचार पीयूष' पृष्ठ ४१९ मा लेख्नुभएको छ । किनकि उहाँ पनि जन्मबाटै ठूलो सानु मान्नुहुन्थ्यो ।

वास्तवमा अर्यशब्दको स्वामी र वैश्य अर्थ हुन्छ । तर आर्यशब्दको चाहिं प्रकरण-अनुसार विद्वान्, सभ्य, सज्जन, श्रेष्ठ, पवित्र आदि अनेक अर्थ सायण, निरुक्त, अमरकोश[1] र बौद्धग्रन्थ[2] आदिमा स्पष्ट देख्न पाइन्छ । तर पाश्चात्यानुसारी पठन पाठन गर्ने नेपाली र भारतीय विद्वान्हरूले चाहिं त्यसै चश्माबाट उनै कुरा दोहोऱ्याउँदै छन् । माथिल्ला स्तरमा मात्र होइन, तल्लो आठ कक्षाको २०२८ सालदेखि ३०३७ सालसम्मको पाठ्यपुस्तक सामाजिक शिक्षाको 'सिन्धु सभ्यता, आर्यसभ्यता र मिश्र-सभ्यता' भन्ने शीर्षकमा द्रविड र मिश्रका मान्छे लेखन-कला भएका निर्माता र आर्यहरू लेखनकला नभएका विध्वंसकहरू इत्यादि लेखेर आर्यमा अश्रद्धा, अनास्था प्रकट गर्ने पढाइ चालू गरियो । मदनमणि दीक्षितज्यूले रूपरेखा २०३४ साल अंक २०३ मा बर्बर गोठाले आर्यहरूले द्रविड सभ्यता ध्वस्त पारे । देवासुर संग्राम त्यही हो । रामभन्दा साह्रै श्रेष्ठ उदात्त विद्वान् रावण लेख्नुभयो । ई सबको आलोचना भाग एकमा र रामायणमा पनि गरियो ।

अहिले २०४० साल संख्या २७३ माघको रूपरेखाको पृष्ठ ५४-५९ सम्ममा लेख्नुभएको वेदमन्त्रको अर्थ कस्तो गर्नुभएको छ, थोरै हेरौं—आर्यहरूले शिश्नदेवाः र लिङ्गपूजक भनेर यिनै किरातीहरूलाई समेत भने महादेवको अर्को नाम किरातेश्वर पनि हो इत्यादि छ । यसमा विचार गरौं—शिश्नदेवाः शब्द ऋग्वेद (७।२१।५) मा छ । पाश्चात्यहरूले यस मन्त्रलाई र "अनासोदस्यूः (ऋक्मन्त्र ५।२९।१०) पंचाशत् कृष्णा निवधः सहस्रात् (ऋक् ४।१६।१३) ई मन्त्रलाई समेत किरात द्रविडतर्फ गिराएर अर्थ गर्दै किरात द्रविड र आदिवासीलाई आर्यहरू तिमीहरूका बाप-वैरी हुन् भन्ने कुरा अप्रत्यक्षरूपबाट प्रकट गरे । उक्त मन्त्रहरूको अर्थ गर्दा वैदिक शब्दको अर्थ गर्ने निरुक्त र भाष्यलाई चटक्क छोडेर अर्थ गरेथे । दीक्षितज्यूले २०४१।२।१९ को "आजकाल" पत्रिकामा सायण भाष्यको

---

१. महाकुल कुलीनार्याः सभ्यसज्जनसाधवः । अमरकोश ब्रह्मवर्ग श्लोक ३

२. चार आर्यसत्य । आर्य अष्टाङ्गिक मार्ग ।

पनि चर्चा गरेको छ। तर शिश्नदेवाः शब्दको अर्थ गर्दा वेदका शब्दको अर्थ गर्न निरुक्त र भाष्यलाई चटक्क छोडेर पाश्चात्यानुसारी अर्थ गर्दा सही अर्थ हुन सकेन। यो कुरा उहाँले मात्र होइन, राहुलज्यूले पनि 'ऋग्वैदिक आर्य'को भूमिका पृष्ठ २३ मा 'किरात और द्रविडों में अपने शिश्न या अन्यदेव मान्य हैं' इत्यादि लेखेको छ। शिश्नदेवाः शब्दको निरुक्त नैगमकाण्ड (४।३।२०) मा र सायण भाष्यमा समेत 'शिश्नदेवा अब्रह्मचर्याः' लेखेको छ। त्यसको अर्थ स्पष्ट गर्दा शिश्नेन (मूत्रेन्द्रियेण) दीव्यन्ति (क्रीडन्ति) भन्ने अर्थ गरेको छ। शिश्नलाई देवता मान्ने, पुज्ने अर्थ निरुक्त र भाष्यमा छैन। त्यस मन्त्रलाई अर्थसहित पाठ्यक्रममा राखेमा नैतिक दन्न प्रेरणा मिल्नेछ। सो मन्त्र र सही अर्थ हेरौं—

स शर्धदर्यो विषुणस्य जन्तोर्मा शिश्नदेवा अपिगुर्ऋतं नः (ऋ० ७।२१।५)

व्याख्या—विषुणस्य विषयस्य (विभिन्न मत भएका), जन्तोः (मनुष्य समाजलाई) एकतामा आबद्ध गराई विकासका काममा लगाउन सक्ने नः अर्यः (त्यस्तो काम, क्रोध, लोभको आवेशलाई रोकेर काम गर्न सक्ने स्वामी नेता), शर्धत् (अघि सरोस्) अथवा त्यस्ता नेतालाई अघि सार्नुपर्दछ। शिश्नदेवाः सः ऋतं मा अपिगुः (आफ्नै इन्द्रिय-तृप्तिमा मात्र लागि रहन अनैतिक मानिसहरू हाम्रो ऋत (यज्ञ सभा, पञ्चायत राष्ट्रिय संसद्, राष्ट्रसंघ इत्यादिमा अघि नसारियोस्) किनकि तिनबाट यौन भ्रष्टाचार, आर्थिक भ्रष्टाचार र राजनैतिक भ्रष्टाचार आदि बढ्नेछन्।

दीक्षितज्यूको लेख हरौं—शिश्नदेवाः (लिङ्गपूजक) भनेर यिनै किरातीलाई भनेको हो। यो कुरा पाश्चत्य र तदनुसारीको मात्र कल्पना हो। ऋग्वेदका रुद्र सूक्तले र यजुर्वेदका सोह्रौं रुद्राध्यायले शिव, रुद्र आदि नामले स्तुति गरेको छ। लिङ्गको पूजा वा स्तुति वेदमा कतै देखिदैन। ऋग्वेदमा शिश्नदेवा र शिश्नदेवान् समेत २ शब्द मात्र भेटिन्छन्। दुवैको भाष्यले अब्रह्मचर्या मात्र अर्थ गरेको छ। पुराणमा कतै-कतै निराकार शिवको निराकार लिङ्गमा र साकार शिवको पूजा एकमुख वा पाँचमुख भएका साकार मूर्तिमा गरिन्छ। उनै किरातेश्वरलाई किरातेश्वर समेत भनेर किरातीहरूले र हामीहरूले मानेछौं, पूजेछौं।

शम्बर किरातका नेता भन्ने कुरा दीक्षितज्यूले र जनकलाल शर्माज्यूले पनि लेख्नुभएको छ। तर त्यसमा वेदमा प्रणाम देखिदैन। यजुर्वेदमा र अथर्व-

वेदमा पनि किरात नाम छ। तर विरोधी भनेको छैन। सभ्यं किरातीं आर्यं हुन्। युद्धचाहिं सजातीय र विजातीयका साथमा पनि हुन्थे, अझै हुँदै छन्।

लिङ्ग शब्दका चिह्न आदि धेरै अर्थ छन्। स्त्रीलिङ्गको अर्थ हेर्नुपर्छ। युद्धचाहिं शम्बर, रक्षस्, वृत्र दस्युका साथमा भएको ऋग्वेदमा देखिन्छ। (ऋक् १।४।२६) मन्त्रले शम्बर वृत्र र दस्युलाई नष्ट गरेको भन्दछ, तर निरुक्त दैवत काण्ड ९।६।३ मा उक्त तीन नाम लिई बादल, काठ, अन्धकारलाई नष्ट गरेर सूर्यले पानी पारे भनेको छ, तापनि त्यो—बाहेक शम्बर, वृत्र कुनै दलका नेता पनि थिए होलान्। रक्षस्, दस्यु, लुटाहा, हत्यारा दल थिए होलान्। पाश्चात्यहरूको ती दल किरात, द्रविड र आदिवासी हुन् भन्नामा विशेष उद्देश्य हुन सक्छ। साम्राज्य शासन गर्नु थियो। तर नेपाली र भारतीय विद्वानूहरूको स्पष्ट प्रमाण नभेटी उनकै अनुसरण गर्नमा केही कारण देखिदैन। उनले निरुक्तको र सायणभाष्यको अर्थ किन छोडेछन् ? बुझिन्न—

अनासो दस्यूरमृधो वधेन (ऋक्० ५।२९।१०) मन्त्रमा पाश्चात्य र तदनुसारीले अनासः को नाक नभएको (नेष्टो) अर्थ गरेर विरोधी किरातहरूलाई भनेको हो भने। तर सायण भाष्यमा संस्कृत व्याकरण-अनुसार अनासः को अनास्य मुख नभएको मूर्ख, दस्यु, लुटाहा दल भनेको छ। तर संस्कृतका समेत विद्वान् मोदनाथ "प्रश्रित" ज्यूले "देवासुरसंग्राम" पुस्तक पृ० १६ मा "म त यैं राख्छु प्रस्ताव यो गोरो आर्य वंशले। मास्नैपर्दछ काला र नाटाको बीउ औ जरा"। लेखेकोमा पाश्चात्य र राहुलज्यू आदिको अनुसरण मात्र देखिन्छ। हाम्रा देवताहरूमा विष्णु काला, शिव गोरा, राम काला, लक्ष्मण गोरा, कृष्ण काला, बलराम गोरा थिए। आर्य-अनार्य काला-गोरा दुवै थरी छन्।

हिटलरले गोरा यहूदीहरूलाई नै अनार्य भनेर मास्ने अभियान चलाए। आर्य शब्दैबाट गोरा र काला भन्नु अनुचित हो। हिटलरका आर्यशब्दको अर्थ भयंकर थियो। हाम्रा आर्य शब्दको त्यसका साथ सम्बन्ध छैन। हाम्रा आर्य शब्दको माथि कोश, व्याकरण र साहित्य-अनुसार अर्थ कहियो।

"आधुनिक दृष्टिमा वाल्मीकि रामायणमा र यसैको भाग एकमा अन्यत्र पनि यो लेखेको छ।

वेदको विभिन्न व्याख्या-बारेमा

सामाजिक, धार्मिक र राजनैतिक आदि अनेक विषयमा सुधार गर्ने तीव्र इच्छा भै छटपट गरी आफ्ना समयमा सफल हुने ऐतिहासिक महापुरुषहरू भारतमा र नेपालमा बुद्ध, महावीर, शंकराचार्य आदि धेरै हुनुभयो। ईश्वरीय ज्ञानराशि मानिएको वेदलाई पुनर्जीवन र बढ़ावा दिने कुमारिल भट्ट, शंकराचार्य र स्वामी दयानन्द सरस्वती समेत तीन जना मुख्य देखिनुभएको छ। उहाँहरूले धार्मिक, सामाजिक सुधार र जागरणका साथै समन्वयात्मक दृष्टि दिन उस समय-अनुसार मन्त्रहरूको व्याख्या गर्नुभयो। वैष्णवमध्येको रामानुज संप्रदायले "पवित्रं ते विततम्" भन्ने मन्त्रको अर्थ शंख चक्रले डाम्नैपर्दछ, नडामे काँचो हुन्छ भन्ने अर्थ गरेको छ। समय-समयका विद्वान्हरूले जुन जुन विषयको जस्तो जस्तो सुधार गर्न आवश्यक देखे, त्यसै-अनुसार व्याख्या गरी उहाँहरू सफल पनि भए।

त्यस्तै धेरैजसो पाश्चात्य विद्वान्हरूले बृटिश शासनको लब्धप्रशमनस्थैर्य गर्नु नै उद्देश्य हुँदा सो अनुसार व्याख्या गरेर सफल पनि भए। हामीलाई जागा र सतर्क पनि गराए। उनलाई धन्यवाद छ। तर नेपाली र भारतीय विद्वान्-हरूले पनि अझै त्यसै लकीरलाई पिट्तै निरुक्त, सायण र दयानन्दस्वामी आदिका भाष्यहरूलाई चटक्क छोडी व्याख्या गर्ने उद्देश्य के थियो? बुझिएन। त्यसै हुँदा अति संक्षेपमा जगद्गुरु शंकराचार्यदेखिको विभिन्न व्याख्या उदाहरण निम्ति थोरै मात्र प्रकट गरेको हो।

मुख्य कुरा के भने संस्कृत पढेका विद्वान्हरूले पनि आफूलाई शुक्ल यजुर्वेदा-ध्यायी, ऋग्वेदाध्यायी मात्र नभनी सबै वेदार्थ बुझ्नेतर्फ ध्यान दिन लागेकाले पाश्चात्य शिक्षा पाएका आधुनिक विद्वान्हरूले उनकै व्याख्यालाई मात्र वैज्ञानिक संज्ञी ब्रह्मवाक्य मानेर लेखेजस्तो नगरी सबै व्याख्यातर्फ ध्यान दिई राष्ट्रिय एकता र सांस्कृतिक, आर्थिक, नैतिक आदि सुधार गर्ने उद्देश्य लिएर लेखुन् र बीचमा पलाएका विकृति र भ्रम हटाऊन् वा हट्तै जाऊन् भनेर यो प्रकरण लेखेको हो, पुराना व्याख्याताभन्दा जान्ने भएर होइन। वास्तवमा ता जनकल्याण

नै सत्य हो, यद्भूतहितमत्यन्तं तद्धि सत्यं प्रकीर्तितम्" न० मा० कर्णपर्व अनुसार नै लेख्नु नै उत्तम कुरा हो।

मानवसमाज

माथि वैदिक सिद्धान्त संक्षेपमा वेदका उपसंहार अन्तिम भागबाट र अरू ठाउँ-ठाउँका मन्त्रहरूबाट समेत बनाइयो। ईशावास्यमिदं सर्वम् (यजु० ४०।१) आदिले मनुष्यसमाजमा मात्र होइन सम्पूर्ण जीवमा नै ईश्वर व्याप्त हुँदा सबैको हित हुने व्यवहार गर्दै भोग गर्नू "मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे, मित्रस्य चक्षुषा समीक्षामहे। (यजु० ३६।१८) मन्त्रले मैले र हामी सबैले समेत सम्पूर्ण जीव प्राणीहरूलाई समेत मैत्री दृष्टिले हेरौं" इत्यादिबाट सर्व प्राणी-निम्ति स्पष्ट नै बताएको भए पनि मानव समाज नै सुन्ने बुझ्ने र बुझे-जानेको कुरा कार्यान्वयन गर्न सक्ने हुँदा मानवसमाजको उन्नतिका निम्ति सचेत र कर्मण्य गराउन चेष्टा गरेको स्पष्ट छ, त्यसो भए पनि बीचका अनेक घातप्रतिघात परेर जनताका अगाडि आउन सकेका थिएनन्। ब्राह्मण, क्षत्रिय र वैश्यलाई मात्र अधिकार बताएको थियो। अब इच्छा हुने सबै मनुष्य स्त्री-पुरुषहरूले सबैतर्फको जानकारी पाउन सक्ने अवस्था आएको हुँदा माथि वेदाधिकार भन्ने प्रकरण लेखेर वैदिक सिद्धान्त बताउने थोरै मन्त्रहरू अतिसंक्षेपमा अर्थसहित प्रकाशित गरियो।

हुनता सांख्यदर्शनले "सत्त्वरजस्तमसां साम्यावस्था प्रकृति" अर्थात् विषमता: (अनेकता) मा संसार छ, एकतामा (समानतामा) प्रलय छ, भन्दछ। हुन पनि स्त्री-पुरुष दुइथरी नभै एकथरी (समलिङ्गी मात्र) भएमा मनुष्य लगायत प्राणीहरू नै समाप्त हुने थिए, प्रत्यक्ष नै छ। यी दुई थरीमा पनि एकै थरी अनुहार भै दिएको भए पनि पारिवारिक जीवन, विवाह-प्रथा आदि व्यवहार आफ्नू र बिरानू नै छुट्याउन नसक्ता चालू हुन सक्ते थिएनन्। कत्रो आपत्ति पर्थ्यो होला।

पशु पक्षी पनि आफ्नू बिरानू नछुट्टिदा अर्काका गुँडमा पनि पस्थे हुनन्। स्वभाव र जीवन पनि अति फरक छ। गाई भैंसी आदि जन्तुहरू घास आदि मात्र खान्छन्। बाघ आदि जन्तु मासु मात्र खान्छन्, त्यो नभै बाँच्नै सक्तैनन्।

तर मनुष्यंचाहिं दुवैथरी खाद्य ठोक्ने छन्। कसैलाई पा केको मासु र मुर्तीको धुवाँको दुर्गन्धले वमन होला जस्तो हुन्छ, कसैलाई उही गन्ध सुगन्ध भै मगमग बास्ना चली जिब्रो रसाउँछ। वस्ने थलाले पनि भेद गराएको छ। मरवाड देशका मारवाडी, नेपालका नेपाली र तिनैमा पनि पूर्वीया पश्चिमे र किरात मगर गुरुङ थारू राजवंशी कोचेमेचे बाहुन क्षत्रिय आदि असंख्य भेद छन्। तर ई भेद स्वाभाविक हुन्, बुझ्दा हानि छैन। मानवसमाज एक हो भन्ने भावना हनुपर्छ। तर साम्प्रदायिक भेद आएर झन् समय-समयमा हिंसात्मक काम समेत बढ्यो। हाम्रो धर्म ठूलो हुँदा यसैमा मनुष्यसमाजलाई कल्याण छ। हाम्रै मन्त्रबाट मुक्तिमुक्ति मिल्दछ भन्दै अरू सम्प्रदायलाई हिंसाद्वारा मास्ने अभियान सोह्रौं सत्रौं शताब्दीसम्म ईसाई, इस्लाम संप्रदायले चालू राखेको इतिहासले भन्छ। अझै पनि ईसाई मिशनले धन र अनेक प्रलोभनद्वारा अरू सम्प्रदाय मास्ने वा घटाउने काम चालू राखेका छन्। सम्प्रदाय के हो? एक गुरुबाट चलाएका विधि-निषेधात्मक व्यवहार मान्दै जाँदा सो कुरा मान्ने मानिसहरू त्यस सम्प्रदायका मानिन्छन्। जस्तै—१९ सय वर्ष अघि जन्मेका ईशुले बताए-अनुसार मन्त्र लिने र व्यवहार गर्ने मानिस ईसाई भए। तिनमा पनि पोटेष्टेण्ट र कैथोलिक आदि अनेक भेद छन्। चौध सय वर्ष अघिका मोहम्मदले बताएको मन्त्र र व्यवहार मान्ने मानिसहरू मुसलमान भए। यिनमा पनि सिया सुन्नी दूज अहमदिया र बहाई आदि अनेक भेद छन्।

वैदिक सनातन आर्यधर्म वा हिन्दूधर्म कुनै एक गुरुले बताएको धर्म होइन। माथि लेखेअनुसार वेदैले बताएको हो। मुख्य प्रमाण वेदैलाई मानिन्छ। त्यसपछिका ऋषिमुनि महापुरुषका कुरा पनि मानिन्छन्। तर तैत्तिरीयोपनिषद् (११।२) मा छात्रलाई पढिसकेपछि बिदा गर्दा "यान्यस्माकं सुचरितानि तानि त्वया सेव्यानि नो इतराणि" हाम्रा जति राम्रा कुरा छन् त्यति लिनू अरू नलिनू इत्यादि कुरा मुख्यगुरु आचार्यले उपदेश गरेको र धर्मशास्त्रमध्येको प्रथम श्रेष्ठ मनुस्मृति (४।१७६) ले पनि धार्मिक मानेको व्यवहार हानिकारक ठहरेमा त्यागिदिनू, भनेकाले बहुसंख्यक मानवसमाजलाई हानि गर्ने व्यवहार त्याग्ने र उत्तम कुरा सबैका लिने गरिन्छ। तर ईश्वरको उपासनामन्त्र स्तोत्रहरूचाहिं आफ्नै शास्त्रोक्त लिइन्छ र त्यसबाट कसैलाई हानि पनि छैन। एक गुरु वा आचार्यबाट नचलेको र उत्तम कुरा विद्वत्परिषद्बाट स्वीकृत गरेका लिन सकिने हुँदा हाम्रो धर्मलाई सम्प्रदाय भन्न मिल्दैन र यसै गर्नू भन्ने हठ नहुनाले नै कुनै स्मृतिले भनेको भए पनि सतीप्रथा, बालविवाह र मनुष्यजातको अस्पृश्यता आदि अनेक व्यवहार हटायौं र हटाउँदै छौं। माथिका मन्त्रहरूबाट मानवतावादी मात्र होइन सर्वात्मवादी हुँदा नै महाभारत शान्तिपर्व (अ० ११० श्लोक १३-१६) चार श्लोकले, जीवजन्तु रूखवृक्ष आदिको संरक्षण सम्बर्धनको साथै

मनुष्यसमाजको खानु लाउनु आदिबाट धारण हुनु, चोर डाका हत्यारा हिंस्रकबाट अहिंसा (रक्षा) हुनु र उत्तरोत्तर उन्नति अभ्युदय हुँदै रहनु नै धर्म हो, भनेको छ ।

हुन ता वेदकै नामबाट हिंसात्मक यज्ञयागादि बढेका र जन्मबाटै सानू ठूलो जात मान्ने आदि कुरा बढेको हुँदा बुद्ध र महावीरबाट बौद्ध र जैन सम्प्रदाय बढे । गुरु नानक र गुरुगोविन्द सिंहबाट सिख सम्प्रदाय बढ्यो ।

वेदलाई नै ठूलो प्रमाण मान्ने, तर शंखचक्रले नडामेको वा विष्णुदीक्षा वा शिवदीक्षा नलिने मानिस अपवित्र हुन्छन् इत्यादि कुरा भन्ने वैष्णव शैव शाक्त आदि सम्प्रदायहरू एक-एक गुरु महात्मा रामानुज निम्बार्काचार्य आदिबाट चलेका हिन्दूधर्मभित्र पनि छन् । त्यसो भए पनि वैदिक सिद्धान्तलाई संकुचित घेराभित्र मात्र राख्ने प्रवृत्ति बढेका बखतमा वेदकै शिव विष्णु आदि नामबाट उपासना पक्षलाई सार्वजनिक गराउन बताएका हुन् । समुद्रमा नदी मिलेझैं "नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव" हुनेछन् ।

अनेकतामा एकता

प्राकृतिक अनेकता र बनावटी अनेकता बताइयो तापनि सम्पूर्ण जीवमा नै उस्तै इन्द्रियहरू हाड मासु रगत भोक तिर्खा जाडो गर्मी रागद्वेष सुख दुःख असंख्य कुरामा एकता छ । झन् मनुष्य समाजमा ता विचार शक्ति, समय, संगत पठन पाठन आदिबाट उस्तै प्रकारले बहुसंख्यकको विकास प्रत्यक्ष देखिएको र एकता समानतामा नै सहअस्तित्व रहन सक्ने हुँदा सबै प्रकारबाट एकतामा प्रयत्न अनु अति आवश्यक छ । उक्त वैदिक सिद्धान्त-अनुसार नै गीताले पनि आफूलाई जस्तै अरू सबैलाई पनि भोक तिर्खा जाडो गर्मी आदिबाट सुख र दुःख हुन्छ भनेर सो-अनुसारै जुन मानिस व्यवहार गर्छ, त्यही मानिस ठूलो योगी हो, भन्ने "कुरा आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन । सुखं वा यदि वा दुःखं स योगी परमो मतः ।" (गीता ६।३२) ले भनेको छ । मनुष्य जातबारेमा महाभारतमा के भन्छन् हेरौं—यादृशैः सन्निवेशोऽस्ति यादृशांश्चोपसेवते । यादृगिच्छेच्च भवितुं तादृग्भवति पूरुषः । (महाभारत उ० पर्व) अर्थात् जस्तोको साथ संगत बस-उठ पठन-पाठन आदि गर्दै जस्तो हुन इच्छा गर्दछ, मानिस त्यस्तै बन्दछ । जात-बारेमा वर्णाश्रम प्रकरणमा बताइयो ।

इति

2097

डाक्टर ★ पुस्तकालय

पुस्तकको उद्देश्य

* 'वैदिक सिद्धान्त मानवतावादीका साथै सर्वात्मवादी हो' भ
कुरा जिज्ञासु पाठकवर्गलाई बताउनु,
* उस वेलाको आर्थिक, सामाजिक कतिपय कुराको उल्लेख भए
मन्त्रहरूको अर्थ बटारेर देखाई फूट बढाउने, अश्रद्धा प्र
गर्ने, वेदलाई गोठाले गीत भन्ने, पाश्चात्य र उनैका भनाईल
वैज्ञानिक सत्य र ब्रह्मवाक्य मान्ने नेपाली र भारतीयहरूल
निरूत्तर गरी कसैको अन्धभक्त हुनबाट जोगा उन स
(वास्तविक) अर्थ प्रकट गर्नु,
* श्रद्धा गरी पाठ गर्दा अर्थ बुझेर पाठ गर्दै नैतिक व्यवहार
पाठकवर्गलाई प्रोत्साहन गर्नु,
* वेदानुकूल स्मृति छन्, उनले बताएको कुरा अक्षरशः सत्य
र मान्नैपर्छ भन्दै मध्यकालका विकृतिलाई पनि संस्कृति
धर्म मानी कैयौं मनुष्यजातलाई इनार, कूवा, धारा, मन्दि
पसल, धर्मशाला, विद्यालय, विद्या, होटल, भोजनालय, र
जनिक पूजा आदिमा प्रवेश वा व्यवहार गर्न रोक्ने अति
म्परावादीहरूलाई वास्तविक वेदार्थ बुझाई आंखा उघारि